शोधनिर्देशक

प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल

# हरिबहादुर श्रेष्ठको कथाकारिता

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह**
**दोस्रो वर्षको दसौं पत्रको**
**प्रयोजनका निम्ति**
**प्रस्तुत**

## शोधपत्र


**शोधार्थी**
**सानुमैयाँ कासिछ्वा**
**नेपाली केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यालय**
**कीर्तिपुर, काठमाडौं**


२०७३

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षकी विद्यार्थी सानुमैयाँ कासिछ्वाले **हरिबहादुर श्रेष्ठको कथाकारिता** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

--------------------------------

**प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल**

शोधनिर्देशक

मिति : २०७३/१२/२१

# स्वीकृतिपत्र

१. **प्रा.डा. देवीप्रसाद गौतम** ... ... ... ... ... ... ...
(विभागीय प्रमुख)

२. **प्रा. डा.खगेन्द्रप्रसाद लुइटेल** ... ... ... ... ... ... ...
(शोधनिर्देशक)

३. **सह प्रा. भरतकुमार भट्टराई** ... ... ... ... ... ... ...
(बाह्य परीक्षक)

मिति : २०७३/१२/३१

**शोधपत्र मूल्याङ्कन समिति**

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले मेरा आदरणीय गुरु प्रा.डा. श्री खगेन्द्रप्रसाद लुइटेलज्यूको निर्देशनमा तयार पारेकी हुँ । शोधको मर्मलाई नजिकबाट पहिचान गराई आफ्नो व्यस्त र अमूल्य समयको पनि पर्वाह नगरी उत्साहपूर्वक उपयुक्त मार्गनिर्देशन प्रदान गरेर अमूल्य सहयोग गर्नुहुने शोधनिर्देशक श्रद्धेय गुरुप्रति सर्वप्रथम हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

आफ्नो कार्यव्यस्तताका बीच पनि सामग्री उपलब्ध गराउनुका साथै अर्न्तवार्ता दिनुहुने शोधनायक नारायणमान बिजुक्छें 'का.रोहित' एवम् उहाँकी जीवन सँगिनी तथा आदरणीय गुरुआमा शोभाप्रधान प्रति पनि हार्दिक कृतज्ञताज्ञापन गर्दछु । विविध जटिलतालाई पन्छाउँदै उचित वातावरण मिलाइदिनुहुने आदरणीय पिता श्री रामभक्त कासिछ्वा तथा माता श्रीमती लक्ष्मीकुमारी कासिछ्वा लगायत परिवारका अन्य सदस्यप्रति म ऋणी छु ।

शोधपत्र लेखन एउटा गम्भीर कार्य हो । यसका लागि अवश्य नै विभिन्न क्षेत्रको सहयोग अपरिहार्य छ । यसै सन्दर्भमा शोधका लागि अत्यावश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालयलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै पुस्तक उपलब्ध गराइदिनुहुने वर्कर्स पब्लिकेसनप्रति आभार प्रकट गर्दछु ।

त्यसरी नै शोधकार्यकै क्रममा मलाई आवश्यक सहयोग गर्ने भाइ रमेश कासिछ्वा, भिनाजु सन्दीप खर्बुजा, दिदी रीता कासिछ्वा(खर्बुजा) प्रति पनि म कृतज्ञ छु । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा अमूल्य सर-सल्लाह र सहयोग पुर्‍याउनुहुने मेरा आदरणीय गुरुहरु, मित्रहरु तथा सङ्घ-संस्थाप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग समक्ष पेस गर्दछु ।

..............................
सानुमैयाँ कासिछ्वा
स्नातकोत्तर तह, दोस्रो वर्ष
नेपाली केन्द्रीय विभाग, कीर्तिपुर,

# विषयसूची

## पहिलो परिच्छेद


**शोधपरिचय** १-१०

१.१ विषय परिचय १

१.२ समस्या कथन १

१.३ शोधपत्रको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधपत्रको औचित्य, महत्त्व र उपयोगिता ८

१.६ शोधपत्रको सीमाङ्कन ८

१.७ सामग्री सङ्कलन र शोधविधि ९

१.९ शोधपत्रको रूपरेखा ९


## दोस्रो परिच्छेद


**हरिबहादुर श्रेष्ठको सङ्क्षिप्त परिचय** ११–३६

२.१ हरिबहादुर श्रेष्ठको जीवनी ११

२.१.१ जन्म र जन्मस्थान ११

२.१.२ बाल्यकाल र स्वभाव ११

२.१.३ शिक्षादीक्षा १२

२.१.३.१. विद्यालय शिक्षा १२
२.१.३.२. उच्च शिक्षा १३

२.१.४. दाम्पत्य जीवन र पारिवारिक अवस्था १४
२.१.४.१. वैवाहिक तथा पारिवारिक अवस्था १४
२.१.४.२. पारिवारिक जीवन १५
२.१.४.३ आर्थिक अवस्था र आजीविका १७

२.१.५ . बानी, व्यवहार र रुचि १८

२.१.६ भ्रमण १९

२.१.७. साहित्य क्षेत्रमा प्रवेश २०

२.१.७.१. लेखनका लागि प्रेरणा र प्रभाव २०

२.१.७.२ लेखनको प्रारम्भ र प्रकाशनको थालनी २१

२.१.७.३ प्रकाशित पुस्तकाकार कृतिको सूची २२

२.१.८. साहित्यिक दृष्टिकोण २३

२.२ हरिबहादुर श्रेष्ठको व्यक्तित्व २४-३४

२.२.१. पृष्ठभूमि २४

२.२.२ शारीरिक सामान्य व्यक्तित्व २४

२.२.३ व्यक्तित्वका विभिन्न पाटाहरु २५

२.२.३.१ साहित्यिक व्यक्तित्व २५

२.२.३.२ साहित्येत्तर व्यक्तित्व २९

२.३ जीवनी,व्यक्तित्व र साहित्यिक लेखनबीच सम्बन्ध ३४

२.४ निष्कर्ष ३५

**तेस्रो परिच्छेद**

**हरिबहादुर श्रेष्ठको कथायात्रा र कथागत प्रवृत्ति ३६–४७**

३.१ विषयपरिचय ३६

३.२ हरिबहादुर श्रेष्ठको कथायात्राको चरण विभाजन ३६

३.२.१ पूर्वार्ध चरण ( २०१७ देखि २०५८ सम्म) ३७

३.२.२ उतरार्ध चरण ( २०५९ देखि २०६७ सम्म) ३७

३.३ हरिबहादुर श्रेष्ठका कथागत प्रवृत्ति ३८

१. तात्कालीन शासकीय अत्याचार र दुर्व्यवहारको घोर विरोध ३८

२. जातीय र धार्मिक विभेदको चित्रण ३९

३. पञ्चायती अतिवादको जीवन्त चित्रण ४०
४. भावनात्मक प्रेमसम्बन्धको अपरिहार्यतामा जोड ४१
५. निर्वासित जीवनको पीडाको अभिव्यक्ति ४२
६. वामपन्थी अराजकतावादको आलोचना ४२
७ . असल नागरिकको कर्तव्य पालनामा जोड ४३
८. भारतीय विस्तारवादी नीतिको चित्रण तथा विरोध ४४
९. योग्यताका आधारमा अवसर प्रदान गर्नुपर्नेमा जोड ४५
१०. विषयगत विविधता ४५
११. सरल भाषाशैलीको प्रयोग ४६
१२. वर्गीय पहिचान र वैचारिक सम्प्रेषणमा जोग ४६
१३. उद्देश्यप्रति सुस्पष्ट र दृढ ४७
३.४ निष्कर्ष ४७

**चौथो परिच्छेद**

**हरिबहादुर श्रेष्ठका कथाहरुको विश्लेषण ४८-९७**
४.१ विषय प्रवेश ४८
**४.२.१ 'हरिबहादुर श्रेष्ठका कथाहरु' कथासङ्ग्रहको विश्लेषण ४८-७५**
४.२.१.१ परिचय ४८
४.२.१.२ कथातत्वका आधारमा अध्ययन ४९
४.२.१.३ निष्कर्ष ७४

**४.२.२ 'एकादेशको कथा' कथासङ्ग्रहको विश्लेषण ७८-९८**
४.२.२.१. परिचय ७५
४.२.२.२ कथातत्वका आधारमा अध्ययन ७६
४.२.३ निष्कर्ष ९५

## पाँचौं परिच्छेद

**सारांश तथा निष्कर्ष** **९८-१०१**

५.१ सारांश तथा निष्कर्ष ९८

५.२ निष्कर्ष ९९

**सन्दर्भग्रन्थ सूची** १०२

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१. विषयपरिचय

हरिबहादुर श्रेष्ठ राजनीतिक वृतमा नारायणमान बिजुक्छें 'का.रोहित' का नामले सुपरिचित व्यक्तित्व हुन् । करिब एकदर्जन साहित्यिक कृतिहरू र डेढ दर्जन वैचारिक कृतिहरू पुस्तकाकार रूपमा प्रकाशित गरी हरिबहादुर श्रेष्ठ उपनामले साहित्यिक फाँटमा उदाउन सफल छन् । उनको जन्म वि.स. १९९६ फागुन २६ गतेका दिन आमा सूर्यमाया बिजुक्छें र पिता गणेशमान बिजुक्छेंको जेठा छोराको रूपमा भएको थियो । उनले नेपाली साहित्यका विभिन्न क्षेत्रहरूमा कलम चलाएका छन् । उनले कथा, कविता, निबन्ध, जीवनी जस्ता विधामा आफ्नो सिर्जनशीलता पोखेका छन् । अन्य साहित्यिक विधामा भन्दा कथामा उनको योगदान महत्त्वपूर्ण रहेको छ । उनी मूलतः सामाजिक यथार्थवादी कथाकार हुन् । साहित्य समाजको ऐना हो भन्ने मान्यताअनुसार हरिबहादुर श्रेष्ठले जनताको राजनीति, तत्कालीन अवस्था, दमनको विरोध, छलछाम र बेइमानीको चिरफार, सेवामा समर्पण, विवश जनताका पीरव्यथा, अन्धविश्वासको विरोध आदि विषयवस्तुहरूलाई जीवन्त रूपमा प्रस्तुत गरेका छन् । उनले कथाहरूमा सरल, सुबोध्य र स्पष्ट भाषाको प्रयोग गरेका छन् । उनका हालसम्म **हरिबहादुर श्रेष्ठका कथाहरू** (२०५९) र **एकादेशको कथा** (२०६७) गरी २ वटा कथासङ्ग्रह, १ वटा कविता सङ्ग्रह, तीन वटा चिठी सङ्ग्रह र नियात्रा निबन्ध तथा प्रबन्धहरू प्रकाशित छन् । उनले आफ्ना कथाहरूमा सामाजिक विकृति , विसङ्गति, शोषण , देशप्रेम जस्ता विषय वस्तुहरूलाई जीवन्त रूपमा प्रस्तुत गरेका छन् । माटोको मायामा समर्पित कथा लेख्ने उनै कथाकार हरिबहादुर श्रेष्ठको कथाकारिताको अध्ययन र विश्लेषण गर्ने कार्य यस शोधपत्रमा गरिएको छ ।

## १.२ समस्याकथन

यस शोधपत्रको मूल समस्या हरिबहादुर श्रेष्ठको कथाकारिता रहेको छ । हरिबहादुर श्रेष्ठको जीवनी, कथागत प्रवृत्ति तथा उनको कथाकारिताको अध्ययन कहीँ

कसैले नगरेको हुँदा यसैसँग सम्बन्धित तल उल्लेखित समस्याहरूको समाधान यस शोधपत्रमा गरिएको छ :

१. हरिबहादुर श्रेष्ठको जीवनी र व्यक्तित्व केकस्तो रहेको छ ?

२. हरिबहादुर श्रेष्ठको कथा यात्रा र प्रवृत्ति केकस्ता रहेका छन् ?

३. हरिबहादुर श्रेष्ठका कथाको विश्लेषण केकसरी गर्न सकिन्छ ?

## १.३ शोधपत्रका उद्देश्य

यस शोधपत्रको समाधेय विषय हरिबहादुर श्रेष्ठको कथाकारिता भएकोले हरिबहादुर श्रेष्ठको जीवनी, कथागत प्रवृत्ति तथा उनको कथाकारिताको अध्ययन एवम् उल्लेखित उद्देश्यहरू प्राप्त गर्ने कार्य यस शोधपत्रमा गरिएको छ :

१. हरिबहादुर श्रेष्ठको जीवनी र व्यक्तित्वबारे संक्षिप्त परिचय प्रस्तुत गर्नु,

२. हरिबहादुर श्रेष्ठको कथायात्रा र प्रवृत्ति केलाउनु,

३. हरिबहादुर श्रेष्ठका कथाको विश्लेषण गर्नु,

## १.६ पूर्वकार्यको समीक्षा

सामाजिक यथार्थवादी कथाकार हरिबहादुर श्रेष्ठको कथाकारिताको विषयमा विभिन्न समालोचक तथा विद्वान्हरूले केही मात्रामा समीक्षा गरेको पाइन्छ । नेपाली राजनीतिमा नारायणमान बिजुक्छें 'का. रोहित' उपनामले परिचित साहित्यकार हरिबहादुर श्रेष्ठ र उनका कथाकारिता सम्बन्धमा भएका पूर्व अध्ययनहरू निम्नानुसार रहेका छन् -

नरेन्द्रराज प्रसाईंले व्यक्ति-व्यक्तित्व स्तम्भमा 'रोहितको साहित्यिक व्यक्तित्व' (**समष्टि द्वैमासिक,** २२/६,२०५९) शीर्षक दिई लेख लेखेका छन् । लैनसिंह वाङ्देल, माधव घिमिरे, कृष्णचन्द्रसिंह प्रधान, श्यामदास वैष्णव, ध्रुवचन्द्र गौतम, मोहन कोइराला, माधवलाल कर्माचार्य, ठाकुर पराजुली, घटराज भट्टराइ, मुरारीप्रसाद रेग्मी, गार्गी शर्मा, दैवज्ञराज न्यौपाने, इन्दिरा प्रसाईं आदिले नारायणमान बिजुक्छेंको साहित्यिक व्यक्तित्व र योगदानबारे गरेका टिप्पणीहरू प्रसाईंले यस लेखमा उल्लेख

गरेका छन् । नारायणमान बिजुक्छेंको साहित्यमा अलि मधुरो नाम देखिए पनि यस क्षेत्रमा उनले उल्लेख्य योगदान गरेका छन् । मातृभाषा नेवारी भए पनि नेपाली भाषामा उत्कृष्ट कृति रचना गरेका छन् । उनी लेख्दा शब्द र भाषामात्र लैख्दैनन् उनी सिङ्गो भूगोलको अर्थलाई पनि मनोवैज्ञानिक पाराले पाठकको मगजमा पूऱ्याउँदै नेपाली कला, संस्कृति र समाजशास्त्रको विषयलाई छुन सफल साहित्यकार हुन् भनि प्रसाईंले यस लेखमा उल्लेख गरेका छन् ।

हरिप्रसाद ढकालले 'हरिबहादुर श्रेष्ठका कथाहरू कथासङ्ग्रह एक : दृष्टिकोण अनेक' (**श्रमिक साप्ताहिक,** २०५९) शीर्षकको समालोचनात्मक लेखमा हरिबहादुर श्रेष्ठका कथाहरू आफैमा पूर्ण छ, पृथक छ र यथार्थताको धरातलमा नडग्मगी बसेको छ, साथै जो हार्दिक छ, समग्र छ र भूत वर्तमानमा भएका तथा भविष्यत्मा हुनसक्ने समाजको यथार्थ एवम् दार्शनिक चिन्तनमा आधारित छ । अनि कल्पनाशीलता, थोत्रो आडम्बर, अल्छाँइपन, जासुसी प्रवृत्तिभन्दा टाढा रहेको यथार्थको धरातलमा उभिएको भनी उल्लेख गरेका छन् । **हरिबहादुर श्रेष्ठका कथाहरू**मा सङ्ग्रहित दशवटा कथाहरूलाई समीक्षकले आयामका दृष्टिकोणबाट, दार्शनिक दृष्टिकोणबाट, विषयवस्तुको दृष्टिकोणबाट, भाषिक दृष्टिकोणबाट, पात्रविधानको दृष्टिकोणबाट समालोचनात्मक मूल्याङ्कन गरेका छन् । प्रभावपरक समालोचना र छोटो आयामको लेख भएकाले कथाको सैद्धान्तिक मूल्य र मान्यताअनुसार व्याख्या विश्लेषण भने यस लेखमा गरिएको छैन ।

दीपक गौतमले 'हरिबहादुर श्रेष्ठको कथामा यथार्थको अनावरण' (**रातो थुँगा मासिक पत्रिका,** १३/८ २०६०) शीर्षकको समालोचनात्मक लेख प्रकाशित गरेका छन् । यस लेखमा सरदर मान्छेको कथाव्यथा, रोदनक्रन्दन, जातीय समस्याको चित्रण, सामन्ती,पूँजीवादी ,देशद्रोही कुकृत्यको चित्रण, जनशौर्यसाहसको उद्‌बोध, सामन्तवर्गीय चरित्रको असर, प्रशासनिक कुकृत्य, कम्युनिस्ट आन्दोलनका विकृति, पञ्चायती अतिवादिता आदि नेपाली समाजका मुख्य रोगहरूलाई सामान्य पात्र चयनद्वारा सरल रूपमा प्रस्तुत गरेका छन् । कला, कलाका लागि मात्र नभई कला समाजका लागि

भन्ने मान्यतामा चलेको उनको सफल कलमका आधारमा हेर्ने हो भने कथामा यथार्थको अनावरण गर्ने प्रगतिवादी कथाकारका रूपमा उनलाई स्थापित गर्न करै लाग्छ भनि उल्लेख गरेका छन् । कथासङ्ग्रहमा सङ्गृहित कथाहरूको शैलीगत विशेषताबारे यस लेखमा समालोचना गरिएको छ । प्रत्येक कथालाई उपशीर्षक दिइ निष्कर्षसहित टुङ्ग्याइएको स्तुतिपरक यस लेखमा कथातत्त्वका आधारमा विश्लेषण गरिएको भने छैन ।

मोहन दुवालले खोजीनिधि स्तम्भमा 'नारायणमान बिजुक्छें = का. रोहित + हरिबहादुर श्रेष्ठ' (**समष्टि,** २४/२, २०६०) शीर्षकको लेखमा अप्रत्यक्ष, घुमाउरो पारामा आफ्नो विचार राख्न अति कुशल वक्ताका रूपमा चिरपरिचित व्यक्तित्वका रूपमा स्वीकार्न सकिने राजनीतिज्ञ नारायणमान बिजुक्छें अर्थात का.रोहित आफ्नै राजनितिक छविले ओझेलमा परेका साहित्यकार हरिबहादुर श्रेष्ठ पनि हुन् ,भनि प्रकाश पारेका छन् । साहित्य समाजको ऐना हो भन्न रूचाउने हरिबहादुर श्रेष्ठले आफ्ना कथाहरूमा समाजकै यथार्थ घट्ना परिवेशलाई चित्रण गर्न खोजेकाले हरिबहादुर श्रेष्ठका साहित्यिक उच्छ्वासहरू महत्त्वपूर्ण र प्रेरणादायी भएको कुरालाई दूरदर्शी राजनेताका रूपमा, भक्तपुरको समून्नत विकासको लागि स्वप्नदृष्टाको रूपमा 'सयवर्ष पछिको भक्तपुर' प्रबन्धनात्मक कृतिका आधारमा समीक्षा गरेका छन् ।

जगदीशचन्द्र भण्डारीले 'नारायणमान बिजुक्छें अर्थात हरिबहादुर श्रेष्ठका कथाहरूको पर्यवेक्षण' (**हाम्रो सिर्जना,** १/२,२०६२) शीर्षकको समीक्षात्मक लेखमा हरिबहादुर श्रेष्ठको कथाकारिता र कथागत प्रवृत्तिबारे उल्लेख गरेका छन् । बिजुक्छेंको कथायात्राको आरम्भ भएको समय पञ्चायती निरङ्कुश व्यवस्थाको चरम अत्याचारको समय हो । आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक शोषणको जाँतोमा पिल्सिएका नेपाली जनता र त्यसभित्र विद्रोह चेतले सल्बलाइरहेको यथार्थको गर्भबाट बिजुक्छेंको कथालेखन प्रारम्भ भएको देखिन्छ । कथामा कथाकार भोक्ता र द्रष्टा दुवै भएर उभिएका देखिन्छन् । आख्यानवाचक ढाँचामा वा वर्णनात्मक शैलीको प्रयोग गरी कथा लेख्ने बिजुक्छें नेपाली प्रगतिवादी वा समाजवादी यथार्थवादी कथा परम्परामा सशक्त र

उर्जाशील कथाकारको रूपमा उपस्थित भएको पाइन्छ भनी टिप्पणी गरेका छन् । यस लेखमा पात्रविधानको आधारमा विस्तृत अध्ययन भने गरिएको छैन ।

दिल साहनीले मा 'हरिबहादुर श्रेष्ठका कथाहरू-१' ( **मजदुर**, ७/२७०,२०६२) शीर्षकको समालोचनात्मक लेख प्रकाशित गरेका छन् । उनको लेखमा सुरूको कथामा राजनीतिले कथाकारितालाई मिचेको छ र पात्रविधान त्यसैअनुसार छ भने उनको पछिल्लो कथामा राजनीतिलाई कथाकारिताले सिंगारेको र पात्रविधान प्रयोगपनि सफल भएको टिप्पणाी गरेका छन् ।

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअर्न्तगत पाटन संयुक्त क्याम्पसका स्नातकोत्तर तहका विद्यार्थी डिल्लीराज जोशीले ' साहित्यकार नारायणमान बिजुक्छें 'रोहित' को जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन विषयक शोधकार्य (२०६२) मा गरेका छन् । सोही शोधपत्रमा आधारित 'का. रोहितको साहित्यिक व्यक्तित्व' कृति युवा साहित्य गोष्ठी, भक्तपुरले २०६५ आश्विनमा प्रकाशित गरेको छ । उक्त कृतिको दोस्रो परिच्छेदको नारायणमान बिजुक्छेंको व्यक्तित्व शीर्षकको 'कथाकार व्यक्तित्व' उपशीर्षकमा साहित्यलाई यथार्थवादीहरूले घोषित रूपमा राजनीतिको हतियार मान्दछन् साथै साहित्य समाजको ऐना हो र यसले समाजलाई बाटो देखाउँछ  भन्ने दृष्टिकोणबाट जनताको माझमा बसेर समाजलाई हेर्ने मात्र नभई असन्तोष, विकृति र लाचारीलाई हटाउन जनतालाई घच्घच्याउँदै साहसको संचार पनि गर्दछन् । यसै अनुरूप बिजुक्छें पनि मान्छेका कथाव्यथा, विवशता, प्रतिक्रियावादी तथा पूँजीवादी दलालको कुकृत्य, प्रशासनिक अतिवादिता, कम्युनिस्ट आन्दोलनका विकृति, दमन शोषण आदि यथार्थ विषयवस्तुहरूलाई समावेश गरी प्रगतिशील चिन्तन लिएर वर्गीय हितका निम्ति साहित्य लेख्ने समाजवादी यथार्थवादी कथाकार व्यक्तित्व हुन् भनि उल्लेख गरेका छन् । नारायणमान बिजुक्छें 'रोहित' को जीवनी, बहुआयामिक व्यक्तित्व र  कथा, कविता, प्रबन्ध ,नियात्रा, समालोचना आदि विधाका कृतित्त्वका बारेमा समेत वृहत आयाममा समेटिएको यस कृतिमा कथाकार हरिबहादुर श्रेष्ठको कथाकारिता र उनको कथासङ्ग्रहहरूका बारेमा सुक्ष्म अध्ययन भने हुन सकेको छैन ।

रवीन्द्र न्हेम्हाफुकीले मा 'कथाकार हरिबहादुर श्रेष्ठका कथा कलात्मक पक्षभन्दा लेखकीय उद्देश्यप्रति सचेत' ( **मजदुर दैनिक,** १३/५७, २०६७) शीर्षकको समीक्षात्मक लेखमा हरिबहादुर श्रेष्ठको कथाकारिता र कथागत प्रवृत्तिबारे उल्लेख गरेका छन् । कलात्मक पक्षभन्दा वैचारिक पक्षलाई बढी महत्त्व दिने समाजवादी यथार्थवादी कथाकार श्रेष्ठ शोषित, पीडित र श्रमजीवी जनताले भोग्नु परेका अन्याय, अत्याचार र थिचोमिचोलाई मार्क्सवादी दर्शनका आधारमा गद्याख्यानमा उन्न सफल कथाकार लघुदेखि लामा, सामान्यदेखि गहन विषयमा रचित सबैखाले कथामा विशिष्टता कायमा गर्दै सरल, सहज,सुबोध्य भाषाशैलीको प्रयोग गर्न सिद्धहस्त साहित्यकार हुन् । साहित्यकार हरिबहादुर श्रेष्ठ रोग, भोक, समस्या, दुख, पीडा, गरिबी, भाग्य वा नियति नभई वर्गीयद्वन्दका उपज हुन् भन्ने शाश्वत पक्षलाई आफ्ना कथाका माध्यमबाट उजागर गर्न सफल भएका छन् भन्दै कथाकार श्रेष्ठ केही अपूर्णता र दोषसहित नेपाली साहित्यकाशमा उदाएका उर्जाशील एवम् आशलाग्दा समाजवादी यथार्थवादी कथाकार हुन् भनी टिप्पणी गरेका छन् । छोटो आयामको लेख भएकोले कृतिभित्रका सम्पूर्ण कथाहरूको मिहिन विश्लेषण भने गरिएको छैन ।

हरिहर तिमिल्सिना मा 'एकादेशको कथामा दृष्टि दिँदा' (**मजदुर दैनिक** १३/५५,२०६७) शीर्षक लेखमा कथाकार हरिबहादुर श्रेष्ठलाई बधाई दिँदै हाम्रो देशका लेखकहरू फेन्सी राइटर बन्न खोज्दैछन् हरिबहादुर श्रेष्ठलाई आफ्नोपनमा गर्व छ भनी उनको कथाकारिता र कथालाई विषयवस्तुको दृष्टिकोणबाट, वैचारिक दृष्टिकोणबाट, परिवेशको दृष्टिकोणबाट प्रकाश पार्न खोजेका छन् । छोटो आयामको लेख भएकोले कथाको सैद्धान्तिक मूल्य र मान्यताअनुसार व्याख्या विश्लेषण भने यस लेखमा गरिएको छैन ।

नरेन्द्र प्रसाईंले **रोहितको आकृति** (२०६९) पुस्तक प्रकाशित गरेका छन् । यस पुस्तकका लेखकले रोहितको जीवनी, समाजवादी चिन्तन, रोहितको लेखन र पत्रकारिता प्रवेश, रोहितको नाचगान र गीत सङ्गीतप्रतिको अभिरूचि एवम् रोहितको साहित्यिक व्यक्तित्व तथा कृतिहरू सम्बन्धि विषयवस्तुहरूलाई समेटेका छन् । उनको यस पुस्तकमा रोहित सरल भाषामा गहन विचारले सजिएको साहित्य लेख्छन् भनि

उल्लेख गरेका छन् । आफ्नो लेखकीय चतुर्‍याँइले राजनीतिक विषयलाई पनि साहित्यिक चास्नीमा चोपलेर पाठकसामु प्रस्तुत गर्दछन् जसले गर्दा रूखो मानिने राजनैतिक सिद्धान्तका पाठहरूमा साहित्यिक मीठास भरिन्छ र रोहितका पाठकहरूले साहित्यका माध्यमबाट राजनीतिक पाठ पढ्ने अवसर पाउँछन् । उनको लेखकीय व्यक्तित्व जतिसुकै सैद्धान्तिक आडमा नाचे पनि संस्कृति, इतिहास र समाजशास्त्रका विषयमा उनको कलमले बलियो पकड जमाएको पाइन्छ । उनले रोहितको विषयमा इन्दिरा प्रसाईले गरेका टिप्पणी पनि उल्लेख गरेका छन् ,जसमा 'रोहितको साहित्यले जसरी समाज र राष्ट्रलाई नैतिक रूपमा डोहोर्‍याउने नर्सिङ्गा फुकेको छ, त्यसै गरी उनको राजनीतिक व्यक्तित्वमा आधारित कलमले समाज र राष्ट्रको विकृतिप्रति रोष व्यक्त गर्दै दमाहा ठोकेको छ ।' लेखकले हरिबहादुर श्रेष्ठका कथा, कविता, निबन्ध, प्रबन्ध, आलेखहरू स्पष्ट विचारधाराले खारिएका छन् र उनी नेपाली साहित्यमा प्रतिभासम्पन्न साधकको रूपमा अटल रहेका छन् भनी उल्लेख गरेका छन् ।

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत त्रिचन्द्र बहुमुखी क्याम्पस स्नातकोत्तर तहका शोधार्थी हरि वास्तोलाले 'हरिबहादुर श्रेष्ठका कथाहरूमा पात्रविधान' विषयक शोधकार्य (२०६५) मा गरेका छन् । सोही शोधपत्र पुस्तकाकार रूपमा २०७३ मंसिरमा नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घ केन्द्रीय समितिले प्रकाशित गरेको छ । उक्त पुस्तकमा लेखकले **हरिबहादुर श्रेष्ठका कथाहरू** कथा सङ्ग्रहमा सङ्गृहित १० वटा कथाहरूको पात्रविधानको आधारमा सुक्ष्म अध्ययन प्रस्तुत गरेका छन् । परिच्छेद २ मा हरिबहादुर श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्त्व सम्बन्धी छोटो चर्चा गरेका छन् । उक्त परिच्छेद अर्न्तगत कथाकार व्यक्तित्वमा उनले कथाकार हरिबहादुर श्रेष्ठले कथालाई समाजकै विविध आयामबाट मूर्तिभैंm आकर्षक, सहज र स्पष्ट भाषामा प्रस्तुत गर्ने कुरा उल्लेख गरेका छन् । कथाकार हरिबहादुर श्रेष्ठले समाजमा घटित वा घट्न सक्ने विभिन्न किसिमका यथार्थमूलक घट्नालाई टपक्क टिपेर कथा लेख्ने गर्दछन् र उनले कथाका लागि मात्र कथा नलेखि दमनको विरोध, छलछाम र बेइमानको विरोध, अन्धविश्वासको चिरफार, शोषण, प्रशासनिक अतिवादिता, कम्युनिस्ट आन्दोलनको विकृतिजस्ता यथार्थ

विषयवस्तुलाई लिँदै प्रगतिशील चिन्तनका साथ अगाडि बढेको कुरा उल्लेख गरेका छन् ।

उपयुक्त कृति तथा लेखहरूमा साहित्यकार हरिबहादुर श्रेष्ठ र उनको कथाकारितालाई चिनाउने प्रयत्न गरिएको छ । केही समीक्षकहरूले उनको कथागत प्रवृत्तिलाई केलाउने प्रयास गरेपनि हरिबहादुर श्रेष्ठका कथाहरूको कमैमात्र अध्ययन भएको छ । प्रगतिवादी नेपाली कथा साहित्यमा इँटा थप्ने काम गरेका कथाकार हरिबहादुर श्रेष्ठ र उनका कथा सङ्ग्रहका बारेमा विशेष अध्ययनको अभाव नै छ । अतः प्रस्तुत शोधमा हरिबहादुर श्रेष्ठ र उनको कथागत प्रवृत्ति, मूल्य मान्यता र योगदानबारे प्रकाश पार्न **हरिबहादुर श्रेष्ठको कथाकारिता** विषयक अध्ययन गरिएको हो ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

बहुआयामिक प्रतिभासम्पन्न व्यक्ति हरिबहादुर श्रेष्ठ नेपाली साहित्यका विविध विधामा कलम चलाउने साथै गहन विचारलाई सरल, सुबोध्य र स्पष्ट शैलीका माध्यमबाट व्यक्त गर्नसक्ने स्रष्टा हुन् । उनको कथाकारिताको विषयमा केही विद्वान्हरूले टीकाटिप्पणी गरेको भएपनि ती अध्ययनले उनको कथाकारिताको मूल्य र मान्यतालाई प्रकाश पार्न नसकिरहेको अवस्थामा समष्टिगत रूपमा हुन लागेको अध्ययनले प्रस्तुत शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता स्वतः स्पष्ट हुन्छ । समवर्ती र उत्तरवर्ती कथाकार प्रतिभाका लागि उनको कथाकारिताको अध्ययन प्रेरणादायी बन्नुका साथै उनका कथाका बारेमा जान्न चाहने व्यक्तिको लागि समेत यो कार्य निकै उपयोगी हुनेछ । यसका अतिरिक्त खोज अनुसन्धानमूलक अध्ययन परम्परालाई निरन्तरता दिनुमा पनि यस शोधकार्यको औचित्य सिद्ध हुने देखिन्छ ।

## १.६ शोधपत्रको सीमाङ्कन

प्रस्तुत शोध अध्ययनको मूल विषय हरिबहादुर श्रेष्ठका कथाहरूमा कथाको विधागत तत्त्व, प्रवृत्तिको आधारमा विश्लेषण गर्नु हो । उनका २ वटा कथा सङ्ग्रहमा सङ्गृहित २३ वटा कथाका आधारमा मात्र यस कथाकारिताको विविध पक्षहरूको

अध्ययन विश्लेषण गरी प्रवृत्तिगत वैशिष्ट्यहरूको निरूपण गर्नु हो । उनका अप्रकाशित कथाहरू, कथाइतरका अन्य साहित्यिक विधाहरू र गैरसाहित्यिक कृति एवम् पत्रपत्रिकाहरूमा विविध छद्म नामले प्रकाशित लेख रचनाहरू शोधकार्यको सीमाबाहिर रहेको छ ।

### १.७ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधकार्यलाई व्यवस्थित र प्रभावकारी बनाई पूर्णता दिन निम्नानुसार शोध सङ्कलन विधि र विश्लेषण विधिको अबलम्बन गरिएको छ ।

### १.७.१. सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यलाई पूर्णता दिन **हरिबहादुर श्रेष्ठका कथाहरू** र **एकादेशको कथा** कथासङ्ग्रहलाई नै मूल आधार बनाइएको छ । कथाकार हरिबहादुर श्रेष्ठको साहित्यिक व्यक्तित्व, कथाकारिता र योगदानवारे पुस्तकालयबाट पुस्तक, पत्रपत्रिका सङ्कलन गरिएको छ । जीवनी तथा व्यक्तित्वका लागि एवम् सङ्गृहित कथाहरूका पृष्ठभूमिका सम्बन्धमा शोधनायक नारायणमान बिजुक्छेंलाई मूल स्रोतका रूपमा लिइ अर्न्तवाता विधिबाट सामग्री सङ्कलन गरिएको छ ।

### १.७.२ सैद्धान्तिक ढाँचा र शोधविधि

यस शोधकार्यमा कथाकार हरिबहादुर श्रेष्ठका कथाहरूलाई कथातत्त्वका आधारमा अध्ययन गरी वर्णनात्मक र विश्लेषणात्मक पद्धतीका माध्यमबाट उनको सामान्य जीवन, कथायात्रा र समग्र कथाकारिताको निरूपण गरिएको छ ।

### १.८ शोधपत्रको रूपरेखा

'हरिबहादुर श्रेष्ठको कथाकारिता' शीर्षकको प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सुसङ्गठित पार्नको लागि निम्नानुसार ढाँचा र रूपरेखामा शोधपत्र तयार गरिएको छ ।

१. पहिलो परिच्छेद : शोधपरिचय

२. दोस्रो परिच्छेद : हरिबहादुर श्रेष्ठको संक्षिप्त परिचय

३. तेस्रो परिच्छेद : हरिबहादुर श्रेष्ठको कथायात्रा र कथागत प्रवृत्ति
४. चौथो परिच्छेद : हरिबहादुर श्रेष्ठका कथाहरूको विश्लेषण
५. पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष
सन्दर्भग्रन्थ सूची

## दोस्रो परिच्छेद

# हरिबहादुर श्रेष्ठको सङ्क्षिप्त परिचय

### २.१ हरिबहादुर श्रेष्ठको  जीवनी

### २.१.१ जन्म र जन्मस्थान

हरिबहादुर श्रेष्ठको जन्म भक्तपुर न.पा.को वडा नं.८ सुकुलढोकामा पिता गणेशमान बिजुक्छें र माता सूर्यमाया बिजुक्छेंका जेठो सन्तानका रूपमा वि.सं.१९९६ फागुन २६ गतेका दिन भएको थियो । उनका ५ दाजुभाइ र ६ दिदीबहिनीहरू छन् । उनीपछि क्रमशः माइला प्रयागमान (२००२), साइला धीरेन्द्रमान (२०१७),काइँला राजामान (२०१८) र कान्छा योगेन्द्रमान (२०२०) जन्मे । उनका दिदीबहिनीहरूमा पिङ्गला फाँजु, बैनी खागी, तारा राजभण्डारी, सूर्यवदन राजभण्डारी, चन्द्रवदन उलक, निर्मला पोते रहेका छन् ।[१] नेपालको राजनैतिक क्षेत्रका विशेषगरी कम्युनिस्ट आन्दोलनका एकजना हस्ती नारायणमान बिजुक्छेंको साहित्यिक उपनाम नै हरिबहादुर श्रेष्ठ हो । राजनैतिक क्षेत्रमा का.रोहित उनको प्रसिद्धि पाइसकेको नाम हो ।

### २.१.२ बाल्यकाल र स्वभाव

मध्यम वर्गीय नेवार परिवारमा जन्मिएका र पिता गणेशमान बिजुक्छें भन्सारमा जागिरे भएकाले उनले बाल्यकालमा आर्थिक कठिनाइ झेल्नुपरेन । जन्मथलो भक्तपुर र अध्ययनका लागि बसाइका क्रममा काठमाडौँमा बाल्यकाल बिताएका बिजुक्छेंले जागिरे पिताको सरूवासँगै केही वर्ष रौतहटको गौरमा पनि बिताए । चुलबुले र निडर स्वभावका उनी बाल्यकालमा साथीभाइ भेला पारी फुटबल, पौडी र नाटक खेल्न मन पराउँथे ।[२]काका सूर्यमान बिजुक्छेंले लेखेका कविताको श्रवण, गौर बस्दा शारदा पुस्तकालयको सन्निकटताले देवकोटा, सम, सिद्धिचरणका साहित्यको प्रभाव यिनको

---

१. हरिबहादुर श्रेष्ठबाट प्राप्त जानकारी ।

२. डिल्लीराज जोशी, **का. रोहितको साहित्यिक व्यक्तित्व** ( भक्तपुरः युवा साहित्य गोष्ठी २०६५),पृ. १ ।

बालमस्तिष्कमा परेको हो । यसैको परिणामस्वरूप उनको साहित्यप्रतिको अनुराग र लगाव बढेको हो ।[३]

यसरी केही वर्ष जन्मथलो भक्तपुर, त्यसपछिका केही वर्ष काठमाडौं र २०१० देखि २०१२ सालसम्मको २ वर्ष नारायणी अञ्चलअर्न्तगत पर्ने रौतहट जिल्लाको गौरसम्मको बसाई पूरा गरी १६ वर्षको उमेरमा पुनः भक्तपुर आइपुगेका हरिबहादुर श्रेष्ठको बाल्यकाल यात्रा फरक फरक भूगोल, समाज र त्यहाँको मानिस ,तिनीहरूको शिक्षा, संस्कृति तथा समाजको अवलोकन गर्ने अवसरका साथ बित्यो ।

### २.१.३ शिक्षादीक्षा

हरिबहादुर श्रेष्ठको शिक्षारम्भ औपचारिक रूपमा नभई घरमै अनौपचारिक रूपमा भएको हो । काका सूर्यमान विजुक्छेँ र सुब्बा बाजेका नामले चिनिने पण्डितबाट उनले घरमै 'कखरा' सिकेका हुन् ।[४]

#### २.१.३.१ विद्यालय शिक्षा

घरमै 'कखरा' सिकेका नारायणमान विजुक्छेँको औपचारिक शिक्षा गान्धी शिक्षाबाट प्रभावित भएर खोलिएको आधार स्कुल (हालको महेन्द्ररत्न क्याम्पस, ताहाचल) मा वि.सं. २००४ सालमा वर्ग 'क' मा भर्ना भएपछि प्रारम्भ भएको हो । त्यहाँ एक वर्ष अध्ययन गरेपछि लगनटोल काठमाडौँमा आफ्नै फुपूको घरमा बसेर उनले जुद्धोदय पब्लिक स्कुलमा छ कक्षासम्म अध्ययन गरे । जागिरे पिता गणेशमान बिजुक्छेँ रौतहटको गौरमा सरूवा भएपछि उनी गौरको जुद्ध हाइस्कुलमा सात कक्षामा भर्ना भए ।[५] त्यहाँ भारतीय शिक्षक चिन्ताहरण सिंहको सामीप्यमा रहेर नेपाली, हिन्दी र अङ्ग्रेजी भाषा पढ्ने र सिक्ने अवसर पाएकाले पढाइमा क्रमिक सुधार आयो । उनी इतिहासका शिक्षक थिए । उनले युरोप, भारत, नेपाल आदिको इतिहासबारे बताएकोले हरिबहादुर श्रेष्ठले विभिन्न देश र त्यहाँको समाजबारे सानैमा जानकारी राख्ने अवसर

---

३. ऐजन ।

४. ऐजन ।

५. ऐजन ।

पाए । त्यहाँ इन्डियन सर्च लाइट पत्रिका, शारदा पुस्तकालयबाट सचित्र बालकथाहरू, गुरूप्रसाद मैनालीको नासो, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम आदिका कृति पढ्ने अवसर पाएकाले उनको शैक्षिक अवस्था, चेतनाको स्तर र साहित्यिक चिन्तनमा समेत वृद्धि भएको हो । तत्पश्चात् उनी गौरबाट पुनः काठमाडौँ फर्किए । शारदा रात्रि स्कुल, भक्तपुरमा कक्षा ८ मा भर्ना भई उनले त्यहीँ विद्यालयबाट २०१३ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरे ।[६] यसरी अनेकौं किसिमबाट विद्यालयहरू बदल्दै र ठाउँहरू चहार्दै उनले आफ्नो विद्यालयीय स्तरको शिक्षा प्राप्तिको कर्म पूरा गरे । यसबाट उनको काठमाडौंमा मात्र गुम्सेको आफ्नो जीवनबाट अलि पर पुगी नेपालको तराइ भेगको भूगोल र समाजको समेत अवलोकन गर्न पाए जसबाट उनलाई अनुभवहरू प्राप्त हुन पुग्यो तर विद्यालय सराइको अस्थिरताले गर्दा अध्ययन र सिकाइमा भने उनले झन्झटहरू व्यहोर्नु पर्‍यो ।[७]

### २.१.३.२ उच्च शिक्षा

प्रवेशिका परीक्षापछि पार्टी सङ्गठनमा विशेष प्रभाव बढ्दै गएपछि नारायणमान बिजुक्छेँमा पढाइप्रति अझ लगाव बढ्न थाल्यो । उच्च शिक्षाका लागि उनी दरबार कलेज, काठमाडौँमा आई. ए. पढ्न भर्ना भए । आई.ए. अध्ययनरतः समयावधिमै उनलाई क्षयरोग (टि.बि.) ले समात्यो । उनी उपचारका लागि बीचमै पढाइ छाडेर अफ्रो एसियाली युथ एन्ड स्टुडेन्टस् एसोसियसनको सहयोगमा चीन गए । चीनमा उपचारका क्रममा कम्युनिस्ट शासन व्यवस्थालाई अझ राम्ररी बुझ्ने उनले मौका पाए । २०१६ सालमा उपचार भई चीनबाट नेपाल फर्केपछि भक्तपुर कलेजमा भर्ना भई २०१८ सालमा आई.ए. उत्तीर्ण गरे ।[८] त्यही साल अर्थशास्त्र र राजनीतिशास्त्र विषय लिएर बी.ए. अध्ययन गर्न थाले ।

---

६. डिल्लीराज जोशी, पूर्ववत् पृ. ३ ।

७. ऐजन ।

८. ऐजन ।

प्रवेशिका उत्तीर्ण भएपछि विद्यार्थी फेडरेसन, नेपाल कम्युनिस्ट पार्टी, विद्यार्थी युनियनमा प्रवेश गरेका बिजुक्छैं स्नातक तहमा अध्ययनरतः अवस्थासम्ममा राजनीतिमा निकै सक्रिय हुन थालिसकेका थिए । योङ्ग कम्युनिस्ट आन्दोलन संस्थामार्फत् क्रियाशीलता बढाइरहेका बिजुक्छैं २०१९ सालको नगर चुनावमा प्रत्यक्ष रूपमा राजनीतिक मैदानमा उत्रिए र अत्यधिक मतले भक्तपुर नगरपञ्चायत वडा नं. ८ को वडाध्यक्षमा निर्वाचित भए ।[९] राजनीतिक जीवनको सक्रियताले उनले औपचारिक अध्ययनमा पर्याप्त समय दिन सकेनन् । परिणामस्वरूप उच्च शिक्षाको उनको अभिलाषा पूरा हुन सकेन । राजनीतिक सक्रियताले २०२०/०२१ सालतिर देखि उनको औपचारिक अध्ययनले निरन्तरता र पूर्णता नपाउँदै विश्राम लियो ।

उनका पिताले धेरै पढाएर जागिर खुवाउने सोच राखेका हरिबहादुर श्रेष्ठ अर्थात नारायणमान बिजुक्छें नेपालको राजनीतिक वृत तथा नेपाली साहित्य दुवै खालका महत्त्वपूर्ण क्षेत्रमा सुपरिचित व्यक्तित्व हुन पुगे । मानिसको जीवन अरूको इच्छाअनुसार नभई आफ्नै दृढ इच्छाशक्ति अनुरूप बन्छ । उनी पनि बाबुको इच्छाविपरीत राजनीतिक जीवनमा सक्रिय रहे । क्रान्तिकारी विचारधाराबाट प्रभावित भई राजनीतिको गोरेटोमा सक्रिय बिजुक्छैंको औपचारिक शिक्षा बी.ए. अध्ययनसम्ममा मात्र सीमित भए पनि नियमित स्वाध्ययनले राजनीतिक, साहित्यिक तथा गैरसाहित्यिक क्षेत्रमा उनले ज्ञानको फराकिलो क्षितिज बनाएका छन् ।

### २.१.४ दाम्पत्य जीवन र पारिवारिक अवस्था

#### २.१.४.१ वैवाहिक तथा दाम्पत्य जीवन

देश र जनताको निस्वार्थ सेवा गर्ने महान् उद्देश्यले राजनीतिक जीवनपथमा अघि बढ्ने योद्धाले आफ्नो व्यक्तिगत र पारिवारिक स्वार्थलाई कहिल्यै प्राथमिकता दिँदैनन् । नारायणमान बिजुक्छें पनि वर्गीय असमानताको अन्त्य र समानतामूलक सामाजिक व्यवस्थाका निम्ति क्रान्तिकारी विचारधारा लिएर सक्रिय राजनीतिमा

---

९. ऐजन ।

लागेका व्यक्ति भएकाले उनी आफ्नो कारणबाट अरूलाई दुःख नहोस् भनेर विवाहको पक्षमा थिएनन् । बुबाले विवाहका लागि सम्पन्न घरानाका अनेकौं छोरीहरूको कुरा ल्याउँदा पनि उनी अस्वीकार गर्ने गर्थे ।[१०] उनीमाथि विवाहका लागि पारिवारिक दबाब बढ्दै गयो । अन्ततः विवाहका लागि उनी पनि तयार भए । तर दुर्भाग्य वा संयोगवश, बिहेको कुरा छिन्ने दिन भ्रष्टाचारविरोधी आन्दोलनमा सक्रिय भएकाले दमनकारी पञ्चायती सरकारले उनलाई पक्रन खोज्यो र त्यहीँ दिनदेखि पाँच वर्ष भूमिगत र १० वर्ष निर्वासित जीवन बिताउनुपऱ्यो । निर्वासित जीवनबाट फर्केपछि पनि पारिवारिक रूपमा उनीमाथि विवाहका लागि तीव्र दवाव पर्न थाल्यो । अन्ततः पारिवारिक दबाब, राजनीतिक कार्यकर्ताको आग्रह र सामाजिक कारणले दाम्पत्य जीवनमा बाँधिन आवश्यक ठानी २०४० सालमा करिब ४५ वर्षको उमेरमा रामेछाप ठोसेबजार निवासी श्यामलाल प्रधान र नारायणदेवी प्रधानकी छोरी शोभा प्रधानसँग वैवाहिक सूत्रमा बाँधिए । श्रीमती शोधा प्रधान विगत लामो समयदेखि भक्तपुर च्याम्हसिंहस्थित वागीश्वरी कलेजमा स्थायी नि.मा.वि. शिक्षक भई कार्यरत रहेकी छन् ।[११] पद, पैसा, अवसर र वैयक्तिक सुखलाई महत्त्व नदिने नारायणमान बिजुक्छेँले घर परिवारलाई पर्याप्त समय दिन सकेनन् तथापि जीवन सहयात्री शोभा बिजुक्छेँले पतिको राजनीतिक व्यस्तता, उद्देश्य र सेवाभावलाई राम्ररी बुझेका छन् । वैचारिक र भावनात्मक एकता, श्रीमती शोभा प्रधानको आर्थिक, वैचारिक र घरायसी क्रियाकलापमा पूर्ण सहयोगले बिजुक्छेँको दाम्पत्य जीवन सुखद देखिन्छ ।

### २.१.४.२ पारिवारिक जीवन

नारायणमान बिजुक्छेँका पिता गणेशमान बिजुक्छेँ सरकारी जागिरे र व्यापारी थिए । उनका पिता राणाकालमा भन्सार, राजस्व उठाउने सरकारी ठेक्का लिन्थे र कपडाको टोपीको व्यापार पनि गर्दथे । पाँच छोरा र छ छोरीहरूको ठूलो परिवार सम्हाल्नुपर्ने र सौखिन चरित्रले गर्दा उनका पिताले यथेष्ट पैतृक सम्पत्ति आर्जन गर्न

---

१०. ऐजन ।

११. श्रीमती शोभा प्रधानबाट प्राप्त जानकारी ।

भने सकेनन् । यसर्थ आफ्नो पुर्ख्यौली घर पनि सानो र पुरानो भएकाले नारायणमान बिजुक्छेँले वि.सं. २०३६ सालदेखि २०६१/०६२ सम्म सुकुलढोकामा रहेको प्रेमगोपाल कर्माचार्यको घरमा डेरा लिई जीवन बिताएका थिए ।[१२] प्रारम्भमा केही समय शिक्षकका रूपमा काम गरे पनि भूमिगत, निर्वासित र जेलजीवन बिताउनु परेकाले उनले कुनै व्यापार व्यवसाय पनि गरेनन् । त्यसैले उनको आर्थिक अवस्था सबल देखिँदैन । २०४० सालमा विवाहपछि भने श्रीमती शोभा प्रधानको कमाइले घरव्यवहार चलाउन केही सजिलो भएको देखिन्छ ।

२०४१ सालमा बिजुक्छेँ दम्पतीबाट प्रथम पुत्र सुवेगमानको जन्म भयो । त्यसको करिब ४ वर्षपछि २०४५ सालमा दोस्रो पुत्र सुवानको जन्म भयो । सुवेगमान हाल जापानको हकाइटो युनिभर्सिटीमा अर्थक्वेक इन्जिनियरिङमा पि.एच.डी. गर्दैछन् भने सुवान ख्वप कलेज भक्तपुरमा अर्थशास्त्र विषयमा स्नातकोत्तर अध्ययनरत छन् ।[१३] २५ वर्षभन्दा बढी डेरामा जीवन बिताएका बिजुक्छेँले भक्तपुर दुवाकोटको काठमाडौँ मेडिकल कलेजनिर पैतृक सम्पत्तिका रूपमा प्राप्त जग्गा बेचेर आएको पैसा र श्रीमती शोभा प्रधान बिजुक्छेँको सञ्चय कोषबाट प्राप्त पैसाले हाल कमलविनायक, नयाँबस्तीमा आफ्नै घर बनाएका छन् ।[१४] बिजुक्छेँको यसै घरमा श्रीमती र दुई छोराहरू गरी ४ जनाको सुखी परिवार २०६२ सालदेखि बस्दै आएको छ । कुशल गृहिणी शोभा प्रधानको सेवा र सहयोग अनि छोराहरूको ममता पाएकाले बिजुक्छेँको पारिवारिक जीवन सानो, सुन्दर र सुखद रहेको छ ।

---

१२. ऐजन ।

१३. ऐजन ।

१४. ऐजन ।

### २.१.४.३ आर्थिक अवस्था र आजीविका

मध्यम वर्गीय परिवारमा जन्मेका हरिबहादुर श्रेष्ठको बाल्यकाल सुखद रहयो र शिक्षादीक्षामा कुनै अभाव भएन । उनका पिता गणेशमान बिजक्छें सरकारी जागिरे र व्यापारी थिए । उनी राणाकालमा भन्सार, राजस्व उठाउने सरकारी ठेक्का लिन्थे र कपडाको टोपीको व्यापार पनि गर्दथे । यसबाट उनको आम्दानीको स्रोत राम्रो थियो । तर ११ जना छोराछोरी सहितको ठूलो परिवार र सौखिन चरित्र (महङ्गा लत्ताकपडा, चित्रकला किन्ने, कुकुर, सुगा, खरायो आदि किन्ने, पाल्ने र पैसा बासी नगर्ने खर्चालु प्रवृत्ति)ले गर्दासम्पत्ति भने सञ्चित हुन सकेन ।[१५] यसकारण ठूलो पारिवारिक सङ्ख्यामा दाजुभाइ तथा दिदीबहिनी भएका हरिबहादुर श्रेष्ठ आफ्नो पैतृक घर सानो भएकाले २०३६ सालदेखि २०६२ सम्म आफ्नो जन्मथलो सुकुलढोकामै प्रेमगोपाल कर्माचार्यको घरमा डेरा गरी बसेका थिए । सत्ता, पद र पैसालाई महत्त्व नदिने, आफू जनताको उत्थानमा सक्रिय भएर राजनीतिमा लागिपरेकाले अन्य कुनै अर्थोपार्जनको बाटो वा व्यापारव्यवसाय पनि सञ्चालन गर्न सकेनन् । यहीँ कारणले यिनको आर्थिक अवस्था नाजुक रह्यो ।

२०४० सालमा विवाह बन्धनमा बाँधिएपछि श्रीमती शोभा प्रधान शिक्षक भएकाले उनको कमाइबाट कोठा भाडा तिर्न र अन्य घरायसी खर्च चलाउन सहयोग भयो । २०४६ सालको बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनःस्थापनापछि उनी २०४८, २०५१ र २०५६ मा सम्पन्न प्रतिनिधि सभाको निर्वाचनमा संसदीय सदस्य र २०६४ र २०७० सालमा संविधानसभा सदस्य बनेपछि मूल आयश्रोत त्यहीँ बन्यो ।[१६] आफ्ना कार्यकर्तालाई पद र पैसाका लागि राजनीति नगर्नू भनी प्रशिक्षण दिने, इमानदार र सादा जीवन जिउने स्वभाव भएका हुनाले यिनी प्रजातन्त्रपछि पनि अर्थोपार्जनतिर लागेनन् । घरपरिवारको आर्थिक अवस्थालाई त्यतिध्यान नदिने अनि आफ्ना समस्या र लाभका लागि अरूलाई भनसुन पनि नगर्ने यिनको स्वाभिमानी

१५. ऐजन ।

१६. ऐजन ।

चरित्रले छोरा सुवेगमान बिजुक्छैँको मेडिकल पढ्ने चाहना पूरा हुन सकेन ।[१७] भक्तपुर दुवाकोटको पुर्ख्यौली जग्गा बेच्दाको पैसा र श्रीमती शोभा प्रधानको सञ्चय कोषको रकमबाट घर बनाउने वा छोरा सुवेगमानलाई मेडिकल पढाउने भन्ने बारेमा घरसल्लाह गरेपछि कमलविनायक नयाँबस्तीमा घर बनाई छोरा सुवेगमानलाई त्रि.वि.वि.मा भूगर्भविज्ञान पढाइएको हो ।[१८]

### २.१.५ बानी,व्यवहार र रुचि

कथाकार हरिबहादुर श्रेष्ठ समाजसेवामा रूचि राख्दछन् । समाजमा विद्यमान रहेको असमानता, दमन र शोषणबाट पीडित जनतालाई देखेर राजनीतिमा लागेका हुन् । पश्चिमी साहित्यतर्फ सेक्सपियर, वाइरन, किट्सका स्वच्छन्दतावादी साहित्य, फ्रान्सेली साहित्य, रूसी साहित्य र चिनियाँ साहित्यको अध्ययनबाट प्रेरित छन् । नेपाली साहित्यका सम, देवकोटा, सिद्धिचरण आदिका साहित्यबाट प्रभावित भएर वर्गीय हक हित, क्रान्ति र परिवतर्नका स्वर दिई समाज सुधारको अपेक्षा राखेर साहित्य रचनामा लागेका हुन् । उनलाई चिल्लो, पिरो, अमिलोबाहेक औसत नेपालीले खाने साधारण खाना नै मनपर्छ भने अन्य कुनै कुलत छैन ।[१९]

लवाइमा खासै सोख नराख्ने साधारण लुगा लगाउने उनलाई सबैभन्दा मनपर्ने पोसाक पाइन्ट सर्ट नै हो । साथै विलासी प्रवृत्ति नभएकोले सार्वजनिक यातायातको साधनलाई नै यातायातको माध्यम बनाएको देखिन्छ । उनले नेपाली साहित्यको विभिन्न विधामा कलम चलाएका छन् । साहित्य समाजको ऐना हो भन्ने मान्यताअनुसार हरिबहादुर श्रेष्ठले जनताको राजनीति, तत्कालीन अवस्था, दमनको विरोध, छलछाम र बेइमानीको चिरफार, सेवामा समर्पण, विवश जनताका पीरव्यथा, अन्धविश्वासको विरोध आदि विषयवस्तुहरूलाई जीवन्त रूपमा प्रस्तुत गरेका छन् ।

१७. ऐजन ।

१८. ऐजन ।

१९. ऐजन ।

उनलाई मातृभूमि नेपालबाहेक मनपर्ने देशहरू कोरिया, क्युवा, लाओस, भियतनाम, कम्बोडिया,चीन आदि हुन् । बाल्यकालमै साथीहरू भेला पारी फुटबल खेल्ने बिजुक्छेंलाई सबभन्दा मनपर्ने खेल फुटबल नै हो । अध्ययनशील साहित्यकार तथा राजनीतिज्ञ बिजुक्छेंको पढ्नु र लेख्नु नै विशेष रूचिको क्षेत्र हो । उनको मातृभाषा नेवारी हो भने उनलाई नेपाली, हिन्दी र अंग्रजी भाषाको ज्ञान छ । उनलाई मनपर्ने पत्रिका *द राइजिङ्ग नेपाल, इडियन सर्च लाइट,न्यू वर्कर्स, ग्रान्मा इन्टरनेश्नल, नर्थस्टार कम्पास, एनालाइटिकल मन्थली रिभ्यू, प्योङयाङ टाइम्स* आदि विभिन्न देश तथा भाषाका पत्रिकाहरू नै हुन् । [२०]

## २.१.६ भ्रमण

प्रगतिशील विचारधाराबाट प्रभावित भएर राजनीतिमा क्रियाशील नारायणमान बिजुक्छें नेपाली राजनीतिमा पद र प्रतिष्ठाको लागि राजनीति गर्नुभन्दा पनि देश र जनताको पक्षमा पदभन्दा बाहिरै बसेर आन्दोलनको मोर्चा सम्हाल्ने राजनीतिज्ञका रूपमा नेपाली राजनीतिमा परिचित छन् । उनले निर्वासित जीवन जिउने क्रममा साथै विभिन्न उद्देश्यअनुरूप अन्य देशहरूको भ्रमण गरेका छन् -

| देश | उद्देश्य | मिति |
|---|---|---|
| चीन | उपचारका लागि | १९५९-६० |
| वर्मा | चीन जाँदा बाटो परेको | १९५९ केही दिन |
| चीन | अध्ययन भ्रमण | १९९१ केही दिन |
| प्रजग कोरिया | सद्भावना भ्रमण | १९९१ दुइ हप्ता |
| चीन | अध्ययन भ्रमण | १९९२ केही दिन |
| प्रजग कोरिया | अन्तर्राष्ट्रिय गोष्ठी | १९९२ दुइ हप्ता |
| पाकिस्तान | गोष्ठी | १९९२ केही दिन |
| भारत | संसदीय प्रतिनिधि | १९९३ केही दिन |
| प्रजग कोरिया | ४० औं विजय दिवस | १९९३ दुइ हप्ता |
| हङ्गकङ्ग | चीन र कोरिया जाँदा बाटो परको | १९५९ र १९९३ |

२०. ऐजन ।

| | | |
|---|---|---|
| चीन | अध्ययन भ्रमण | १९९५ एक हप्ता |
| प्रजग कोरिया | पुनः एकीकरण उत्सब | १९९५ केही दिन |
| कोलम्बिया | असंलग्न आन्दोलन | १९९५ |
| सं.रा.अमेरिका | संयुक्त राष्ट्रसंघ ५० औं स्थापना वर्ष समारोह/उत्सव | १९९५ |
| जर्मनी | अमेरिका जाँदा बाटो परेको | १९९५ |
| भारत | प्रवासी जीवन | १९७०-१९८० सम्म |

### २.१.७ साहित्य क्षेत्रमा प्रवेश

#### २.१.७.१ लेखनका लागि प्रेरणा र प्रभाव

हरिबहादुर श्रेष्ठले काका सूर्यमान बिजुक्छेँका छन्दोबद्ध कविता श्रवणबाट मुग्ध र प्रभावित बिजुक्छेँलाई सूर्यमानका शार्दूलविक्रीडित र तोटक छन्दमा रचित कविता, पद्य चिठीले साहित्यमा लाग्ने अभिरूचि जगायो । गौर बसाइका क्रममा शारदा पुस्तकालयको सन्निकटता, शिक्षक चिन्ताहरण सिंहको अध्ययनशील प्रेरक चरित्र र प्रेरणा, शारदा, उद्योग, आँखा, इन्डियन सर्चलाइट आदि पत्रिकाको नियमित अध्ययन, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, सूर्यबहादुर पिवाः आदिको सम्पर्कले साहित्यिक व्यक्तित्वलाई समुन्नत तुल्यायो ।[२१]

#### २.१.७.२ लेखनको प्रारम्भ र प्रकाशनको थालनी

हरिबहादुर श्रेष्ठले पृथुचरण वैद्यको घरमा रहेको जनअध्ययन मण्डल र भक्तपुर चोछेँको बौद्धिक विकास मण्डलबाट आफूभित्रको साहित्यिक अनुराग र कम्युनिस्ट विचारधारालाई परिपक्व बनाउने खुराक पाए । २०१३ /१४ सालमा भक्तपुरको दत्तात्रय (तचपाल) मा आयोजित विराट साहित्य सम्मेलनमा लक्ष्मीप्रसाद देवकोटाले 'प्रभुजी मलाई भेडो बनाऊ' शीर्षकको कविता वाचन गरेको र बालकृष्ण समले कविताचाचनपछि दर्शकहरूको अनुरोधमा सटिक अभिनय गरेको अविस्मरणीय घटनाले

---

२१. ऐजन

उनलाई साहित्यप्रति अझ अभिरूचि जगायो । सोही साहित्य सम्मेलनमा कथावाचन गरेका नवअङ्कुरित प्रतिभा बिजुक्छेँले आफूमा रहेका कमीकमजोरी हटाउन, साहित्यिक परिपक्वताका लागि लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, हृदयचन्द्रसिंह प्रधान, सिद्धिचरण श्रेष्ठ, ईश्वर बरालका साहित्यिक एवम् समालोचनात्मक कृतिहरूको गहन अध्ययन गर्न थाले । पश्चिमी साहित्यका सेक्सपियर, वाइरन, किट्स आदिका कृति तथा फ्रान्सेली, रूसी, चिनियाँ, कोरियन साहित्यले उनलाई गहिरो प्रभाव पाऱ्यो ।[२२] कविताबाट लेखन आरम्भ गरेका बिजुक्छेँले 'क्रान्ति' शीर्षकको हस्तलिखित पत्रिकामार्फत 'युवा हृदयसम्राट गङ्गालाल' र श्यामप्रसाद शर्माको **'साहित्य'** पत्रिकामा 'साथी म भियतनाम जान्छु' शीर्षकका कथा प्रकाशित गरे । उनले समाजका यथार्थ घटनालाई समेटेर प्रगतिशील धारमा लेखेका कविताहरूको सङ्ग्रह **'आकाश बाँधिएको छैन'** (२०४१) प्रकाशित गरेका छन् , जुन उनको प्रकाशित पहिलो साहित्यिक रचना हो । चिनियाँ कवि ल्यु सुनले भनेझैं क्रान्तिकारीहरूले लेख्न थालेपछि मात्र क्रान्तिकारी साहित्यको जन्म हुन्छ । बिजुक्छेँ निमुखा जनताको ढुकढुकी, विद्यमान सामन्ती व्यवस्था र सामाजिक, राजनीतिक विकृति-विसङ्गतिप्रति व्यङ्ग्य र विद्रोह गर्ने कवि हुन् । रोहित कवितामात्र लेख्दैनन्, उनी शब्द जन्माउँछन् अनि चिरीच्याट्ट पारेर उक्तिहरू समेत उमार्छन् ।[२३]

### २.१.७.३ प्रकाशित साहित्यिक पुस्तकाकार कृतिको सूची

हरिबहादुर श्रेष्ठले नेपाली साहित्यका विभिन्न विधामा (कथा, कविता, यात्रासंस्मरण, निबन्ध, प्रबन्ध, जीवनी, पत्र साहित्य) मा कलम चलाएका छन् । उनका नेपाली साहित्यका कृतिहरूको विवरण तल दिइएको छ :

---

२२. ऐजन

२३ .ऐजन ।

क) कथा

| क्र.स. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन मिति |
|---|---|---|---|
| १. | **हरिबहादुर श्रेष्ठका कथाहरू** | नेपाल मजदुर किसान पार्टी | २०५९ |
| २. | **एकादेशको कथा** | वर्कस पब्लिकेसन्स,नेपाल | २०६७ |

ख) कविता

| क्र.स. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन मिति |
|---|---|---|---|
| १. | **आकाश बाँधिएको छैन** | नेपाल मजदुर किसान पार्टी,केन्द्रीय प्रकाशन समिति | २०४१,२०६१ |

ग)पत्र साहित्य

| क्र.स. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन मिति |
|---|---|---|---|
| १. | **राजनैतिक कार्यकर्ता बन्ने भाइबहिनीहरूलाई चिठी** | नेपाल मजदुर किसान पार्टी | २०४०,२०४७, २०५४ |
| २. | **मार्गनिर्देशनबारे भाइ-बहिनीलाई चिठी** | वर्कस पब्लिकेसन्स,नेपाल | २०६२ |
| ३. | **हरिबहादुर श्रेष्ठका दुइ चिठी** | | २०५८ |
| ४. | **जेलका चिठ्ठीहरू** | नेपाल क्रान्तिकारी सांस्कृतिक संघ, केन्द्रीय समिति | २०६९ |

घ) नियात्रा साहित्य (यात्रासंस्मरण)

| क.स. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन मिति |
|---|---|---|---|
| १. | **कोरिया भ्रमण** | नेपाल मजदुर किसान पार्टी,केन्द्रीय प्रकाशन समिति | २०५७ |
| २. | **चीन यात्रा** | नेपाल मजदुर किसान पार्टी,केन्द्रीय प्रकाशन समिति | २०५५ |
| ३. | **हरिबहादुर श्रेष्ठका दुइ चिठी** | नेपाल मजदुर किसान पार्टी,केन्द्रीय प्रकाशन समिति | २०५८ |

ङ) प्रबन्ध

| क.स. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन मिति |
|---|---|---|---|
| १. | **सय वर्षपछिको भक्तपुर** | नेपाल मजदुर किसान पार्टी,केन्द्रीय प्रकाशन समिति | २०५९ |

च) समालोचना

| क.स. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन मिति |
|---|---|---|---|
| १. | **जनताको साहित्य र साहित्यकार** | नेपाल क्रान्तिकारी महिला सङ्घ | २०५८ |

## २.१.८ साहित्यिक दृष्टिकोण

साहित्यकार हरिबहादुर श्रेष्ठको साहित्यिक जीवन उल्लेखनीय रहेको देखिन्छ । उनी साहित्यलाई जीवनको पर्याय मान्दछन् । साहित्य समाजको ऐना हो, साहित्यले विचारलाई परिस्कृत गर्छ र जातीगत उन्नतीमा टेवा पुऱ्याउँछ भन्ने मान्यता राख्ने बिजुक्छें राजनीति र साहित्यको सहसम्बन्ध देख्छन् । मार्क्सवादी-प्रगतिशील विचारधारा

लिएर उनको कलम साहित्यका कविता, कथा, समालोचना ,चिठी, यात्रा वृतान्त आदि विविध विधामा चलेको छ । उनी लेख्दा शब्द मात्र लेख्दैनन् सिङ्गो भूगोलको अर्थलाई पनि मनोवैज्ञानिक पाराले पाठकको मगजमा पुऱ्याउँछन् । परम्परागत वर्गीय असमानता, शोषण, दमन, सामन्त अतिवादिताको तगारो तोडी सामाजिक, सांस्कृतिक, राजनीतिक तथा आर्थिकरूपमा समतामूलक समाज निर्माणको स्वर दिने श्रेष्ठ देशप्रेमी, स्वतन्त्रताप्रेमी, व्यङ्ग्य र विद्रोहको स्वर दिने प्रगतिवादी कवि, समाजवादी-यथार्थवादी कथाकार, मार्क्सवादी समालोचक तथा निबन्धकार व्यक्तित्व हुन् भन्ने कुरा उनका साहित्यिक कृतिहरूको अध्ययनबाट प्रष्ट हुन्छ । उनी कला, कलाका लागि मात्र नभई कला  जीवनका लागि हुनुपर्छ, समाज परिवर्तनका लागि हुनुपर्छ भन्ने मान्यता राख्दछन् ।

## २.२ हरिबहादुर श्रेष्ठको व्यक्तित्व

### २.२.१ पृष्ठभूमि

मध्यमवर्गीय नेवार परिवार जन्मिएका साहित्यकार हरिबहादुर श्रेष्ठ नेपाली साहित्यको विभिन्न विधामा कलम चलाउने बहुप्रतिभाशाली व्यक्तित्व हुन् । सानैदेखि अध्ययन र सामाजिक कार्यमा अग्रसर हरिबहादुर श्रेष्ठका विभिन्न पाटाहरूलाई यहाँ देखाइएको छ ।

### २.२.२. शारीरिक सामान्य व्यक्तित्व

हरिबहादुर श्रेष्ठ बाह्य व्यक्तित्वलाई हेर्दा पाँच फिट उचाइ, ५७ के.जी. तौल, बाटुला साना आँखा, फुल्न लागेको पातलो केश, खुइलिन लागेको तालु, पातलो खालको जुँगा, दाह्री र आँखी भौ धेरै दुब्लो नदेखिने पुष्ट शरीर अनि हँसिलो अनुहार भएका व्यक्ति हुन् । उमेरले ७७ वर्ष नाघे पनि अझै युवा जोश बाँकी नै रहे जस्तो देखिने चेतनशील हरिबहादुर श्रेष्ठलाई बुढेसकालले छोएजस्तो देखिँदैन । साधारण व्यक्ति सरह पाइन्ट र सर्टमा नै रूचाउने उनी कुरा गर्दा विचार गरी सौम्य पाराले प्रष्ट विचार राख्ने शान्त र सौम्य स्वभाव भएका उनी सबैसँग मन्द हाँसोका साथ प्रस्तुत हुन्छन् ।

### २.२.३ व्यक्तित्वका विभिन्न पाटाहरू

हरिबहादुर श्रेष्ठका व्यक्तित्वलाई दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ। उनको व्यक्तित्वलाई यसरी देखाउन सकिन्छ।

**साहित्यिक व्यक्तित्व**

१. कथाकार व्यक्तित्व

२. कवि व्यक्तित्व

३. नियात्राकार व्यक्तित्व

४. पत्रसाहित्यकार व्यक्तित्व

५. प्रबन्धकार व्यक्तित्व

६. समालोचक व्यक्तित्व

**साहित्येत्तर व्यक्तित्व**

१. सामाजिक व्यक्तित्व

२. राजनीतिक व्यक्तित्व

३. साहित्येतर व्यक्तित्व

### २.२.३.१ साहित्यिक व्यक्तित्व

साहित्य मानिसको अन्तःचेतनाको प्रकटीकरण हो। साहित्य वर्गीय राजनीतिको एक प्रभावकारी हतियार हो। कामदार वर्गको साहित्य पूँजीवादी साहित्यलाई चकनाचुर पार्ने बन्दुक र बम हो।[२४]साहित्य समाजको ऐना हो, साहित्यले विचारलाई परिष्कृत गर्छ त्यसमा पनि मार्क्सवादी दर्शनमा र जातिगत उन्नतिमा टेवा पुऱ्याई समाजलाई बाटो देखाउने कार्य विश्वास राख्ने साहित्यकारहरू साहित्यलाई वर्गीय राजनीतिको एउटा धारिलो हतियार मान्छन्। हरिबहादुर श्रेष्ठको भाषामा पनि कामदार वर्गको साहित्य पूँजीवादी साहित्यलाई चकनाचुर पार्ने बन्दुक र बम हो।

२४. हरिबहादुर श्रेष्ठ,**जनताको साहित्य र साहित्यकार** (भक्तपुर : नेपाल क्रान्तिकारी महिला सङ्घ,२०५८) पृ. २४।

यसबाट पनि साहित्य पनि वर्गीय हुन्छ भन्ने मान्यता स्थापित भएको पाइन्छ । यसबाट उनको लेखन पनि सोद्देश्यमूलक र वर्गीय समाजमा श्रमजीवीको उत्थानप्रति समर्पित रहेको छ भन्ने कुरा स्पष्ट हुन्छ ।

कविताका अतिरिक्त कथा, नियात्रा, समालोचना, नाटक आदि थुप्रै विधाहरूमा कलम चलाएका बिजुक्छैं बहुआयामिक व्यक्तित्व हुन् । नारायणमान बिजुक्छैं नेपाली साहित्यमा अलि मधुरो नाउँ देखिए पनि यस क्षेत्रमा पसेर उनले पनि राम्ररी कपाल फुलाएका छन् । उनी लेख्दा शब्द र भाषामात्र लेख्दैनन्,सिङ्गो भूगोलको अर्थलाई पनि मनोवैज्ञानिक पाराले पाठकको मगजमा पुऱ्याउँछन् ।[२५]

## १. कथाकार व्यक्तित्व

साहित्यकार हरिबहादुर श्रेष्ठले नेपाली साहित्यको विभिन्न विधामा कलम चलाए पनि अन्य विधामा भन्दा कथामा उनको योगदान महत्त्वपूर्ण छ । उनी मूलतः सामाजिक यथार्थवादी कथाकार हुन् । उनका कथाहरूमा विशेषतः समाजको वास्तविक चित्रण,तत्कालीन शासकीय अत्याचार र दुर्व्यवहारको प्रस्तुति, जातीय समस्याको चित्रण, सरकारी रवैया तथा कम्युनिस्ट कार्यकर्ताको सेवाभावको प्रस्तुति, पञ्चायती अतिवादको जीवन्त चित्रण प्रेमप्रसङ्ग वा भावात्मक विचारको प्रस्तुति आदि प्रवृत्तिहरू पाइन्छन् । वि.स. २०३१ सालदेखि सरोज, विष्णु ढकाल, गाउँले,विनोद प्रजापति, प्रधान, हरिबहादुर श्रेष्ठ आदि अनेक नामले उनले कथा रचना गरेका छन् । उनका वि.स. २०५९ सालसम्म लेखिएका १० वटा कथाहरू सङ्कलन गरी **हरिबहादुर श्रेष्ठका कथाहरू** नामले वि.स. २०५९ सालमा र २०६७ सालसम्मका १३ वटा कथाहरू सङ्कलन गरी २०६७ सालमा **एकादेशको कथा** कथासङ्ग्रह प्रकाशित भएका छन् ।

## २. कवि व्यक्तित्व

बाल्यकालमा काका सूर्यमान बिजुक्छेंद्वारा रचित कविताहरू सुनेको प्रभाव र तात्कालीन सामाजिक व्यवस्थाको प्रभावले उनमा कवि व्यक्तित्व निर्माण भएको हो ।

---

२५. नरेन्द्रराज प्रसाईं ,समष्टि पत्रिका 'व्यक्ति-व्यक्तित्व' पृ. ११ ।

**उनको आकाश बाँधिएको छैन** (२०४१) एकमात्र कविता सङ्ग्रह हो । १३ वटा कविताहरू सङ्कलन गरिएको उक्त सङ्ग्रहका कविताहरूमा उनलाई प्रगतिवादी-क्रान्तिकारी कवि मान्न सकिन्छ । मातृभूमिप्रतिको माया, विकृति, विसङ्गतिप्रति तीव्र व्यङ्ग्य, समतामूलक समाजमा जोड, कुसंस्कार र अन्धविश्वासको विरोध, पूँजीवादी संस्कृतिप्रतिको व्यङ्ग्य  आदिलाई सरल, सहज तथा मीठो कलात्मक भाषाशैलीमा व्यक्त गर्न उनी सफल छन् ।

**३. नियात्राकार व्यक्तित्व**

साहित्यका कथा, कविता, समालोचना बाहेक उनले निबन्धअर्न्तगत यात्रावृतान्तमा पनि कलम चलाएका छन् । धेरैपटक भ्रमण गरेको कोरिया र चीनको भ्रमणलाई नियात्राको रूपमा अभिव्यक्ति दिएका छन् । विभिन्न मितिमा विभिन्न उद्देश्यले चीन र कोरियाको भ्रमणमा जाँदा आफूले देखेका र अनुभव गरेका आर्थिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक, शैक्षिक, राजनैतिक, भौगोलिक, प्रशासनिक अवस्थाको यथार्थलाई दैनिकीको शैलीमा लिपिवद्ध गर्दै कोरिया भ्रमण (२०५७) , चीन यात्रा ( २०५५) नामक नियात्रात्मक निबन्ध प्रकाशित गरेका छन् । भ्रमणको क्रममा बटुलेका अनुभवहरूलाई कलात्मक रूपमा प्रस्तुत गर्नुले उनको नियात्राकार व्यक्तित्व उच्च मान्न सकिन्छ ।

**४. पत्रसाहित्यकार व्यक्तित्व**

साहित्यकार हरिबहादुर श्रेष्ठले वर्गीय असमानताको अन्त्य तथा समतामूलक समाज निर्माणको लागि आवाज उठाउने गर्दछन् । पद र पैसाको लागि नभई देश र जनताको उत्थानका लागि राजनीतिमा लाग्नुपर्ने ठोस चिन्तनका साथ उनको *राजनैतिक कार्यकर्ता बन्ने भाइबहिनीलाई चिठी,* हरिबहादुर श्रेष्ठका नामले २०४०,२०४७ र २०५४ सालमा प्रकाशित भएको छ । त्यस्तै प्रवेशिका परीक्षा र प्रमाणपत्र तह उत्तीर्ण गरेपछि हरेक विद्यार्थीलाई कुन विषय किन पढ्ने भन्ने अन्योल हुने गरेको यथार्थलाई अनुभव गरी उनले समृद्ध मूलुक निर्माणको लागि विज्ञान, भूगोल, राजनीतिशास्त्र, अर्थशास्त्र, दर्शन, पत्रकारिता, समाजशास्त्र आदि जुनसुकै

विषयमा पनि दक्ष जनशक्तिको आवश्यकता हुने भएकोले दक्षता हासिल गर्नुपर्ने सल्लाह दिँदै *मार्गदर्शनबारे भाइबहिनीलाई चिठी* २०६२ सालमा प्रकाशित गरेका छन् । त्यसैगरी हरिबहादुर श्रेष्ठका दुइ चिठी २०५८ सालमा प्रकाशित छ । जसमा साइन्स र डाक्टरी पढ्ने भाइबहिनीहरूलाई विदेशमा बसेको दाज्यूको चिठी र वैज्ञानिक बन्न चाहने भाइबहिनीलाई चिठी गरी २ वटा चिठी संकलित छन् । २०४५ सालमा राज्यस्तरबाट रचिएको षड्यन्त्रका कारण जेल जीवन बिताएका हरिबहादुर श्रेष्ठले जेठबाट आफ्नी जीवन संगिनीलाई पठाएको चिठ्ठीहरूको संगालोको रूपमा *जेलका चिठीहरू* पुस्तक प्रकाशित भएको छ । उनका चिठीमा निबन्धात्मक शैलीमा गहन विचार प्रस्तुत गरिएको छ ।

### ५. प्रबन्धकार व्यक्तित्व

हरिबहादुर श्रेष्ठले भक्तपुरको स्वप्न द्रष्टाको रूपमा *सय वर्षपछिको भक्तपुर* प्रबन्ध कृति २०५९ सालमा प्रकाशित गरेका छन् । यो कृति कोरा कल्पना मात्र नभई भक्तपुरको कला, संस्कृतिको संरक्षण गर्दै सुन्दर सांस्कृतिक नगरीका रूपमा नवनिर्माण गर्नुपर्ने योजनावद्ध इन्जिनियरिङ्ग कला चिन्तन प्रकट गरिएको प्रबन्धात्मक सङ्ग्रह हो । उनले यस कृतिमा स्वैरकल्पनाको प्रयोग गरी विगत र भविष्यको नेपाललाई रेखाचित्र र शब्दचित्रमा उतारेका छन् । केही सैद्धान्तिक तथा कलात्मक कमजोरी भए पनि मूल धारलाई आत्मसात गर्दै वस्तुपरक प्रबन्धात्मक निबन्धको चिन्तनशील-दुरदर्शी व्यक्तित्व प्रष्ट हुन्छ ।

### ६. समालोचक व्यक्तित्व

हरिबहादुर श्रेष्ठ मार्क्सवादी दृष्टिकोणबाट प्रभावित भएर राष्ट्र र जनताको प्रगतिको लागि ठोस र स्पष्ट विचार दिने समालोचनक पनि हुन् । उनको जनताको साहित्य र साहित्यकार नामक समालोचनात्मक कृति २०३८ सालमा प्रकाशित भएको छ । जम्मा १६ वटा शीर्षक दिई लेखिएको लेखहरूको सङ्कलन उक्त कृतिमा उनले प्रगतिशील साहित्यमा चाख राख्ने पाठकहरूको मार्क्सवादी र प्रगतिशील साहित्यबारे भ्रम निवारण गर्दै देश र जनताको सेवा गर्ने साहित्य रचना गरेर जनताको

साहित्यकार बन्न मार्गनिर्देशन गरेका छन् । उनी सरल र सहज भाषामा जनताको पक्षमा साहित्य रचना गनुपर्ने मान्यता राख्ने मार्क्सवादी समालोचक हुन् ।

### २.२.३.२ साहित्येतर व्यक्तित्व

#### १ सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएकाले ऊ जन्मेको समाजको प्रत्यक्ष अप्रत्यक्ष प्रभाव उसमा अवश्य पर्दछ । समाजबाट नै उसले वैयक्तिक, चारित्रिक गुणहरूको विकास गर्दछ । सामाजिक सुधार एवम् विकासमा व्यक्तिले पुऱ्याएको योगदान अनुसार नै व्यक्तिको सामाजिक जीवनको मूल्याङ्कन गरिन्छ । मान्छे समाजको उपज हो । समाजले नै उसलाई बनाउने भएकाले आफू जन्मेको, हुर्केको समाजप्रति उसको उत्तरदायित्व हुन्छ, त्यसलाई निर्वाह गर्न सक्ने मान्छेले मात्र समाजमा उच्च जीवन पाउँछ ।

राजधानीसँग जोडिएर पनि शैक्षिक, सामाजिक र आर्थिक विकासका दृष्टिले पिछडिएको वर्गीय असमानतायुक्त भक्तपुरको समाजमा नै नारायणमान बिजुक्छेँको जन्म भएको थियो । अध्ययनका क्रममा काठमाडौँ बस्दा भक्तपुरका बासिन्दालाई हेय दृष्टिले हेर्ने र तुच्छ व्यवहार गर्ने प्रवृत्तिले बिजुक्छेँलाई गहिरो प्रभाव पारेको थियो । शिक्षा र चेतनाको विकासविना समाजको विकास र परिवर्तन असम्भव हुने मान्यता राख्ने बिजुक्छेँ महिला शिक्षा तथा स्कुल, कलेज, विश्वविद्यालय स्थापना र व्यवस्थित सञ्चालनमा जोड दिन्थे । आफ्नो मावली गोल्मढीमा प्रायजसो खेल्नका लागि पुगिरहने बिजुक्छेँले किसान, श्रमजीवी जनताकाका छोरोछोरीसँग खेल्ने क्रममा गरिब, शोषित किसानहरूको दयनीय अवस्था र वास्तविक पीडालाई प्रत्यक्ष बुझ्ने मौका पाए । विपन्न मजदुर, किसानलाई सङ्गठित पार्दै शिक्षित र राजनीतिक तथा सैद्धान्तिक रूपले प्रशिक्षित गर्दै गए । निम्न वर्गका कामदार जनताको उत्थानका लागि सामन्तहरूबाट प्रताडित किसानहरूलाई मोहियानी हक दिलाउन भर्पाई आन्दोलन, साँढे धपाउने

आन्दोलनमा निःस्वार्थपूर्वक उनले नेतृत्व एवम् सक्रिय सहभागिता जनाए ।[२६] शोषित-पीडित वर्गको उत्थानका लागि सामन्त वर्ग र व्यवस्थाका विरूद्धमा भूमिगत रूपमा, सडकदेखि सदनसम्म व्यक्तिगत तथा साङ्गठनिक रूपमा विद्रोह र क्रान्ति गर्दै उनले योगदान पुऱ्याएका छन् । भक्तपुर र मध्यपश्चिमाञ्चल क्षेत्रका जनतामाझ लोकप्रिय नारायणमान बिजुक्छैं सामाजिक योगदानका कारणले सामाजिक रूपान्तरणका स्वप्नद्रष्टाका रूपमा समेत परिचित छन् ।

## २. राजनीतिक व्यक्तित्व

हरिबहादुर श्रेष्ठका काका सुर्यमान बिजुक्छें तथा उनका सहपाठी र दौंतरीहरू सूर्यबहादुर पिवा, बिष्णुबहादुर भुजू आदिले समाजमा शिक्षा प्रचार गर्न इटाछें टोलमा एउटा विद्यालय स्थापना गरेका थिए । आफ्ना काका मार्फत बिहानीको त्यस विद्यालयमा उनी पनि एक कक्षामा भर्ना गरिएका थिए । कक्षा सुरू हुनुभन्दा पहिले प्रार्थना हुन्थ्यो - ‘ बखत भयो यहीँ हो बेला .......।’ करिब १५ दिनपछि विद्यालयका शिक्षकहरू पक्राउ परे । पछि भक्तपुरकै श्रीपद्म हाइस्कुलमा ३ कक्षामा भर्ना गरिए । उनी त्यस विद्यालयमा अध्ययन गर्दै गर्दा त्यहाँ बेला मौकामा पर्चा छरेको र भाषण गरेको सनसनीपूर्ण हल्ला हुन्थ्यो ।[२७]

हरिबहादुर श्रेष्ठ २००४-६ सालसम्मको राणाविरोधी सत्याग्रहीहरूको जोश, जाँगर र समर्पणको भावना २००७ सालपछि प्रजा परिषद् र कम्युनिस्ट नेताहरूको भाषण र सक्रिय जीवन, २०१३-१४ सालको विद्यार्थी सङ्घर्ष र ‘भद्र अवज्ञा आन्दोलन’ मा सहभागीता र २०१५ सालको पहिलो महानिर्वाचनमा सक्रिय कार्यकर्ताको रूपमा भागेका अनेकौं घटनाहरू अविस्मरणीय भएको बताउँछन् ।[२८]

---

२६. डिल्लीराज जोशी,पूर्ववत् पृ.८।

२७. हरिबहादुर श्रेष्ठबाट प्राप्त जानकारी अनुसार ।

२८. डिल्लीराज जोशी पूर्ववत् ,पृ. ८ ।

वि.सं. २०११ सालमा रौतहटको गौरमा बाढीपीडितहरूको उद्धार र नेत्रदान यज्ञमोला स्वयम्सेवकका रूपमा सक्रिय रहेका बिजुक्छैँलाई कम्युनिस्ट पार्टीको सक्रियता र सेवाभावले प्रभावित पार्‍यो । प्रगतिशील साहित्य, नेता र कार्यकर्ताका विचार र दर्शन, मार्क्स, लेनिन, एङ्गेल्स, स्तालिन, माओत्से तुङ्ग, हो चि मिन्ह आदिका दार्शनिक चिन्तनले उनलाई राजनीतितर्फ अझ क्रियाशील तुल्यायो । प्रजातान्त्रिक शासन व्यवस्थामाथि प्रतिबन्ध लगाई थालिएको पञ्चायति निरङ्कुशताका विरूद्ध आफ्नो सुरू राजनीतिक दिनदेखि नै विरोध गर्दै र लडदै आएका उनी शोषित किसानहरूलाई मोहियानी हक दिलाउने आन्दोलन, बाली काट्ने आन्दोलन, जोताहा कायम गर्ने प्रयत्न, कुतको आन्दोलन, भर्पाइ आन्दोलन र साँढे धपाउने आन्दोलनमा क्रियाशील हुँदा तत्कालीन शासकहरूको आँखाको तारो बनेकाले जेल, भूमिगत र १० वर्षे निर्वासित जीवन बिताएका थिए ।[२९] वि.सं. २०१५ सालमा कम्युनिस्ट पार्टीको सदस्यता पाएको क्षणलाई जीवनकै सबभन्दा सुखद र अविस्मरणीय क्षण मान्ने बिजुक्छैँ मार्क्सवाद, लेनिनवाद र माओत्सेतुङ्ग विचारधारालाई मूल दर्शनका रूपमा आत्मसात् गर्दै वि.सं.२०३१ माघ १० गतेदेखि नेपाल मजदुर किसान पार्टीका संस्थापक अध्यक्षका रूपमा सेवारतः छन् ।

२०२२-२३ सालमा भक्तपुर आइसकेपछि श्रेष्ठ चोछेंको बौद्धिक विकास मण्डल भन्ने पुस्तकालय र तुलाछेंको जन-अध्ययन मण्डलको सदस्य भए । ती संस्थाहरूमा भक्तपुरका कम्युनिस्टहरूको प्रभाव थियो । ती संस्थाका साहित्यिक गतिविधि ,वादविवाद र स्वतन्त्र भाषण जस्ता कार्यक्रमले र प्रगतिशील साहित्यको अध्ययनले उनलाई साहित्य र राजनीतिबारे अध्ययन गर्न प्रेरणा दियो । यस अघि नै २०१९ सालको नगर पञ्चायत वडा नं ८ को वडाध्यक्षमा निर्वाचित भएका थिए ।[३०]

यस प्रकारको राजनैतिक संसर्गको पृष्ठभूमि भएको हरिबहादुर श्रेष्ठको राजनीतिक जीवन विद्यालयमा अध्ययन गर्दाको अवस्थामा नै सुरू भएको हो । श्रीपद्म

---

२९. ऐजन ।

३०. ऐजन ।

हाइस्कुलको विद्यार्थी युनियनदेखि नै कथाकार हरिबहादुर श्रेष्ठ विद्यार्थी फेडेरेसनको गतिविधिमा संलग्न भए । विद्यार्थी गतिविधिदेखि नै उनले कम्युनिस्ट राजनीतिमा प्रवेश पाएका थिए । प्रगतिशील नेताहरू र साहित्यबाट उनलाई सानैदेखि प्रभाव तथा प्रेरणा प्राप्त भएको थियो । नेपाली समाजमा विद्यमान वर्गीय असमानता र सामन्तवादको अन्त्य गरी मजदुर, श्रमजीवी किसानहरूलाई हक दिलाउन र शोषित वर्गलाई शासक वर्गमा पुऱ्याउने उद्देश्य लिई उनले राजनीतिक जीवनको सुरूवात गरेका हुन् । पिताको इच्छा छोरालाई धेरै पढाएर जागिर खुवाउने थियो तर छोरा बाबुको इच्छा विपरीत राजनीतिमा लागेका कारण उनलाई घरबाट निकाला समेत गरिदिएका थिए [३१]

यसप्रकारको पृष्ठभूमिबाट राजनीतिमा संलग्न भएका उनको औपचारिक सांगठनिक संलग्नता २०१४ देखि सुरू भएको हो । उनको औपचारिक राजनीतक जीवनको सुरूवात अनि विभिन्न जिम्मेवारीहरूसहित हालको अवस्थालाई यसरी देखाउन सकिन्छ -

| संस्था/संगठन | पद | वि.स. |
|---|---|---|
| नेपाल विद्यार्थी फेडेरेसन | सदस्य | २०१४ |
| नेपाल कम्युनिस्ट पार्टी | सदस्य | २०१५ |
| मार्क्सवादी अध्ययन गोष्ठी | सदस्य | २०१६ |
| प्रगतिशील साहित्य गोष्ठी | सचिव | २०१६ |
| विद्यार्थी युनियन भक्तपुर कलेज | सभापति | २०१८/१९ |
| जिल्ला कमिटी,भक्तपुर | सभापति | २०१८/१९ |
| भक्तपर नगरपालिका | सदस्य | २०१९-२२ |
| नेपाल कम्युनिस्ट पार्टी,भक्तपुर जिल्ला इन्चार्ज | | २०२२ |
| नेपाल कम्युनिस्ट पार्टी | केन्द्रीय सदस्य | २०२५ |

३१. ऐजन ।

| | | |
|---|---|---|
| बागमती,जनकपुर,नारायणी | अञ्चल इन्चार्ज | २०२८ |
| नेपाल मजदुर किसान पार्टी | संस्थापक अध्यक्ष | २०३१ |
| भक्तपुर जिल्लाबाट | संसदीय सदस्य | २०४८ |
| दोस्रो पटक | संसदीय सदस्य | २०५१ |
| तेस्रो पटक | संसदीय सदस्य | २०५६ |
| संविधान सभा | सदस्य | २०६४ |
| संविधान सभा | सदस्य | २०७० |

यसरी आफ्नो जीवनको करिब ६ दशक राजनीतिमा सक्रिय रहेका हरिबहादुर श्रेष्ठ नेपाल मजदुर किसान पार्टीका संस्थापक अध्यक्ष भई राजनीतिमा क्रियाशील छन् । उनी प्रजातन्त्र पुनः स्थापनापछिको निर्वाचनमा अपराजित व्यक्तित्व हुन् । मूल्याङ्कन गरेर विश्लेषण गर्ने अनि प्रस्ट विचार दिने बिजुक्छेँ विचारमा स्पष्ट, इमानदार, अध्ययनशील, साङ्गठनिक क्षमता भएका, वर्गीय समानताका पक्षधर, दूरदर्शी राजनेता हुन् । राजनीतिमा लागे पनि पद र पैसालाई महत्त्व नदिने, सदैव शोषित वर्गको उत्थान, राष्ट्रिय संस्कृतिको संरक्षणमा सचेत भएर राजनीति गरेकाले प्रजातन्त्रपछिको विकृतिले उनलाई छुन सकेन, जसको परिणाम आजको राजनीतिक परिवेशमा गुणात्मक अस्तित्त्व कायम राख्न सफल भएको बुझिन्छ ।

**३. साहित्येतर व्यक्तित्व**

नारायणमान बिजुक्छेँ साहित्यकार, राजनीतिक सङ्गठनकर्ता तथा नेताका साथै मार्क्सवादी चिन्तक पनि हुन् । उनले साहित्यका विविध विधामा जस्तै राजनीतिक र आर्थिक विषयमा थुप्रै गैरसाहित्यिक कृतिहरू पनि प्रकाशित गरेका छन् । उनको बहुआयामिक व्यक्तित्वलाई पुष्टि गर्ने गैर-साहित्यिक कृतिहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. रूसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन (२०३२)

२. भियतनाम एक परिचय - सन् (१९७७)

३. जनमतसङ्ग्रह, तेस्रो संशोधित संविधान र आमचुनावबारे विचार (२०३८)

४. नेपाल - भारत सम्बन्ध र भारत (२०४२)

५. अक्टोबर क्रान्ति र यसको महत्त्व (नेपालको परिप्रेक्ष्यमा) (२०४५)

६. जेलदेखि प्रजातन्त्रसम्म (अन्तर्वार्ता सङ्कलन) (२०४७)

७. नक्सलवादी आन्दोलन र केही उत्ताउला विचारबारे एक अध्ययन (२०४८)

८. का. रोहित प्रतिनिधिसभामा (२०४८, २०४९, २०५०, २०५६)

९. विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू ( २०५१)

१०. समसामयिक राजनीतिमा का. रोहितको विचार (अन्तर्वार्ता सङ्कलन) ( २०५२)

११. नेपाल कम्युनिस्ट आन्दोलनमा देखा परेका खोटा विचारहरूको खण्डन ( २०५५)

१२. समाजवाद र सान्दर्भिक विषयवस्तु ( २०५८)

१३. आत्मनिर्भरताको प्रश्न र नेपालको आर्थिक विकास (२०५८)

१४. प्रतिगमनविरोधी आन्दोलनमा नेमकिपा (२०६३)

१५. प्रतिगमनविरोधी आन्दोलनमा का. रोहित (२०६३)

१६. चिनिँया जनकम्युन ( २०६९)

वास्तवमा साहित्य र राजनीति देश र जनताको सेवाका लागि हुन् । के गर्नेभन्दा कसका लागि वा कुन उद्देश्यका लागि गर्ने भन्ने कुरा बढी महत्त्वपूर्ण हुन्छ । साहित्य नामका लागि, लेख्नका लागि र केवल कलाका लागि मात्र होइन ।[३२] जीवनमा जे देखे, भोगे, अनुभव गरे त्यसैलाई उनले कहिले साहित्यका रूपमा त कहिले गैरसाहित्यका रूपमा अभिव्यक्त गरे, वैचारिक सम्प्रेषण गरे । विचार, सिद्धान्त र व्यवहार एउटै हुनुपर्छ भन्ने मान्यता राख्ने नारायणमान बिजुक्छेँको राजनीतिक र साहित्यिक व्यक्तित्व परस्पर प्रभावित छन् ।

## २.३ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनबीचको सम्बन्ध

कुनै पनि मानिसको जीवन उसको भोगाइ, अनुभव र उसको पृष्ठभूमिका आधारमा निर्माण हुने गर्दछ । हरिबहादुर श्रेष्ठ मध्यम वर्गीय नेवार परिवारमा जन्मिएका हुन् । धेरै सन्तान र उनका बुबाको सौखिन प्रवृत्तिको कारण साधारण

---

३२. ऐजन ।

आर्थिक अवस्थामा उनले जीवन गुजारेका थिए । बाल्यकालमा गौरको बसाइ उनको जीवनको महत्त्वपूण पाटोका रूपमा उभिएको छ । गौरमा शिक्षक चिन्ताहरणसँगको सामिप्यता,त्यहाँको पुस्तकालय र विभिन्न लेख तथा रचना अध्ययनको बानी विकास उनको शैक्षिक गतिविधिलाई अघि बढाउने आधारशिलाको रूपमा विकसित भएको देखिन्छ । तात्कालीन पञ्चायतकालीन समाज, वर्गीय विभेद, दमन, शोषण, सामाजिक विकृति, विसङ्गति आदिले साथै देशको अवस्थाले उनमा प्रगतिवादी धाराको विकास भएको पाइन्छ । उनले मजदुर तथा किसानले भोगेका समस्यालाई नजिकबाट नियाल्ने अवसर पाएका थिए त्यसैले उनले समतामूलक समाज निर्माणको पक्षमा साहित्यमार्फत आफ्ना स्पष्ट विचार पोखेको पाइन्छ । सरल, सहज र स्पष्ट भाषामा समाजको यथार्थ पक्ष चित्रण गर्ने उनको साहित्यिक जीवनलाई नियाल्दा उनको जीवनी,व्यक्तित्व र साहित्यबीचको सम्बन्ध एक अर्काको सहायक देखिएका छन् ।

**२.४ निष्कर्ष**

निष्कर्षमा भन्दा नारायणमान बिजुक्छेंले साहित्य र राजनीति दुवैमा एउटै धारको उद्देश्य, विचार र सन्देश पोखेका छन् । उनले जे देखे, भोगे, अनुभव गरे त्यसैलाई साहित्यमा उतारे । प्रगतिशील क्रान्तिकारी विचारधारा उनको जीवनको लक्ष्य बनेको छ । नेपालका विशिष्ट राजनीतिज्ञ भएर पनि उनले साहित्यकारहरूको माझमा आफ्नो सरल, सौम्य र सहज व्यक्तित्व बनाएका छन् । राजनीतिमा सक्रिय र समर्पित भएर पनि साहित्यको सेवा गरेका छन् । साहित्य जीवन भोगाइका अनुभवहरूको कलात्मक प्रकाशन भएकाले बिजुक्छें नेवारी परिवेशमा जन्मिएका भए पनि स्तरीय नेपाली भाषामा जीवन भोगाइलााई उतार्न सफल छन् । उनका कविता, कथा,निबन्ध, प्रबन्ध, आलेख र टिप्पणीहरू गहन हुन्छन् र स्पष्ट विचारधाराले खारिएका हुन्छन् । त्यसैले उनी नेपाली साहित्यमा प्रतिभासम्पन्न साधकको रूपमा अटल रहेका छन् । उनको जीवनी, व्यक्तित्व र साहित्यिक रचनाबीच विषयवस्तु तथा उद्देश्यका बीचमा पनि सहसम्बन्ध देखिन्छ ।

# तेस्रो परिच्छेद

# हरिबहादुर श्रेष्ठको कथा यात्रा र प्रवृत्ति

## ३.१. विषयपरिचय

२०१३ सालमा विराट साहित्य सम्मेलनमा पहिलो पटक 'साथी म भियतनाम जान्छु' कथा वाचन गरेर नेपाली कथा जगत्मा यात्रा आरम्भ गरेका हरिबहादुर श्रेष्ठ आधुनिक नेपाली कथाको यथार्थवादी धारामा प्रगतिवादको नामले स्थापित समाजवादी यथार्थवादी कथाका कथाकारहरू मध्ये एक हुन् । उनले मार्क्सवादी दर्शनलाई आत्मसात गर्दै **हरिबहादुर श्रेष्ठका कथाहरू** र **एकादेशको कथा** कथासङ्ग्रहमार्फत समाजवादी यथार्थवादी दृष्टिकोण अघि सारेका छन् । विशेषत: निम्न वर्गीय मजदुर तथा किसान लगायतका श्रमजीवी पात्रहरूलाई कथामा समावेश गरेका छन् । शोषक सामन्तहरूको जनताप्रतिको अन्याय, अत्याचार, भ्रष्टाचार, सार्वजनिक सम्पति हडप्ने, पदीय दुरूपयोग गरी जनताको रगत चुस्ने घुसखोरीहरूको भण्डाफोर कथामा गरिएको छ । वि.स. २०१७ सालदेखि २०६७ सालसम्म उनले लेखेका कथाहरू **हरिबहादुर श्रेष्ठका कथाहरू** र **एकादेशको कथा** कथासङग्रहमा समावेश कथाहरूको आधारमा उनका कथा यात्रा र प्रवृत्तिलाई यहाँ उल्लेख गरिएको छ :

## ३.२ हरिबहादुर श्रेष्ठको कथा यात्राको चरण विभाजन

कुनै पनि व्यक्तिको सिर्जनाको इतिहासको मूल्याङ्कन गर्न उसका प्रवृत्तिगत इतिहासका आधारमा विभिन्न चरणमा विभाजन गरेर अध्ययन गर्नु राम्रो हुन्छ । कथाकार हरिबहादुर श्रेष्ठको कथायात्राको अध्ययन गर्दा उनका प्रकाशित २ वटा कथासङ्ग्रहका कथावस्तु, पात्र, उद्देश्य आदिलाई आधार बनाई त्यसमा उनका प्रवृत्तिगत आधारमा उनको कथायात्रालाई निम्नलिखित २ चरणमा विभाजन गर्नु उपयुक्त हुन्छ :

३.२.१. पूर्वार्द्ध चरण ( २०१७ देखि २०५८ सम्म)

३.२.२. उत्तरार्द्ध चरण ( २०५९ देखि २०६७ सम्म)

### ३.२.१. पूर्वार्द्ध चरण ( २०१७ देखि २०५८ सम्म)

हरिबहादुर श्रेष्ठको पहिलो कथासङ्ग्रह **हरिबहादुर श्रेष्ठका कथाहरू** प्रकाशित भएको यस चरणलाई उनको कथालेखनको सुरूआती चरण मानिन्छ । २०३३ देखि २०५८ सालसम्मको लामो अवधिमा लेखिएको र विभिन्न पत्रिकामा प्रकाशितसमेत भएका ८ वटा र नयाँ २ वटा गरी जम्मा १० वटा कथाहरू यसमा समेटिएका छन् । २ शब्ददेखि ५ शब्दसम्म प्रयोग गरी शीर्षक दिने काम गरेकोले शीर्षकले नै स्पष्टरूपमा कथाको सारसङ्केत गरेको छ । यसरी हरिबहादुर श्रेष्ठका कथाहरू ९४ पृष्ठको आयतन भएको कथा सङ्ग्रह हो ।

उनका कथाहरूमा नेपाली सामाजिक, आर्थिक, राजनीतिक अवस्था देखाई मान्छेलाई चेतनशील बनाउँदै कुरूप यथार्थलाई सुरूप यथार्थमा परिवर्तन गर्नका निम्ति कथा सिर्जना गरेको पाइन्छ । मान्छेलाई सुशिक्षित र चेतनशील बनाउने कार्यमा कलाको प्रयोजन निहित हुन्छ भन्ने कुरामा कथाकार सचेत रहेका देखिन्छन् । विषयको विविधताभन्दा पनि जीवनका विविध पक्षलाई सङ्केतका रूपमा प्रतिबिम्वित गरी शोषण-उत्पीडन, निम्न पूँजीवादी मनोवृत्तिजन्य वामपन्थी अवसरवाद,सामन्तवादी पूँजीवाद, समाजमा हुने प्रेम र विवाह, वर्गीय समाजमा देखिने विचारगत पक्षलाई कथामा उठाएको पाइन्छ । सरल, सरस र सहज ढङ्गबाट समाजको यथार्थलाई चित्रण गर्न यो कथासङ्ग्रह सफल रहेको छ ।

### ३.२.२. उत्तरार्द्ध चरण ( २०५९ देखि २०६७ सम्म)

एकादेशको कथा सङ्ग्रहमा सङ्गृहीत जम्मा १३ वटा कथाहरूमध्ये १० वटा कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका र ३ वटा अप्रकाशित नयाँ कथाहरू हुन् । यस सङ्ग्रहका कथाहरू कलात्मक दृष्टिले भन्दा पनि विचार तथा राजनैतिक चेतनाको अभिव्यक्तिका दृष्टिले महत्त्वपूर्ण मान्न सकिन्छ । नेपालको राजनीतिक वृतमा डम्फिएको भ्रष्ट्राचार, अर्कमण्य, धोकेबाज र जनहितविपरीतका कार्यहरू गर्ने नेतागणको वास्तविकता, वर्गीय असमानताले गदर्न पारिवारिक रूपमा पनि बेमेल हुनसक्ने स्थिति, शोषक तथा सामन्त र प्रतिगमनकारी दरबारिया चाकरिबाजहरूले

सामाजिक सम्पत्तिमाथि गर्ने हस्तक्षेपजस्ता कुरालाई यस सङ्ग्रहका कथामा राम्ररी प्रस्तुत गरिएको छ ।

कथामा नेपालको आन्तरिक मामलामा भारतले योजनाबद्ध र कुटिल तरिकाले गर्ने गरेको हस्तक्षेप र भावी दिनमा भारतबाट नेपाललाई हुनसक्ने खतरालाई समेत सङ्केत गर्ने काम गरिएको छ । यसबाट अबका दिनमा नेपालीहरूले चनाखो भएर बस्नुपर्ने विषय र ध्यान पुऱ्याउनुपर्ने क्षेत्रलाई पनि स्पष्ट पार्न खोजिएको देखिन्छ ।

यस सङ्ग्रहमा सङ्गृहित कथाहरू पत्रात्मक शैलीमा मनका गन्थन भन्ने शैलीमा त कतै एकले प्रश्न सोध्ने र अर्कोले प्रत्युत्तरमा लामो व्याख्यान दिई राजनैतिक दृष्टिकोणलाई बलात् अभिव्यक्ति दिने प्रक्रिया अपनाइएको छ । जसले गर्दा कथानकको स्वरूप कथाको मौलिक स्वरूपलाई अङ्गीकार गर्न सकेको छैन भने कतै अकथात्मक बन्न पुगेको स्थिति पनि देखिन्छ । कथामा पात्रका काम,कुरा र व्यवहार तिनका दुःख र सुखका स्वत : स्फूर्त निःस्वास बन्न सकेका छैनन् । तिनका कर्म र व्यवहार या त अर्थहीन हुन पुगेका छन् । त्यस्तै पात्रविधानको स्वरूपले कलात्मक मूल्य ग्रहण गर्न असमर्थ भएको देखिन्छ ।

उनका कथाहरूमा सहज,सरल र सरस र पात्रको स्तर अनुरूपको भाषा प्रयोग गरिएको छ । पूर्वार्द्ध चरणका कथाहरूमा भन्दा यस चरणका कथाहरू **कथातत्त्वका** दृष्टिले केही परिष्कृत मान्न सकिन्छ ।

### ३.३ हरिबहादुर श्रेष्ठका कथागत प्रवृत्ति

कथागत प्रवृत्तिका आधारमा हरिबहादुर श्रेष्ठका कथाहरूलाई निम्नानुसार उल्लेख गरिएको छ -

### १. तात्कालीन शासकीय अत्याचार र दुर्व्यवहारको घोर विरोध

हरिबहादुर श्रेष्ठले २०१७ सालपछि नेपाली समाजमा पञ्चायती निरङकुश सामन्ती शासन व्यवस्थाका आडमा पञ्च भलाद्मी, शोषक, जालीफटाहा, भ्रष्टाचारीहरूको थिचोमिचो, अनेक छलछामलाई प्रस्ट रूपमा देखाएका छन् । समाजमा व्याप्त धनी, गरिब, शोषक र शोषित वर्गवीचको अन्र्तद्वन्द्वलाई उनले कथामा राम्ररी केलाएका छन् । अन्याय, अत्याचारमा पिल्सिएका जनता तथा राजनितिक कार्यकर्ताहरूले भूमिसुधार, सहकारी संस्था, बचत कोष, पञ्चायत शासनको

मनपरीतन्त्रको घोर विरोध गरी परिवर्तनका लागि सङ्घर्ष गर्ने जनसहभागिता वा जनअसन्तोषलाई उजागर गरेका छन् । त्यस्तै नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका व्यक्तिहत्या, आतंकवादी झुकाव, आदि पनि प्रस्तुत गरका छन् । 'उनी कसरी कम्युनिस्ट बने?', 'गाउँको चिठी', 'म जनताको डाक्टर बन्नेछु', 'एक कविको प्रेमकथा' 'गहुँबालीमा असिना पर्दा' आदि कथामा सामन्ती सोच र हैकमवादी प्रवृत्तिको तीखो व्यङ्ग्य प्रस्तुत गरेका छन् । निमुखा जनतालाई अनाहकमा दुःख दिने, सामन्ती र पञ्चायती सरकारको आँखाको तारो बन्ने तात्कालीन यथार्थलाई उनले कथामा उतारेका छन् ।

## २. जातीय र धार्मिक विभेदको चित्रण

हरिबहादर श्रेष्ठ समतामूलक आदर्श समाजको परिकल्पना गर्ने स्वप्नद्रष्टा हुन् । समाजमा व्याप्त अन्धविश्वास र कुरीतिका रूपमा जरो गाडेको जातीय छुवाछुतबाट प्रताडित दलितहरूको बारेमा उनले 'बुबा ! म स्कुल जान्नँ' कथा तयार पारेका छन् । अशिक्षित र परम्परावादीहरूले मात्र होइनन् शिक्षित, प्रगतिशील र उपल्ला जाति भनाउँदाहरूले ज्ञानको पवित्र मन्दिर विद्यालयमा समेत कथित दलितलाई फागुनको प्रचण्ड घाममा पानीसमेत छोइएला भनेर खान नदिएको घटनालाई यिनले सटिक व्यङ्ग्य चित्रण गरेका छन् । प्रजातन्त्रको बहाली र जातीय विभेदको अन्त्यको राष्ट्रिय घोषणा भइसकेपछि पनि प्रजातन्त्र दिवसको अघिल्लो दिन स्कुलमा पानी खान नपाएर घरमा आएको कालेले माहिला सार्कीलाई 'बुबा ! म स्कुल जान्नँ । मलाई पानी खान पाइने स्कुलमा भर्ना गरिदिनुस्' भनी अभिव्यक्त गरेको क्रन्दनलाई कथाकारले अत्यन्त मन छुने किसिमले चित्रण गरेका छन् । त्यसैगरी धर्मका नाममा राजनीति गर्ने, अशान्ति मच्चाएर धमिलो पानीमा माछा मार्न खोज्ने सामन्ती संस्कारका शोषक, पूँजीपतिहरूको चरित्रलाई नङ्ग्याउने काम 'नथुनि किन थुनिए कथामा गरिएको छ । शोषक सामन्तले आफ्नो आधिपत्य जोगाइराख्न चाल्ने कुटिल चालबारे सदैव सचेत हुनुपर्ने तथ्यलाई सबैले मनन गर्नुपर्ने कुरामा लेखकले जोड दिएका छन् । लेखकले आफ्नो वैचारिक उद्देश्य परिपूर्तिका लागि माहिला सार्की र नथुनिलाई आदर्श पात्रका

रूपमा प्रस्तुत गरे पनि आदर्श पात्र यथार्थबाट टाढिन नहुने कुरामा सतर्कता अपनाउन नसक्नु चाहिं उनको सीमा हो ।

### ३. पञ्चायती अतिवादको जीवन्त चित्रण

हरिबहादुर श्रेष्ठका कथाहरू कथासङ्ग्रहमा सङ्गृहीत सम्पूर्ण कथाहरू रचनागर्भको कालक्रमका हिसाबले पञ्चायत कालका नै हुन् । शिशु प्रजातन्त्रको घाँटी निमोठेर राजा महेन्द्रले निरङ्कुश पञ्चायती शासन व्यवस्था लागु गरे । विधिको शासनबारे वकालत गरिए पनि पञ्चायत कालमा सीमित पञ्च, मण्डलेहरूले जनतामाथि ज्यादती गरेका थिए । सरकार र प्रशासनबाट जनताले भागेर हिँड्नुपर्ने प्रतिकूल अवस्था थियो । यहीँ प्रतिकूल अवस्थामा स्वतन्त्रताको अभिलाषा राख्ने सोझा एवम् निमुखा नेपाली जनताले पाएका निर्मम यातना र दुःखकष्टबारे कथाकारले राम्ररी चित्रण गरेका छन् । भावी पिंढीलाई विगतको तीतो कालखण्डबाट सचेत बनेर प्रजातन्त्रको जगेर्नातर्फ सचेत हुनुपर्ने कुरालाई औँल्याउन खोज्ने कथाकारले पञ्चायती अतिवादलाई आफ्ना कथामा उतारेका छन् । ‘उनी कसरी कम्युनिस्ट बने कथामा प्रहरी-प्रशासनको यातना र ज्यादतीले नै ‘उनी’ पात्र कम्युनिस्ट बनेका सन्दर्भलाई कथाकारले शृङ्खलाबद्ध मालाको रूपमा उनेका छन् । क्रान्ति र सङ्क्रमणका अवधिमा पुलिस प्रशासनले गर्ने मनपरीतन्त्र, प्रजातन्त्र विरोधी नराधमहरूले गर्ने कुकृत्यलाई कथाकारले इतिहासका साक्षीका रूपमा हुबहु जस्ताको तस्तै उतारेका छन् । आखिर जनताकै जीत हुने उद्घोष गर्दै पञ्चायती अतिवादले नै कम्युनिस्टहरू बढाएको यथार्थलाई उल्लेख गरिएको छ । सरकारी दमनकै कारण भूमिगत रहनुपरेका कम्युनिस्ट कार्यकर्ताहरूको स्वच्छ र प्रेरणादायी चरित्र, सहयोगी र मिलनसार व्यवहारले जनताका आँखाको नानी बनेका घटनाक्रमलाई ‘पेसेवर कार्यकर्ता जनताका आँखाको नानी’ कथामा चित्राङ्कन गरिएको छ । यसरी पञ्चायती अतिवादले सरकारको सोच विपरीत कम्युनिस्टहरू बढाएको र जनतामाझ लोकप्रिय बनाएको सत्यतालाई प्रस्ट्याउँछ । पञ्चायती अतिवादलाई जीवन्त रूपमा चित्रण ‘उसको विचार मर्दैन’ कथामा गरिएको छ । ‘कम्युनिस्ट’ नाम नै सुन्न नचाहने प्रहरी प्रशासनले कम्युनिस्ट कार्यकर्ता एवम् शिक्षक शिबुलाई मरणासन्न हुने गरी यातना दिन्छन् । पञ्चायत कालमा प्रहरीले

राजनीतिक मुद्दामा पक्राउ परेकाहरूलाई दिने निर्मम र अमानवीय यातनाले कम्युनिस्ट विचार दबाउन नसकेको वास्तविकतालाई कथाकारले अत्यन्त कुशल ढङ्गले चित्रण गरेका छन् ।

**४. भावनात्मक प्रेमसम्बन्धको अपरिहार्यतामा जोड**

हरिबहादुर श्रेष्ठ भावनात्मक प्रेमसम्बन्धको वकालत गर्ने स्रष्टा हुन् । धनदौलत, जग्गा-जमिन, कुल, परम्पराका आधारमा गरिने प्रेम र विवाहमा सामाजिक संस्कार र रीतिरिवाजका नाममा लुप्त स्वार्थहरू हुन्छन् । विचार र भावनाको एकता, समता नभई सम्झौतामा गाँसिएका प्रेम र वैवाहिक सम्बन्धले पारिवारिक सुख कदापि मिल्दैन । वैचारिक समता र भावनात्मक एकता भएको प्रेमसम्बन्धले मात्र आदर्श समाजको निर्माण हुनसक्छ । सर्जक हरिबहादुर श्रेष्ठले 'एक कविको प्रेमकथा' मा नेता, कलाकार, साहित्यकारबाट राम्रो फलको आशा गर्ने क्रममा पारिवारिक जीवनबाट बञ्चित गर्ने स्वार्थी र परपीडक विचार राख्न नहुने तथ्यलाई औँल्याएका छन् । त्यस्तै 'आफ्नो जहानलाई पारपाचुकेको प्रस्ताव' र 'चित्त दुखाएर घर छाड्ने लोग्नेलाई जहानको आग्रह' कथामा प्रेमको महत्त्वलाई दर्शाएका छन् । भ्रष्टाचारी, शोषक र घुसखोर तथा आफ्नो व्यक्तिगत स्वार्थलाई बढी महत्त्व दिने बाबुको संस्कारमा हुर्केकी छोरी सोही अनुरूप जिद्दी, आफ्ना मात्र कुरा ठूला र महत्त्वपूर्ण मान्ने, अरूलाई मान्छे नगन्ने, कमजोरीहरूलाई सच्याई आत्मोचना गर्नुको साटो त्यसलाई ढाकछोप गर्ने र श्रीमान्सँग कहिल्यै राम्रो व्यवहार नगर्ने कारणले श्रीमान् आजित भई पारपाचुकेको प्रस्ताव राखेको र श्रीमतीले श्रीमान्लाई आइन्दा त्यस्तो गल्ती नहुने र माफी मागेको हुनाले जबसम्म श्रीमान् श्रीमतीबीचमा सद्भाव र सरसहयोग अनि मित्रतापूर्ण व्यवहार गरिँदैन तबसम्म त्यस परिवारमा सुख हुँदैन भन्ने यथार्थलाई प्रस्तुत गरेका छन् । राजनीतिक विचार नमिल्दा भावनात्मक प्रेम हुन नसकेको सत्यलाई औँल्याएर कथाकारले भावनात्मक प्रेमसम्बन्धको अपरिहार्यतामा जोड दिएका छन् तर भावनात्मक प्रेमसम्बन्धको विषय उठान गरिएको कथामा ठाउँठाउँमा राजनीतिक विचारको एकोहोरो सम्प्रेषण गर्नु सान्दर्भिक देखिँदैन ।

## ५. निर्वासित जीवनका पीडाको अभिव्यक्ति

देश र जनताको निःस्वार्थ सेवा गर्ने प्रतिबद्धता लिएर राजनीतिमा होमिएका नेता, कार्यकर्ता जेलनेलसँग पनि डराउँदैनन् । प्रतिकूल राजनीतिक अवस्था र पार्टीको निर्देशन अनुसार मध्यपश्चिमाञ्चलका विकट पहाडी जिल्लाहरूमा भूमिगत रहँदा कार्यकर्ताले खोरिया खन्ने, डोको, नाम्लो बोक्ने, पानी पँधेरो गर्ने, भकारो सोहोर्ने, गिट्ठा, भ्याकुर, एक छाक निस्तै ढिंडो खाने आदि बाध्यताको बाबजुद जनताको मन जित्ने सहयोगी व्यवहार गरेको प्रेरणादायी घटनालाई 'पेसेवर कार्यकर्ता जनताका आँखाको नानी' कथामा उल्लेख गरिएको छ । कथाकारले भारतीय भूमिमा निर्वासित रहेका नेता-कार्यकर्ताले भारतीय सुराकी, प्रहरी र स्थानीय प्रशासनले अनाहकमा दिने मानसिक यातना र सन्त्रस्त वातावरणबारे स्वाभाविक एवम् जीवन्त चरित्रमार्फत पाठकसामु छर्लङ्ग्याउने काम गरेका छन् । भारतीय सरकारले नेपालका कम्युनिस्ट नेता-कार्यकर्तासँग गर्ने द्वैध चरित्रका कारणले भोगेका दुःखकष्टलाई कथाकारले 'रात त्यसै छर्लङ्ग बित्यो' र 'बेड नम्बर एघारको घाइते' कथाहरूमा चित्रण गरेका छन् ।

## ६. वामपन्थी अराजकतावादको आलोचना

राजनीतिमा आलोचना, आत्मालोचना अनिवार्य आवश्यकता हुन् । हरिबहादुर श्रेष्ठको कथाकार व्यक्तित्वलाई नारायणमान बिजुक्छेँको राजनीतिक व्यक्तित्वले डोऱ्याएको छ । व्यक्तिहत्या, लुटपाट, डकैटी, चन्दा आतङ्क, वामपन्थी अवसरवाद, संशोधनवाद र अराजनीतिक गतिविधिले नेपाली राजनीतिमा पारेको कुप्रभावका बारेमा आफ्ना कथामार्फत पाठकसामु पुऱ्याउने काम उनले गरेका छन् । वामपन्थी अवसरवादीहरूले आफ्नो स्वार्थपूर्तिका लागि आफ्नै नेताहरूलाई पनि आक्रमण गर्ने, सुराकी लगाउने काम गर्छन् । देश र जनताप्रति सदैव वफादारी देखाउनुपर्ने नेता-कार्यकर्तामध्ये कोही यस्ता हुन्छन् जसले मौका पाउनासाथ आफ्नो दुनो सोझ्याउन जस्तोसुकै कुकर्म पनि गर्छन् र बदनामी कमाउँछन् । वामपन्थी अराजकतावादको आलोचना गरी लेखिएको 'बेड नम्बर एघारको घाइते' कथामा आफ्नै साथीहरूबाट आक्रमण गरिएपछि अस्पतालमा उपचारार्थ भर्ना भएको रामुका माध्यमबाट

अवसरवादी कम्युनिस्ट कार्यकर्ताहरूको आलोचना कथाकारले गरेका छन् । त्यस्तै आफूलाई जनताको सच्चा सेवक भनि ढ्वाङ फुकेर, देश र जनताको निः स्वार्थ सेवक भनि जनतालाई भ्रुक्यानमा पारेर आफूलाई वामपन्थी भन्नेहरू सामाजिक तथा वर्गीय उत्थानको फोस्रा नारा अघि लगाई वर्गीय उन्मुक्ति, गरिबीको समाप्ति, श्रमको मूल्य खोजी लगायतका ठूला ठूला आशा जनतालाई देखाई यथार्थमा उनीहरूको आँखामा छारो हाली आफ्नो भुँडी भर्ने नेताहरूको यथार्थको प्रतिबिम्ब 'एक 'वाम' मन्त्रीसँगको अन्तरवार्ता' कथामा एन.बी. पात्रको माध्यमबाट प्रस्तुत गरेका छन् ।

## ७. असल नागरिकको कर्तव्य पालनामा जोड

राज्यका नागरिकले 'मलाई देशले के दियो होइन मैले देशलाई के दिएँ भन्ने सोच्नुपर्दछ' भन्ने सोच राख्ने हरिबहादुर श्रेष्ठले आफ्ना कथामा सार्वजनिक सम्पतिको संरक्षण गर्नु सबै नागरिकको दायित्व हो भन्ने कुरामा जोड दिएका छन् । आफ्नो व्यक्तिगत स्वार्थको निम्ति सार्वजनिक सम्पतिको प्रयोग गर्दा सार्वजनिक सम्पति नास हुँदै जाने कुरालाई प्रस्ट्याएका छन् । उनले 'कागजमा आँसुको थोपा' कथामार्फत जसले समाजमा सामाजिक मर्यादा र सामूहिक हितमा अगाडि बढ्न सक्छ वा तद्अनुकूल कार्य गर्दछ, उ, प्रतिष्ठित बन्दछ । तर जस्ले समाजिक मर्यादा र नैतिक मूल्यलाई छोडेर व्यक्तिगत हित प्राप्तिको विषयलाई बढी महत्त्व दिन्छ, उ, समाजको तिरस्कारको तथा टिप्पणीको पात्र बन्दछ भन्ने सन्देश पस्केका छन् । त्यस्तै 'नागरिक भावना' कथामार्फत मानिस हिँड्ने बाटोमा पसलका नुनका बोरा, ड्रम र सामान थुपार्ने कार्यले सहरका चोकचोकमा दुर्घटना, जाम र समस्याहरू निम्तिने र बाटो छेउछाऊका घरपतिहरूले सार्वजनिक जग्गा अतिक्रमण गरी घर पेटी आदि निर्माण गर्नाले दुर्घटना हुने कुरा औंल्याउँदै सबैले असल नागरिकको कर्तव्य पालना गर्नुपर्ने सन्देश व्यक्त गरेका छनु । साथै 'सार्वजनिक सम्पति' कथामार्फत सार्वजनिक सम्पति संरक्षण गर्नु सबै नागरिकको कर्तव्य भन्ने सन्देश दिएका छन् । सार्वजनिक सम्पति पाटी,पौवा,पोखरी ,तलाउ, बाटो, धारो आदि व्यक्तिले आफ्नो हित र फाइदा हुने काममा गरिनु हुन्न, यदि त्यसो भयो भने त्यसको संरक्षण नहुने, नासिएर जाने र समाजमा ठूला विपत्ति आइलाग्दा भयङ्कर किसिमको नोक्सी हुनसक्नेतर्फ सङ्केत गरेका

छन् । त्यस्तै 'डायरी' कथामार्फत स्वास्थ्य, शिक्षा र विकास निर्माण पछि पर्नुको कारक तत्त्व भन्नु नै व्यक्तिभित्रको अहम, स्वार्थी र लोभीपन हो भन्ने सङ्केत गरेका छन् । कथामा प्रधानाध्यापक बन्न एकआपसमा झैझगडा गर्ने, अयोग्य भए पनि आफ्ना मान्छे मात्र शिक्षकको रूपमा भर्ना गर्ने, सहायकहरूले स्कुलका सम्पूर्ण सामानहरू घरमा लैजाने, घुस खाई वा खुवाई अनेकौं गैरकानुनी काम गरेर देशको हित नहुने र निस्थार्थ भावले समाजसेवामा लाग्नेहरूलाई समेत वितृष्णा पैदा हुनेतर्फ संकेत गरिएको छ ।

### ८. भारतीय विस्तारवादी नीतिको चित्रण तथा विरोध

हरिबहादुर श्रेष्ठले ' एकादेशको कथा' कथामार्फत सन् १९७० देखि १९९० को साम्राज्यवादी उपनिवेशवादी भारतले नेपाल लगायत त्यसका छिमेकी देशहरूमा गरिराखेको राजनीतिक तथा जासुसी गतिविधिहरू देखाएका छन् । भारतले आफ्नो स्वार्थका लागि गरिराखेको कुकृत्यहरू, गोप्य सन्धि सम्झौताहरू र खेलिराखेको चालबाजीहरूको विषयमा कथा चित्रण छ । भारतले विशेषतः दक्षिण एसिया तथा आफ्ना छिमेकी मूलुकहरूमा कुटनैतिक धुर्त्याइँले कार्य गरिरहेको विषयलाई कथाले जोड दिएको छ । भारतको नेपालप्रति बिस्तारै अत्यन्तै छलकपटपूर्ण शैलीबाट र सम्पूर्ण आन्तरिक संरचनामा मतियारहरू घुसाई राज्यका विभिन्न पेसा, जाति, क्षेत्र, वर्ग आदिलाई फरकफरक ढङ्गले प्रयोग गरेको यथार्थलाई प्रस्तुत गरिएको छ । नेहरूवादी विस्तारवादी नीतिमा लागेर विशेषतः नेपाललाई विखण्डनतर्फ लैजाने र यसको स्वाधीनतालाई घुँडा टेकाई तिब्बतसम्म चलखेल गर्ने थलोको रूपमा नेपाललाई विकसित गर्ने लक्ष्यका साथ अगाडि बढिरहेको यथार्थ कथाले खुलासा गरेको छ । नेपालको राष्ट्रिय स्वाधीनताका सवालमा अत्यन्त घोरिनुपर्ने, विचार विमर्श गरिनुपर्ने र सबैभन्दा धेरै भारतसँग चनाखो हुनुपर्ने अनेकौं महत्त्वपूर्ण कुराहरूलाई कथाकारले राम्ररी व्याख्या र वर्णन गरेका छन् ।

## ९. योग्यताका आधारमा अवसर प्रदान गर्नुपर्नेमा जोड

अयोग्य र असक्षमहरूको हातमा शासन, सत्ता, कुर्सी वा पद पुग्यो भने तिनीहरूले नाश गर्छन् । हामीलाई आज मूलुकका प्रत्येक ठाउँमा योग्य मानिसको आवश्यकता छ तर यो देशको दुर्भाग्य नै हो कि शिक्षा, राजनीति, प्रशासन सबै ठाउँमा नालायक र अयोग्यहरूको भिड छ । चाकडी-चाप्लुसी, नातावाद र कृपावादको आडमा अयोग्य व्यक्ति ठाउँमा पुग्छ । भारतबाट ल्याइने नक्कली प्रमाणपत्रबाट घुस खाई नेपालका अन्य कतिपय संस्थामा जस्तै शैक्षिक क्षेत्रमा समेत त्यस्ता व्यक्ति जाने गरेकाले शैक्षिक गुणस्तर खस्किएर बेकम्मा विद्यार्थी उत्पादन हुने र उनीहरूको भविष्य बिग्रनेतर्फ संकेत गरेका छन् । अवसरका नाउँमा योग्यता नभएकाहरूलाई पदमा राख्दा देशको विकास कदापी हुँदैन भन्ने सन्देश ‘अवसर र योग्यता’ कथामार्फत प्रस्तुत गरेका छन् ।

## १०. विषयगत विविधता

हरिबहादुर श्रेष्ठका कथाहरू प्रायशः राजनीतिकै सेरोफेरोमा केन्द्रित छन् । मार्क्सवादी दर्शनबाट प्रभावित हरिबहादुर श्रेष्ठले कम्युनिस्ट कार्यकर्ता, डाक्टर, दलित, मुसलमान, भारतीय सहरमा निर्वासित नेता, कार्यकर्ता आदिका विषयमा कथावस्तु बुनेका छन् । ग्रामीण र सहरी क्षेत्रका धनी-गरिब, शिक्षित-अशिक्षित सबैखाले पात्रलाई उनले चरित्रका रूपमा उभ्याएका छन् । ‘हरिबहादुर श्रेष्ठका कथाहरू’ र एकादेशको कथा कथासङ्ग्रहमा समावेश कथाहरूमा जातीय विभेद, लैङ्गिक असमानता, वर्गीय द्वन्द्व, राजनीतिक प्रतिबद्धता, पञ्चायती शासकको ज्यादती, भ्रष्टाचारीहरूको चलखेल, भारतीय सरकारको दोहोरो चरित्र , भारतीय सरकारको विस्तारवादी नीति, सार्वजनिक सम्पतिको महत्त्व र असल नागरिकको दायित्व आदिलाई कथाकारले विविध विषयका रूपमा कथामा समुचित संयोजन गरेका छन् ।

## ११. सरल भाषाशैलीको प्रयोग

कथाकार हरिबहादुर श्रेष्ठ सरल भाषाशैलीको प्रयोग गर्ने कथाकार हुन् । कथा साहित्यिक अभिव्यक्तिको सबैभन्दा सरल र प्रभावकारी माध्यम हो भन्ने धारणा राख्ने हरिबहादुर श्रेष्ठले आफ्ना सबै कथामा सरल, सहज, सुललित र सम्प्रेष्य भाषाशैलीको प्रयोग गरेका छन् । उखान, टुक्का, झर्रा शब्द, तत्सम पदावली, केही नेवारी शब्दावलीको समेत प्रयोग कथाकारको भाषिक वैशिष्ट्य नै हो । कथाकारले आख्यानवाचक ढाँचा वा वर्णनात्मक शैलीका साथै आत्मकथनात्मक सम्वादात्मक शैलीको प्रयोग गरेका छन् ।[३३] नेवारी मातृभाषाका कारणले होला उनका कथाहरूका केही अंशमा पदसङ्गति र वर्णविन्यास नमिलेकाले भाषाशैली स्तरीय हुन भने सकेको छैन ।

## १२. वर्गीय पहिचान र वैचारिक सम्प्रेषणमा जोड

कथाकार हरिबहादुर श्रेष्ठले आफ्ना कथाहरूमार्फत मानिसको जन्म, जात, पेसा, धर्म, लिङ्गका आधारमा नभई वर्गका आधारमा परिचय र अस्तित्व कायम हुन्छ भन्ने विचारलाई सम्प्रेषण गरेका छन् । हरेक मानिसले वर्गीय पहिचान गर्नुपर्ने र आफ्नो वर्गीय स्वार्थको रक्षार्थ क्रियाकलाप गर्नुपर्ने तथ्यलाई सबैले मनन गर्नुपर्छ । शोषक, सामन्तमा वर्गीय चेत हुन्छ तर निम्न वर्गका विपन्न मानिसमा सङ्गठित वर्गीय चेतना हुँदैन । वास्तवमा निम्न वर्गको सङ्गठित वर्गीय चेतना नै जनताको अजेय शक्ति हो । सो अजेय शक्तिको जागरणका लागि जनतालाई सुसूचित पार्ने, सचेत र सङ्गठित बनाउने काम नेता कार्यकर्ताहरूले गर्नुपर्छ । राजनीति र साहित्य दुवै क्षेत्रलाई देश र जनताको सेवा गर्ने माध्यमको रूपमा लिने हरिबहादुर श्रेष्ठका सबै कथाहरूमा वर्गीय पहिचानका लागि जोड दिइएको छ । सामन्त र शोषक वर्गको विरोध गर्ने कथाकार हरिबहादुर श्रेष्ठले शोषित- पीडित वर्गप्रति सहानुभूति प्रकट गरेर शोषित-पीडित

---

३३ जगदीश भण्डारी, पूर्ववत् ।

वर्गको वर्गहीन आदर्श समाजको स्थापनाका लागि सङ्घर्षशील रहनुपर्ने विचार सम्प्रेषण गरेका छन् ।

### १३. उद्देश्यप्रति सुस्पष्ट र दृढ

कथाकार हरिबहादुर श्रेष्ठ कथाको कलात्मक पक्षभन्दा लेखकीय उद्देश्यप्रति अत्यन्त सचेत प्रतीत हुन्छन् । जुनसुकै विषयमा उठान गरिएका उनका कथामा श्रमजीवी, किसान, मजदुर, श्रमिकको पक्षमा कुनै न कुनै रूपमा आवाज बुलन्द गरिएको हुन्छ । समाजवादी यथार्थवादी कथाकारहरूले उद्देश्यलाई कथातत्त्वको आत्मा नै मानेका हुन्छन् । कथाकार श्रेष्ठले पनि गरिब, विपन्न वर्ग, श्रमजीवी, किसान, मजदुरलाई वर्गीय चेतना दिलाउने, वर्गीय शक्तिको पहिचान गर्ने, शोषक-सामन्तको विरूद्ध आवाज बुलन्द गर्ने, क्रान्तिको महायज्ञमा निःस्वार्थपूर्वक होमिएर देशको नवनिर्माण गर्ने, अन्याय अत्याचारको सदैव विरोध गर्ने सन्देश प्रवाह गरेका छन् । समाजवादी यथार्थवादी कथाकार श्रेष्ठ आफ्ना सबै कथाहरूमा मार्क्सवादी दर्शन र उद्देश्यप्रति सुस्पष्ट र दृढ देखिन्छन् ।

## ३.४. निष्कर्ष

निष्कर्षमा हरिबहादुर श्रेष्ठले नेपाली समाजभित्र पसेर तात्कालीन शोषित-पीडित जनताका विद्यमान पञ्चायती व्यवस्थाप्रतिको असन्तोष र आक्रोश, शासकीय दुर्व्यवहार, अन्याय र अत्याचार, विद्यमान सामाजिक समस्या, जातिगत विभेद, सरकारी रवैया तथा कम्युनिस्ट कार्यकर्ताहरूको समर्पणभाव, वामपन्थी अराजकता र देश र जनताको सेवामा समर्पित कार्यकर्ताले भोग्नुपरेका समस्यालाई सरल,सहज र स्पष्ट भाषाशैलीमा उतारेका छन् । वर्गीय असमानता, पूँजीवादी सामन्ती व्यवस्थाको अन्त्य र न्याययुक्त समतामूलक सामाजिक व्यवस्था निर्माणमा जोड दिएर कथा लेख्ने मार्क्सवादी दृष्टिकोण भएका श्रेष्ठका कथाहरूले उनलाई समाजवादी-यथार्थवादी कथाकारका रूपमा स्थापित गरेका छन् ।

## चौथो परिच्छेद

# हरिबहादुर श्रेष्ठका कथाहरूको विश्लेषण

### ४.१. विषयपरिचय

हरिबहादुर श्रेष्ठ नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने बहुप्रतिभाशाली व्यक्तित्व हुन् । उनको साहितियक यात्राको झन्डै छ दशक लामो समयमा उनका २ वटा कथा सङ्ग्रह प्रकाशित भइसकेका छन् । उनका कथाहरू सामाजिक यथार्थको धरातलमा उभिएकार सामाजिक विकृति, विसङ्गति, अन्धविश्वासको विरोध, वर्गीय विभेद, छलछाम र बेइमानीको चिरफार, सेवामा समर्पण आदि विषयको संयोजनले रोचक, शिक्षाप्रद र प्रेरणादायी बनेका छन् । उनका कथासङ्ग्रहहरू **हरिबहादुर श्रेष्ठका कथाहरू** (२०५९) र **एकादेशको कथा** (२०६७) हो । उनका यिनै कथासङ्ग्रहहरूमा समावेश गरिएका कथाहरू भएका कथावस्तु,पात्रहरूको अवस्था, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैली लगायतमा केन्द्रित भई अध्ययन गरिएको छ ।

### ४.२. 'हरिबहादुर श्रेष्ठका कथाहरू' कथासङ्ग्रहको विश्लेषण

### ४.२.१. परिचय

हरिबहादुर श्रेष्ठका प्रकाशित २ वटा कथासङ्ग्रहमध्ये **हरिबहादुर श्रेष्ठका कथाहरू** कथा सङ्ग्रहमा १० वटा कथाहरू रहेका छन् । नेपाल मजदुर किसान पार्टी,केन्द्रीय प्रकाशन समितिबाट २०५९ सालमा प्रकाशित यो सङ्ग्रह जम्मा १-९४ सम्म मूल भाग तथा सादा आवरण,प्रकाशकीय कथाक्रमका १२ पृष्ठ गरी जम्मा १०६ पृष्ठमा संरचित रहेको छ । यस सङ्ग्रहमा समावेश कथाहरू *(१) उनी कसरी कम्युनिस्ट बने ?, (२) गाउँको चिठी, (३) बुबा, म स्कूल जान्न, (४) उसको विचार मर्दैन, (५) पेशेवर कार्यकर्ता जनताका आँखाका नानी, (६) म जनताको डाक्टर बन्ने छु , (७) नथुनि किन थुनिए ?, (८) एक कविको प्रेमकथा, (९) रात त्यसै छर्लङ्ग बित्यो, ( १०) बेड नम्बर एघारको घाइते* रहेका छन् । यिनै कथाहरूलाई कथातत्त्वका आधारमा यहाँ अध्ययन गरिएको छ ।

### ४.२.२. 'हरिबहादुर श्रेष्ठका कथाहरू' कथासङ्ग्रहका कथाहरूको विश्लेषण

हरिबहादुर श्रेष्ठका लिखित उपर्युक्त कथाहरूलाई अध्ययन तथा विश्लेषण गर्न कथाका तत्त्वहरूलाई आधार मानिएको छ । यहाँ उनले लेखेका कथाहरूलाई कथानक, सहभागी/सहभागीता, परिवेश, उद्देश्य, दृष्टिविन्दु र भाषाशैलीय विन्यासका आधारमा अध्ययन गरिएको छ ।

**१. कथानक**

आख्यानात्मक कृतिमा पाठकलाई ध्यानाकर्षित गर्न तथा रूचि एवम् संशय जगाउन चयन गरिएका घट्नाहरूको विन्यास र अन्तःसम्बन्धलाई कथानक भनिन्छ । लेखकले कृतिमा इच्छित प्रभाव प्राप्त गर्नका लागि सावधानीपूर्वक गरिएको घटनाहरूको विन्यास नै कथानक हो । कृतिमा घटनावलीको विन्यास,योजना, रूपरेखा वा ढाँचा नै कथानक हो । पाठकलाई उत्सुकता र संशय पैदा गराउने खालका घटना प्रसङ्ग र चरित्रको सङ्गगठनलाई पनि कथानक मानिन्छ ।[३४] कथानक आदि मध्य र अन्त्य गरी तीन भागमा विभाजित हुन्छ ।

'उनी कसरी कम्युनिस्ट बने ?' कथामा २०१७ सालपछिको पञ्चायत व्यवस्थामा शोषक, सामन्त, भ्रष्ट्राचारी र जालीफटाहाहरूबाट भएका अनेक छलछाम र थिचोमिचोलाई प्रस्ट रूपमा देखाइएको छ । भूमिसुधार, सहकारी संस्था,बचतकोष, पञ्चायत र प्रशासनको मनपरी र त्यसको विरोधमा सङ्घर्ष गर्ने कार्यकर्ताहरूको चित्रणले जनताको तात्कालीन अवस्था र जनअसन्तोषको चित्रण गर्दछ । यसमा नेपाल कम्युनिस्ट आन्दोलनमा देखापरेका व्यक्तिहत्या,आतङ्कवादी झुकाव र उताउलो दृष्टिकोणसँगको सैद्धान्तिक मतभिन्नतालाई सुक्ष्म रूपमा देख्न सकिन्छ । यस कथाले देशका विभिन्न भागमा भएका सङ्घर्षहरू र नेपाल कम्युनिस्ट आन्दोलको एक पक्षको झलक दिन्छ ।

---

३४. खगेन्द्रप्रसाद लुइटेल, **नेपाली उपन्यासको इतिहास** (काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान,२०६९) पृ. ४० ।

कथाको सुरूआत कृष्णचाको पसलबाट हुन्छ । प्रत्येक दिन ४-५ घण्टामात्र बन्द हुने आलु तरकारी र चियामा सहरभरि नाउँ कमाएको कृष्णचाको पसलमा प्रायः सबै खाले मानिसहरूको जमघट हुन्थ्यो । कृष्णचाको पसलमा रहेका सबैको ध्यान 'उनी' पात्रकै विषयमा पूर्णतः केन्द्रित रहेको बेलामा अञ्चलाधीस अफिसमा पाले काम गर्ने ४५-५० वर्षका ज्यापु किसान राम दाइको प्रवेश हुन्छ । अञ्चलाधीश कार्यालयमा 'उनी' पात्रले दिएको साबिती बयानका आधारमा 'उनी' सरकारी यातना, दमनले नै कम्युनिस्ट बनेका हुन् भनी उनले सबैका सामु छर्लङ्ग पार्छन् । 'उनी' पात्र गरिब, निमुखा किसानहरूलाई प्रहरी, प्रशासन र शोषक सामन्तले दुःख दिएको सहन सक्दैनथे । गरिब किसानहरूका हितार्थ उनी साँढे धपाउने, बाली काट्ने, भर्पाई आन्दोलनमा क्रियाशील थिए । सरकारले भूमिसुधार र सहकारी संस्था लागु गर्‍यो । सरकारी रबैया भएका सीमित स्वार्थी, षड्यन्त्रकारी, भ्रष्ट र नाफाखोर कर्मचारी र पदाधिकारी मिलेर जनताको बचतलाई व्यक्तिगत शुभलाभमा प्रयोग गर्न थाले । जनताको रगत पसिनाको कमाइमाथि मनोमानी गर्ने शोषक-सामन्त र प्रशासकको विरोधमा 'उनी' सक्रिय हुनथाल्छन् । 'मंगले चगुठी' जस्ता भ्रष्टहरूका विरूद्धका संगठित रूपमा आवाज बुलन्द गर्नका लागि 'उनी' चोटा बैठक, प्रशिक्षणमा खटिन्छन् । 'उनी' माथि प्रहरी, प्रशासनको चासो, निगरानी र खोजतलास बढ्नथाल्छ । शान्ति सुरक्षामाथि खलल पुर्‍याएको, अवाञ्छित कार्य गरी सोझा सिधा किसानलाई भड्काएको आरोपमा उनलाई पक्राउ गर्न खोजिन्छ । धेरै दिन आफ्नै घरको बुइँगलमा र केही समय किसान कार्यकर्ताहरूको घरमा लुकीछिपी बस्दै राजनीतिक सचेतता एवम् सङ्गठन विस्तारमा क्रियाशील 'उनी' अन्ततःपक्राउ पर्छन् । प्रहरी प्रशासन, शोषक, सामन्तको दमनले नै आफूलाई सच्चा कम्युनिस्ट बनाएको कुरा 'उनी' पात्र सगर्व स्विकार्छन् । **'उनी कसरी कम्युनिस्ट बने ?'** कथा प्रश्नात्मक संरचनामा कौतूहलपूर्ण कथानकको विस्तार गर्दै उत्कर्षमा पुर्‍याई सरकार आफैले उनलाई कम्युनिस्ट बनाएको निष्कर्षसहित कथानक टुङ्गिएको छ । कथामा रैखिक र वृत्ताकारीय दुवै ढाँचाको प्रयोग गरिएको छ ।

'गाउँको चिठी' पत्रात्मक शैलीमा लेखिएको कथा हो । डाक्टर बनेर मकवानपुर जिल्लाको फापरबारी गाउँमा पुगेका डा. श्रेष्ठद्वारा सहरमा सेवारत आफ्ना सहकर्मी डा. शर्मालाई लेखिएको सामाजिक रूपान्तरणको साहसिक आह्वान **'गाउँको चिठी'** कथा हो । चिठी भईकन पनि आख्यानात्मक तत्त्वले भरिपूर्ण हुनु कथाको मूल विशेषता हो । शीर्षक अनुरूप पत्रात्मक शैलीमा लेखिएको यो कथा मूलतः वर्गीय असमानताका कारण गाउँमा रहेका सोझासिधा नेपालीहरूको वास्तविक कथाव्यथालाई उनिएको कथा हो । आफ्नो अध्ययन पूरा गरेर डा. श्रेष्ठ मकवानपुरको फापरबारीमा पुगेका छन् । उनलाई गाउँमा सबैले जन्मराज, जन्मदाता, जीवनदाता, अमृत र मृतसञ्जीवनी मानेका छन् । तर उनी जमिनदार बखतबहादुर, आफूतारे दनुवार साहु, ठूलो डमरे साहु लगायतका शोषक सामन्तको स्वागत सत्कार र सहयोगलाई अत्यन्त राम्रो मान्छन् । गरिब, अनपढ र सोझा गाउँलेहरूको फोहोर र मैलो हात, पाउ, शरीर देखेर घिन मान्छन् । गाउँलेले आफ्नो फिस तिर्न नसक्ने भएकाले उनीहरूप्रति झर्कोफर्को देखाउँछन् । जमिनदार, गाउँका पढेलेखेका र ठूलाबडा, प्रधानपञ्च, सभापति माननीयकहाँ सेवाको लागि सामान्य बोलावटमै हाजिर भई औषधोपचार गरिदिन पाउँदा र बक्सिसका रूपमा आफ्ना हातमा नोटहरू थमाइँदा उनी निकै खुसी हुन्छन् । तिनै सामन्तबाट उपहारका रूपमा उनको डेरामा चामल, दाल, घिउ, दूध र तरकारी तथा चाडपर्वमा मासु र कोसेली आइपुग्छन् । त्यसको बदलामा औषधि गर्न नसक्ने गरिबका लागि सरकारले अनुदान दिएका औषधि, दूध, भिटामिन, टोनिक, ग्लुकोज शोषक, सामन्तलाई कृतज्ञतापूर्वक समर्पण गर्दछन् । यसरी शोषक सामन्तका हिमायती र पृष्ठपोषक बनिरहेका डा.श्रेष्ठ शिक्षक भण्डारीको सम्पर्कमा पुग्छन् । शिक्षक भण्डारीले क्रान्तिकारी किसान कार्यकर्ता युवकको उपचारका लागि उनलाई लग्छन् । युवकले शारीरिक रोगभन्दा सामाजिक र राजनीतिक रोगको उपचारमा लाग्नुपर्नेतर्फ प्रेरित गर्दछन् । छ महिनाभन्दा बढी कठिन परिश्रम गरेर धान फलाएको धमन परिवारले एक गेडा धान भित्राउन नपाएको र एक छाक भातसमेत खान नपाएको घटनालाई डा. श्रेष्ठले बुझ्न थाल्छन् । शिक्षक भण्डारी र किसान कार्यकर्ताहरूको सङ्गतले उनी 'डाक्टरका लागि जनता होइन, जनताका लागि डाक्टर हुनुपर्छ' भनी निष्कर्षमा पुग्छन् । क्रान्ति नै सबै रोगको उपचार हो भन्ने निष्कर्षसहित सयौँ-हजारौँ

धमन र धमन परिवारको आँसु र केटाकेटीको रूवाबासीलाई रिस र बलमाफेरेर क्रान्तिमा होमिने निर्णय गर्छन् । यथार्थ घटनालाई कथानकको मूल स्रोत बनाइएको प्रस्तुत कथा रैखिक ढाँचामा विस्तारित गरिएको छ ।

'बुबा ! म स्कूल जान्नँ' सत्य घटनामा आधारित कथा हो । कथाकारले भूमिगत राजनीतिक जीवन बिताउने क्रममा नारायणी अञ्चलको तराईको गाउँको एक स्कुलमादेखेको घटनालाई छोटो आयामको कथाको रूपमा प्रस्तुत गरेका छन् । प्रजातन्त्रको बहालीपछि पनि मुलुकमा जातीय छुवाछुत र भेदभाव अन्त्य नभएको वास्तविकतालाई कथाले मार्मिक रूपमा प्रस्तुत गरेको छ । फागुनको पहिलो साता तराईको फाँट चकमन्न थियो । मध्यान्हकालीन चर्को घाममा पनि माहिला सार्की जुत्ता सिइरहेको हुन्छ । नजिकैबसेर घरको सुसेधन्दामा लागिरहेकी माहिलीले "भोलि त फागुन ७ गते प्रजातन्त्र दिवस रे । साँच्चै प्रजातन्त्र भनेको के हो कालेका बा ?" भनी सोध्छे । माहिलाले झर्कदै "ओहो! आइमाईको जात त्यति पनि बुझ्दैनौ । प्रजातन्त्र भनेको सबै जात समान, ठूलो-सानो, धनीर गरिब छैन भनेको हो" भनी सम्झाउँछ । त्यही बेला सिलोट र पुस्तक च्यापेर काले घरतिर आउँछ । आज शुक्रबार पनि नभएकाले १ बजे नै छोरो घर फर्कंदा कालेका आमाबुबा अचम्ममा पर्छन् । स्कुलबाट किन भागेर आइस् भन्ने हप्काइको बेवास्ता गर्दैकालेले लोटाको पानी घटघट पिउँछ । स्कुलमा छोइएला भनेर कसैले पानी पिउनै दिँदैनन् भनेर कालेले रिस र हारेको स्वरमा जवाफ दिन्छ । प्रजातन्त्रपछि पनि ठूलो मास्टर साहेब रस्कुलमा पढ्ने ठूलो जात भनिएकाहरूले अछुतलाई पानी छोइएला भनेर विद्यालय जस्तो ज्ञानको पवित्र मन्दिरमा समेत भेदभाव गर्छन् । प्रजातन्त्र आयो, २०१७ सालको मुलुकी ऐनपनि लागु भयो, छुवाछुत मान्न पाइन्न भनेर पनि घोषणा गरियो तर व्यवहारमा लागु भएन। जातपात सबै मान्छेले नै बनाएको हो । कम्युनिस्ट व्यवस्था नआएसम्म यस्तो असमानता र विभेद बाँकी रहिरहन्छ । यस्तै भेदभाव, असमानता, थिचोमिचो र छोइछिटोसँग लड्न पनि स्कुल पठाउनुपर्छ भनी माहिलाले कालेकी आमालाई सम्झाउँछ र कथा टुङ्गिन्छ । कथा रैखिक ढाँचामा अघि बढेको देखिन्छ ।

'उसको विचार मर्दैन' वैचारिक सुस्पष्टताको सर्वोकृष्ट नमूना हो । गुमेको प्रजातन्त्रलाई पुनः स्थापित गरी जनतालाई स्वाधीन,स्वतन्त्र र पल्लवित बनाउने नेपाली जनता शौर्य, साहस लिएर पञ्चायत अतिवादिताका विरूद्धमा सङ्घर्षरत रहेको यथार्थ तथा जनताको बलिदान, साहस, शौर्य र गौरवलाई कथास्रोतका रूपमा लिई कथाकारले 'उसको विचार मर्दैन' कथाको रचना गरेका छन् । देश र जनताप्रति इमान्दार कार्यकर्ताहरूको विचार दबाउन खोज्ने शासकहरू तथा शासन व्यवस्थाको अन्त्य हुने कुराको सङ्केत कथामा समेटिएको छ ।[३५]

कथाको सुरूआत पुलिस चौकीबाट हुन्छ । कम्युनिस्ट भनेको नामै पनि सुन्न नचाहने सरकार, प्रशासन र प्रहरीको सञ्जालमा परेर पक्राउ परेको शिबुलाई हवल्दारले अत्यन्त निकृष्ट र अमानवीय व्यवहार देखाउँछ । नेपाल र भारतको सीमाक्षेत्र सुस्तामाथि भारतीय अतिक्रमण र भारतीय विस्तारवादको विरोधमा राष्ट्रियताको भावनाले ओतप्रोत शिबुका दाजु सक्रिय हुन्छनु । सरकारले जनविरोधलाई सजिलै पचाउन सक्दैन र प्रहरी प्रशासनले घरघरमा छापा मार्छ । यसै क्रममा शिबुजस्तै थुप्रै निर्दोषलाई प्रहरीले पक्राउ गर्न र यातना दिन थाल्छ । शिबुलाई ललाइफकाइ गर्दा नमानेपछि मारेर टुक्राटुक्रा पार्ने र गाड्ने धम्की पनि दिन्छन् । किसान कार्यकर्ताबाट प्रशिक्षित स्वाभिमानी शिबुले आफ्ना दाजु र अन्य किसान कार्यकर्ताका बारेमा पोल खोल्दैनन् । प्रहरीले पटकपटक मृत्युको धम्की दिँदा पनि "तिमीहरू मलाई मार्न सक्छौ तर मेरो विचारलाई मार्न सक्दैनौ । एउटा शिबुको मृत्युले हजारौँ शिबुको जन्म हुन्छ" भनी सगर्व उद्घोष गर्छन् । आफूलाई गैरकानुनी तवरबाट थुनुवा पुर्जीसमेत नदिई ४-५ दिन थुनेको, राजकाजको मुद्दामा फसाएको र खानपिउन समेत नदिएर पशुवत् व्यवहार गरेको कुराको उनी घोर बिरोध गरिरहन्छन् । अन्तमा शिबुको वैचारिक दृढताबाट आजित प्रहरी प्रशासनले थुनुवा पुर्जीसहित उनलाई जेल चलान गरिन्छ र कथा टुङ्गिन्छ । तुलनात्मक रूपमा अन्य कथामा भन्दा यस कथामा आदि, मध्य र अन्त्यको कथानक ढाँचा बढी सबल देखिन्छ ।

---

३५ डिल्लीराज जोशी, पूर्ववत् पृ.४६ ।

'पेशेवर कार्यकर्ता जनताका आँखाको नानी' कथामा एक कम्युनिस्ट कार्यकर्ताको सेवा र समर्पणको चित्रण गरिएको छ । सर्जक हरिबहादुर श्रेष्ठ स्वयमले पञ्चायतकालीन भूमिगत अवस्थामा मध्य पश्चिमाञ्चल क्षेत्रका दैलेख, कालीकोट, हुम्ला, जुम्ला लगायतका विकट पहाडी जिल्लाहरूमा देखेभोगेका घटनाक्रम नै यस कथाको मूल कथानक हो ।

जनतासँगै बसेर जनताको सेवा गर्ने र राजनीतिक रूपले जनतालाई सचेत रसङ्गठित तुल्याउने उद्देश्यले पार्टीको निर्देशनअनुसार विकट पहाडी जिल्लामा बसिरहेको वीरेसबै गरिब र विपन्न वर्गको सुख ल्याउने एकमात्र बाटो क्रान्ति भएकाले क्रान्तिका लागिसबैले त्याग गर्नुपर्छ भन्ने ठान्दछ । आफ्नो विचारप्रति दृढ, आलोचना-आत्मलोचनालाई सजिलै आत्मसात् गर्ने वीरेमा 'म ठूलो हुँ' भन्ने अभिमान कहिल्यै भएन । गाउँमा गिट्टा,ढिंडो, खोलेफाँडो जे छ, त्यसैलाई सहर्ष ग्रहण गर्ने वीरेले गाउँको रोदीघरलाई पढ्नेपाठशाला बनाइदियो । गाउँका युवाहरूलाई जुवातास खेल्नुहुँदैन र त्यसका सट्टामा सिर्जनात्मक काममा लाग्नुपर्छ भनी सचेत तुल्यायो । गाउँका जालीफटाहालाई सामाजिक रभौतिक कारबाही गर्न उसले श्रमजीवी किसानहरूलाई प्रेरित गरेको छ । सरकार र८ यवस्थाले नै धनी र शोषक सामन्तलाई गरिबहरूबाट लुट्न दिइरहेको छ । गरिब विरोधी सरकार र व्यवस्थालाई पल्टाउन गरिब जनताको सङ्गठित पल्टन बनाउन वीरे पार्टीको निर्देशनअनुरूप दिनरात लागिपरेको छ । गरिब निमुखा जनताका आँखामा वीरेजस्तो पेसेवर कार्यकर्ता साच्चै नै आँखाका नानी भएका छन् ।

'म जनताको डाक्टर बन्नेछु' कथामा छात्रवृति पाएर विदेशमा पढ्न जाने धेरैजसो विद्यार्थीहरू सम्पन्न वर्गकै छोराछोरी र कम संख्यामा मात्र मध्यम वर्गका जेहेन्दार विद्यार्थी हुने गरेको र गरिब र तल्लो वर्गका जनताका छोराछोरीलाई त्यस्तो अवसर विरलै पाइने विषय उल्लेख छ । शोषक वर्गका छोराछोरीले विदेशमा पनि आफ्नो वर्गीय चरित्र तल्लो वर्गलाई थिचोमिचो गर्ने स्वभाव लिएरै गएको चित्रण स्पष्टसँग गरिएको छ । ठूलालाई रिझाउने र सानालाई कजाउने सामन्ती संस्कारबाट ग्रसित डा. श्रेष्ठले भारतमा अध्ययनका क्रममा भारतीय भान्छे केटामाथि गरेको

अत्याचार र त्यसलाई सच्याउन डा. भट्ट र अधिकारीले गरेका प्रयासपछि डा. श्रेष्ठले अनुभूति गरेको पश्चातापबारे यो कथा लेखिएको छ ।

आफू परिपक्व र सम्भ्रान्त बौद्धिक वर्ग भएको दम्भमा श्रमजीवीमाथि अन्याय गरेको, देशप्रति अनुत्तरदायी बनेकोमा डा. श्रेष्ठलाई डा.भट्ट र अधिकारीले सम्झाउँछन् । साथै बुद्धिजीवीहरूले पनि पेशागत रूपमा साँघुरो सोचाइमा सीमित नरही देश र जनताको लागि सोच्नुपर्ने भनि प्रेरित गर्छन। । बाटो बिराएको छोरोलाई हराएको भन्न मिल्दैन भनेझैं ऊ पनि देश र जनताको सेवाका लागि जनताको डाक्टर बन्ने प्रण गर्छ । आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा कथानकको विस्तार गरिए पनि कथामा वर्तमानबाट अतीततिर फर्किएको वृत्ताकारीय कथानकको ढाँचाको प्रयोग गरिएको छ ।

'नथुनि किन थुनिए?' कथा तराइका बारा र रौतहटमा हिन्दू मुसलमानबीच साम्प्रदायिक दंगाको वीजारोपण कसरी भयो भन्ने विषय कथामा उठान गरिएको छ । दोस्रो विश्वयुद्धपछि साम्राज्यवादी मुलुकहरूले कमजोर र विकासोन्मुखमुलुकहरूमाथि धार्मिक र सांस्कृतिक आक्रमण सबैभन्दा उत्तम माध्यम बनाएका छन् । शोषक, सामन्तहरूले पनि दासयुगमा जस्तै प्रत्यक्ष रूपमा नभएर धार्मिक, जातीय,साम्प्रदायिक कुरा उठाएर जनतालाई सताइरहेका छन् । 'फुट गर र राज गर' को चाणक्यनीति अनुरूप शोषक सामन्तले जनतामाथि गर्ने ज्यादतीका बारेमा लेखिएको उत्कृष्ट कथा हो - 'नथुनि किन थुनिए ?' ।

नथुनि गाउँको सोझासिधा, मेहनती, इमानदार र स्वाभिमान किसान हुन् । गाउँलेसँग सामान्य भलाकुसारी र व्यावहारिक बातचित गरिहेका नथुनिका अगाडि दलबलसहित एकहुल मानिसहरू आउँछन् । हुलका माझमा जिल्ला पञ्चायतको सभापति, राष्ट्रिय पञ्चायतको सदस्य, जिल्लाको धनी, प्रतिष्ठित शोषकहरू घोडामा सवार देखिन्छन् । उनीहरूले नथुनिलाई सबै गाउँलेलाई बटुलेर मुसलमानहरूको घरमा आगो लगाउन जाऔँ भनी आग्रह गर्छन् । नथुनि आफूलाई हिन्दू वा मुसलमानका रूपमा नचिनाई हलो जोत्ने किसान हुँ भन्न मन पराउँछन् । आफूलाई कुनै मुसलमानले दुःख दिएको छैनबरू हिन्दूहरूले चुसिरहेका छन् भन्नलाई उनी कति पनि

डराउँदैनन् । जातीय र साम्प्रदायिक द्वन्द्वले गृहयुद्धलाई नै निम्त्याउँछ । जात, धर्म, सम्प्रदाय, लिङ्ग, पेसाभन्दा वर्ग र विचार ठूलो भएको कुरालाई नथुनिले राम्ररी बुझेका छन् । हिंसाले प्रतिहिंसालाई जन्माउँछ भन्ने शाश्वत तथ्यलाई मनन गर्न नसकेका प्रशासक, शोषक, सामन्तहरू चकित हुन्छन् । एकापसमा कानेखुसी गर्छन् । विचार र तर्कसँग हारेका ती सबैजना नथुनिलाई फसाउने एउटै निर्णयमा पुग्छन् । जिल्ला पञ्चायतको सभापतिले नथुनिलाई किसान कार्यकर्ता भएर व्यवस्था र सरकारको विरूद्धमा जनतालाई भड्काएको आरोपमा पुलिसद्वारा समात्न लगाउँछन् । यसरी व्यवस्था र शोषक सामन्तको विरोधमा लाग्नेहरूलाई कसरी परिबन्दमा पारिन्छ र जेलजीवन भोग्न बाध्य तुल्याइन्छ भन्ने कुरालाई 'नथुनि किन थुनिए ?' कथामा प्रस्तुत गरिएको छ । यो कथा अत्यन्त छोटा दश अनुच्छेदमा र जम्माजम्मी २२४ शब्दमा संरचित रचना भएकोले कथा नभई लघुकथा हो भनी किटान गर्न सकिन्छ ।

'एक कविको प्रेमकथा' कथामा प्रेम र विवाह शारीरिक भन्दा भावनात्मक सम्बन्धमा हुनुपर्नै कुरालाई जोड दिइएको छ । यस कथामा विवाह र प्रेमसम्बन्धि प्रगतिशील मान्यता प्रस्तुत गरिएको छ । शारीरिक प्रेम र विवाह रूप र सौन्दर्यमा निर्भर रहने, भावना, विचारको समता नहुने दुर्घटनाको कारण हुनसक्ने कुरातर्फ सङ्केत कथाले गरेको छ । असफल प्रेमीको संज्ञा पाएका कविको प्रेमकथाले जनमानसमा चासोका पात्र बनेका कवि, कलाकार, राजनीतिज्ञको वैयक्तिक जीवन र आन्तरिक व्यथालाई कथामा समेट्न खोजीएको छ ।

विश्वविद्यालयमा अध्ययनरत रहँदा एक युवतीसँग कविको प्रेम थियो । पढाइको विषय हुँदै उनीहरू देशको बिग्रँदो परिस्थिति, नेपाली साहित्य र राजनीतिक अस्थिरताबारे घण्टौंसम्म कुरा गरिरहन्थे । बिदाको समयमा नयाँनयाँ ठाउँमा टाढाटाढासम्म घुम्न जान्थे । दुबै एक अर्काको अभावमा अपूर्ण सम्झन्थे । एकदिन कलेजको पार्कका अन्य केटीहरूसँग 'केटाहरू केटीहरूको विषयमा झगडा गर्छन्, तिनीहरू बडा उत्ताउला हुन्छन् र पछि लाग्छन्' भनेको वाक्य कविको कानमा ताता झीरहरूजस्तै पस्छन् ।कवि विस्तारै तिनीबाट टाढिन्छन् । कविको कम्युनिस्ट

पार्टीसँगको सम्बद्धताबाट अलग्याउन पनि तिनी प्रयत्न गर्न थाल्छिन् । अन्ततः साहित्यसँग राजनीतिक क्षेत्रलाई आफ्नो कर्मक्षेत्र बनाएका कविले आफ्नी प्रेयसीबाट उपहारस्वरूप प्राप्त फोटो र कलमलाई अमर प्रेमको चोखो निसानीका रूपमा सम्हालेर राख्छन् । सोही फोटोलाई दराजमाथि फ्रेममा सजाएर राखेको र तिनीबाट प्राप्त कलमलाई प्रेरणाको स्रोतको रूपमा लिई त्यसैबाट साहित्य रचनागर्ने कुरा कविले सभामा जानकारी गराउँछन् । व्यथित कविको प्रेमकथा सुनिसकेपछि उनीप्रति सहानुभूति जनाउँदै सबैजना आ-आफ्नो घरतिर लाग्छन् र कथा टुङ्गिन्छ ।

'रात त्यसै छर्लङ्ग बित्यो' कथा भारत प्रवासमा रहँदा नेपाली राजनीतिक कार्यकर्ताले भारतीय प्रशासनबाट भोग्नु परेका दुःख, कष्ट र यातनालाई प्रतिबिम्बित गरिएको कथा हो । गर्मीको समय रातको १० बजे किसान कार्यकर्ता रामदाइ आफ्ना साथी गोविन्दलाई अङ्ग्रेजी र नेपाली भाषाका केही पाठहरू बुझ्न मद्दत गर्दै हुन्छन् । रामदाइले हातहतियार जम्मा पारेको तता नक्सालवादी सम्बन्ध भएको सुराकी त्यहाँको प्रहरीलाई दिएको हुन्छ । प्रहरीले खानतलासी गर्दा शङ्कास्पद केही वस्तु बरामद नभएको र केही सामान नलिएको विवरणसहित मुचुल्का उठाइन्छ । मुचुल्काको चारप्रतिमध्ये तीनजना पुलिस अफिसरले एकएक प्रति राख्दै रामदाइलाई एक प्रति दिन्छन् । पुलिसहरू रामदाइसँग माफी माग्दै फर्कन्छन् । रामदाइ र गोविन्दले सामान मिलाउन थाल्छन् । आँखा झिमिक्क पनि गर्न नपाउँदै रात छर्लङ्ग बित्छ । भोलिपल्ट सखारै घरपतिका छोराहरूले रामदाइलाई एक दुई दिनभित्रै डेरा छोडिदिन आग्रह गर्छन् । रामदाइले यतिञ्जेल सहयोगका लागि उनीहरूलाई धन्यवाद दिँदै गोविन्दसँग नयाँ डेराको खोजीमा जुटौँ भन्छन् र कथा टुङ्गिन्छ ।

आमजनताको मुक्तिका खातिर क्रियाशील व्यक्तिहरूलाई फसाउने, झुटा मुद्दा लगाउने, पक्राउपूर्जी जारी गर्ने, विचारबाटै पलायन गराउनेजस्ता दुष्प्रयास गर्नु सामन्त तथा पूँजीवादी सरकारको सार्वभौम विशेषता भएको कुरालाई कथामा पस्किएको छ ।

'बेड नं एघारको घाइते' कथा २०५८ सालमा लेखिएको नविनतम् कथा हो । यो कथा कथाकारको निर्वासित जीवनकालसँग सम्बिन्धित देखिन्छ । यस कथामा वामपन्थी अवसरवाद र अराजकतावादी दृष्टिकोणको विरोधमा उभिएको 'रामु' पात्रका माध्यमबाट निम्न पूँजीवादी प्रवृत्तिको निषेध गरिएको छ । आफ्नै साथीहरूबाट घाइतेभएका 'रामु' ले भारतीय अस्पतालमा उपचार गर्ने सन्दर्भमा भोगेका समस्या, भारतीय प्रशासनका प्रहरी र गुप्तचरहरू द्वारा भएका क्रियाकलाप र सोधपुछलाई यस कथाले अन्तर्भूतगरेको छ । राजनीतिक जीवन सहज र सरल नभएको र राजनीतिक पथ त्यो पनिसर्वहारावर्गको मार्ग एकदमै कठिन र वक्र भएको यथार्थलाई देखाउनमा 'बेड नम्बरएघारको घाइते' कथा समर्थ छ ।[३६]

यथार्थ घटनालाई रैखिक ढाँचामा विस्तार गरिएको 'बेड नम्बर एघारको घाइते'तार्किक र रहस्यपूर्ण शृङ्खलाले कथानक मजबुत भएको कथा हो । भारतीय भूमिमानिर्वासित नेपाली राजनीतिक कार्यकर्ताले भारतीय प्रहरी, प्रशासन र गुप्तचरहरूबाट भोग्नुपरेको घटनाक्रमले कथानक विस्तारलाई निकै सहयोग पुऱ्याएको छ ।

## २. सहभागी/सहभागिता

कथाको अर्को महत्त्वपूर्ण तत्त्व  सहभागी वा सहभागिता हो । साहित्यिक कृति वा सङ्कथनमा सङ्लग्न वा प्रयुक्त व्यक्ति, पात्र वा चरित्रलाई सहभागी भनिन्छ । गैरसाहित्यिक सन्दर्भबाट हेर्दा चरित्रले व्यक्तित्व र नैतिकतालाई पनि सङ्केत गर्दछ । सहभागी वा पात्रहरू मानवका अतिरिक्त अमानव, जनावर तथा निर्जिव वस्तुहरू पनि हुनसक्छन् । यस्ता गैरमानव वा मानवेत्तर वस्तुलाई लेखकले मानवीय व्यक्तित्वमा

---

३६. जगदीशचन्द्र भण्डारी,**हाम्रो सिर्जना**, (वर्ष १,अङ्क २) पृ. २८ ।

आरोपित गरी प्रस्तुत गर्दछ । कृतिमा सहभागीहरूको सहभागिता वक्ता-श्रोता, सम्बोधक-सम्बोधित, प्रेषक-प्रापक आदिका रूपमा हुन्छ ।[३७]

सहभागी वा सहभागीका बारेमा अध्ययन गर्न लिङ्गका आधारमा स्त्री र पुरूष, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र स्थिर, जीवन चेतनाका आधारमा वर्गीय र व्यक्तिगत, आसन्नताका आधारमा नेपथ्य र मञ्चीय तथा आबद्धताका आधारमा बद्ध र मुक्त गरी सात तरिकाबाट माथि प्रस्तुत कथाहरूमा सहभागीहरूको अवस्था अध्ययन गरिएको छ ।

| कथा क्रम | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन-चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्र | पु. | स्त्री | प्र. | स. | गौ. | अनु | प्रति | ग. | स्थि | व. | व्य. | ने. | म. | ब. | मुक्त |
| १ | उनी | + | | + | | | + | | + | | + | | | + | + | |
| | अञ्चलाधीस | + | | | + | | | + | | + | + | | | + | + | |
| | राम दाइ | + | | | | + | + | | + | | + | | | + | + | |
| | कर्मचारी | + | | | | + | | + | | + | + | | + | | | + |
| | किसान कार्यकर्ता | + | | | | + | + | | + | | + | | + | | | + |
| | शिक्षक दाइ | + | | | | + | + | | + | | + | | | | | + |
| | विद्यार्थी | + | | | | + | + | | + | | | + | + | | | + |
| | भलाद्मी | + | | | | + | | + | | + | + | | + | | | + |
| | पुलिसहरू | + | | | | + | | + | | + | + | | | + | + | |

३७. ऐजन,पृ.४४ ।

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जमिन्दार | + | | | | + | | + | | + | + | | + | | | + |
| | पसलका ग्राहकहरू | + | | | | + | + | + | | + | | + | + | | | + |
| २ | धमन | + | | + | | | + | | + | | + | | | + | + | |
| | डा.श्रेष्ठ | + | | | + | | + | | + | | + | | | + | + | |
| | धमनकी श्रीमती | | + | | | + | + | | + | | + | | | + | + | |
| | धमनको सन्तान | + | | | | + | + | | + | | + | | | + | + | |
| | साहु | + | | | | + | | + | | + | + | | | + | + | |
| | महाजन | + | | | | + | | + | | + | + | | | + | + | |
| | जमिन्दार | + | | | | + | | + | | + | + | | | + | + | |
| | शिक्षक भण्डारी | + | | | | + | + | | | + | + | | | + | + | |
| | कुम्हाले | + | | | | + | + | | + | | + | | | + | + | |
| ३. | काले सार्की | + | | + | | | + | | + | | + | | | + | + | |
| | माहिलो सार्की | + | | | + | | + | | | + | + | | | + | + | |
| | माहिली सार्की | | + | | | + | + | | | + | + | | | + | + | |
| | शिक्षक | + | | | | + | | + | | + | | + | | + | + | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कालेका स्कुलका साथी | + | | | | + | | + | | + | | + | + | | | + |
| ४ | शिबु | + | | + | | | + | | + | | + | | | + | + | |
| | प्रहरी प्रशासन | + | | | + | | + | | | + | + | | | + | + | |
| | शिबुका दाजु | + | | | | + | + | | + | | + | | + | | | + |
| | जनता | | | | | + | + | | + | | + | | | + | + | |
| ५ | वीरे | + | | + | | | + | | + | | + | | | + | + | |
| | धने | + | | | + | | + | | + | | + | | | + | + | |
| | धनेका बाबु | + | | | | + | + | | + | | + | | | + | + | |
| | धनेका आमा | | | | | + | + | | + | | + | | | + | + | |
| | हर्के | + | | | | + | + | | + | | + | | + | | | + |
| | ठूले | + | | | | + | + | | + | | + | | + | | | + |
| | गाउँले | | | | | + | + | | + | | + | | + | | | + |
| | सरकारी दलाल | | | | | + | | + | | + | + | | + | | | + |
| ६ | डा.श्रेष्ठ | + | | + | | | + | | + | | + | | | + | + | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अधिकारी | + | | | + | | + | | + | | + | | | + | + | |
| | भान्छे केटो | + | | | + | | + | | | + | + | | | + | + | |
| | भट्ट | + | | | | + | + | | + | | | + | | + | | + |
| | यादव | + | | | | + | + | | + | | | + | | + | | + |
| | सिंह | + | | | | + | + | | + | | | + | | + | | + |
| | जेठा दाजु | + | | | | + | + | | + | | | + | + | | | + |
| | माइला दाजु | + | | | | + | + | | + | | | + | + | | | + |
| | किसान | + | | | | + | + | | + | | + | | + | | | + |
| | मजदुर | + | | | | + | + | | + | | + | | + | | | + |
| ७ | नथुनि | + | | + | | | + | | + | | + | | | + | + | |
| | राष्ट्रिय पञ्चायतका सदस्य | + | | | + | | | + | | + | + | | | + | + | |
| | जिल्ला पञ्चायतको सभापति | + | | | + | | | + | | + | + | | | + | + | |
| | गाउँले | | | | | + | + | + | + | | + | | | + | + | |
| | मुहमदन | + | | | | + | + | | | + | | + | + | | + | |
| | भुँडे मानिस | + | | | | + | | + | | + | | + | + | | | + |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुलिसहरू | | | | | + | | + | | + | + | | | + | + | |
| ८ | कवि | + | | + | | | + | | + | | + | | | + | + | |
| | राधा | | + | | + | | + | | + | | + | | | + | + | |
| | युवक | + | | | | + | + | | + | | | + | + | | | + |
| | बुढो | + | | | | + | + | | + | | | + | + | | | + |
| | कविको प्रेमिका | | + | | | + | + | | + | | | + | | + | + | |
| | पाठक | | | | | + | + | | + | | | + | | + | + | |
| | सभापति | + | | | | + | + | | + | | | + | | + | + | |
| ९ | रामदाइ | + | | + | | | + | | + | | + | | | + | + | |
| | नेपाली गुप्तचरहरू | + | | | + | | | + | + | | + | | | + | + | |
| | भारतीय प्रहरीहरू | + | | | + | | | + | + | | + | | | + | + | |
| | गोविन्द | + | | | | + | + | | + | | | + | | + | + | |
| | भारतीय कम्युनिस्टहरू | + | | | | + | + | | + | | + | | + | | | + |
| | घरवेटीका तीन भाइ छोराहरू | + | | | | + | + | | + | | | + | | + | + | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दानबहादुर नेपाली | + | | | | + | | + | + | | | + | | + | + | |
| १० | रामु | + | | + | | | + | | + | | + | | | + | + | |
| | भारतीय प्रहरी प्रशासनका गुप्तचरहरू | + | | | + | | | + | | + | + | | | + | + | |
| | स्वास्थ्यकर्मी | + | | | | + | | + | | + | | + | | + | + | |
| | महिला | | + | | | + | + | | | + | | + | + | | | + |
| | वकिल | + | | | | + | + | | | + | | + | + | | | + |
| | श्याम थापा | + | | | | + | + | | | + | | + | + | | | + |
| | लक्ष्मण श्रेष्ठ | + | | | | + | + | | | + | | + | + | | | + |
| | शिव मानन्धर | + | | | | + | + | | | + | | + | + | | | + |
| | बिष्णु महर्जन | + | | | | + | + | | | + | | + | + | | | + |

## ३. परिवेश

परिवेश भनेको कथाको घटना घटने स्थान वा समय तथा अवस्था हो । कृतिमा प्रयुक्त चरित्रहरूले कार्यव्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ वातावरणलाई परिवेश भनिन्छ । यसलाई देश, काल, वातावरण कार्यपीठिका पृष्ठभूमि आदि भनेको पाइन्छ । परिवेशलाई घटना र चरित्रभन्दा कम अनिवार्य ठानिए तापनि यसलाई कहिले (समय) र कहाँ (स्थान) सूचित गर्ने आवश्यक तत्त्व मानिन्छ । घटना कहिले, कहाँ र कसरी घटित भयो भन्ने कुरालाई परिवेशले जनाउँछ । वास्तवमा

परिवेश भनेको देश,काल र वातावरण हो । देशले कार्यव्यापार सम्पन्न हुने स्थान,कालले कार्यव्यापार सम्पन्न हुने समय तथा वातावरणले कार्यव्यापारबाट उत्पन्न हुने प्रभावलाई जनाउँदछ । यसरी घटना घटित हुने स्थान, समय र परिस्थिति नै परिवेश हो ।[३८]

यहाँ **हरिबहादुर श्रेष्ठका कथाहरू** कथासङ्ग्रहमा समावेश कथाहरूको परिवेशको अध्ययन गरिएको छ ।

कथाकार हरिबहादुर श्रेष्ठका अधिक कथाहरू भौगोलिक परिवेशका आधारमा ग्रामीण भेगको यथार्थ चित्रण र केही सहरिया परिवेशका छन् । 'उनी कसरी कम्युनिस्ट बने ?' कथामा स्थानका हिसाबले भक्तपुर, चितवन र मध्यमाञ्चल क्षेत्रका ग्रामीण स्थलको जनजीवन देखाइएको छ । समाजमा भएका अन्याय, अत्याचार, शोषण, थिचोमिचो, भेदभावका विरूद्धमा लागेको अनुकूल एवम् प्रतिकूल वातावरणको चर्चा गरिएको छ । प्रहरी प्रशासन र सरकारको ज्यादतीलाई मूल परिवेश बनाइएको छ । 'गाउँको चिठी' कथामा शीर्षक अनुरूप गाउँले जनजीवनको सुक्ष्म चित्रण र पूर्वदिप्तिका रूपमा सहरी जनजीवनको पनि आंशिक चित्रण गरिएको छ । यस कथामा धमन परिवार र उसको गाउँमा असारको रोपाईं, साउन भदौको गोडमेल, मलजल, मङ्सिरको धान कटाइ, दाइँ गर्ने, खलोमा गएर धान उठाउने परिपाटी एवम् परिवेशलाई समेटेको छ । डाक्टरले पनि वर्गीय चरित्रकै कारण जमिनदार, साहु, महाजन, प्रधानपञ्च, सभापति, माननीयसँग सन्निकटा बढाउने तथा गरिब जनतासँग निकृष्ट व्यवहार गर्ने परिवेश प्रस्तुत गरिएको छ । 'बुबा! म स्कुल जान्नँ' नारायणी अञ्चलको तराइको एक स्कुललाई मूल परिवेश बनाइएको कथा हो । साँघुरो परिवेश, सामान्य घटनाबाट सामाजिक विभेद र असमानताको अन्त्यका लागि समतामूलक कम्युनिस्ट व्यवस्थाको प्रतिस्थापनाका लागि वर्गीय चेतना र सङ्घर्ष अत्यावश्यक रहेको परिवेशलाई कथाले समेटेको छ । 'उसको विचार मर्दैन' कथाको समयावधि पञ्चायतकालको उर्वर समयावधि मानिने २०२५-२०२६ सालतिरको हो । विदेशीसँग सहयोगका लागि हात फिजाउने, ठूलालाई रिझाउने, सानालाई दच्काउने, सरकारको

३८. ऐजन, पृ. ४९ ।

विरोध गर्ने जोकोहीलाई चरम यातना दिने र राजकार विरूद्धको मुद्दामा फसाउने सरकारी  र प्रशासनिक रबैयालाई कथाले मूल परिवेश बनाएको छ । पञ्चायतकालमा सरकार र प्रहरी प्रशासनले जनताको बोल्न, विरोध गर्न पाउने अधिकारमात्र कुण्ठित गरेको थिएन, मनोरञ्जन र सचेतनाका लागि नाटक, नाचगान र साहित्यिक कार्यक्रमसमेत गर्न दिँदैनथ्यो भन्ने तत्कालीन अवस्थालाई पनि कथाले परिवेशका रूपमा उल्लेख गरेको छ । 'पेशेवर कार्यकर्ता जनताका आँखाको नानी' कथा पञ्चायत कालका प्रहरी, प्रशासन र त्यसको आडमा रहेको शोषक, सामन्तले सोझा निमूखा गाउँले जनतामाथि गर्ने अन्याय, अत्याचार, षडयन्त्र र त्यसबाट सिर्जित आर्थिक असमानतालाई कथाले मूल परिवेश बनाएको छ । वस्तुभाउको भकारो सोहोर्ने, वनमा घाँसदाउराका लागि जाने, घरदेखि धेरै परसम्म कुवा पँधेरोमा पानी लिन जाने, जाँतोमा कोदो, मकै पिँध्ने, पाहुनालाई मीठो-मसिनो खुवाउन खोज्ने, रोदीघरमा नागचान गर्ने, गाउँले युवाहरू जुवातासमा बरालिने, राति आगोको उज्यालोमा पढ्ने ग्रामीण परिवेशलाई कथाले अत्यन्त समूचित रूपमा संयोजन गरेको छ । 'म जनताको डाक्टर बन्नेछु' कथाको मूल परिवेश भारतीय भूमिको मेडिकल कलेज हो । सरकारी कोटामा छात्रवृति अध्ययन गर्न विदेशिएका नेपाली विद्यार्थीहरूका बीचमा पनि गरिब तथा जेहेनदार विद्यार्थी निष्पक्ष रूपमा छनोट नभई भनसुनका आधारमा धनीमानी, हुनेखानेका सन्तान नै छानिने, नातावाद, कृपावादलाई कथाले मूल परिवेश बनाएको छ । 'नथुनि किन थुनिए?' कथा तराईको परिवेशमा लेखिएको कथा हो । सोझासिधा जनतालाई आफ्नो स्वार्थका लागि हिन्दू र मुसलमानको धार्मिक दङगा मच्चाउनका लागि प्रेरित गर्न सामन्ती परिवेशलाई कथाले समेटेको छ । शोषक सामन्तको प्रलोभन र डरधम्कीका बाबजुद पनि सत्य र न्यायको पक्षमा उभिने नथुनिजस्ता निडर पात्रहरूले अनाहकमै दुःख पाउनुपरेको सत्यतालाई पञ्चायतकालीन परिवेशका रूपमा कथामा जीवन्त चित्रण गरिएको छ । 'एक कविको प्रेमकथा' कथामा राणाकालीन समयमा जस्तै पञ्चायत कालमा पनि जनमुखी साहित्य लुकीछिपी गर्नुपर्ने,छद्म नाम राख्नुपर्ने परिवेशलाई कथाले संकेत गरेको छ । 'रात त्यसै छर्लङ्ग बित्यो' कथामा भारतको दरभङ्गाको चित्रण गरिएको छ । नेपालमा प्रजातन्त्र पुनः स्थापनका लागि भारतीय भूमिमा निर्वासित रहेका नेता, कार्यकर्तामाथि भारतीय स्थानीय प्रहरी,

प्रशासनले राख्ने कुदृष्यलाई कथाले मूल परिवेश बनाएको छ । सहरी क्षेत्रको निम्न मध्यम वर्गीय मानिसको बस्ती रहेको दोनारचोक, श्रमजीवी भारतीय नागरिक, निर्वासित जीवन बिताइरहेका नेपाली नेता, कार्यकर्ता, कुनै छलछाम नभएका घरपति भाइहरू, षडयन्त्रकारी र शङ्कालु पुलिस प्रशासन आदिलाई कथाले परिवेशका रूपमा चित्रण गरेको छ । 'बेड नम्बर एघारको घाइते' भारतको गोरखपुर अस्पतालमा घटेको घटनामा आधारित छ । नेपालमा राजा महेन्द्रको 'कु' पछि भारतमा निर्वासित रहेका कम्युनिस्ट नेता कार्यकर्ताहरूबीच देखिएको सैद्धान्तिक, वैचारिक र व्यवहारिक मतभेदलाई कथाले परिवेश बनाएको छ । यस कथासंग्रहमा संग्रहित कथाले तात्कालीन पञ्चायती व्यवस्थाको ज्यादती, अन्याय, अत्याचार र दमनलाई उदंग्याउन सफल छ । समतामूलक समाज निर्माणको स्वर बोकेका हरिबहादुर श्रेष्ठका कथाहरू सामाजिक यथार्थ, सामाजिक विकृति, विसङ्गति, अन्धविश्वासको चिरफार गर्न सक्षम छन् ।

## ४. उद्देश्य

साहित्य सिर्जनाको प्रयोजनमूलकतालाई उद्देश्य भनिन्छ । प्रयोजनमनुद्दिश्य न मन्दोद्रपि प्रवर्तते अर्थात सामान्य मान्छे पनि उद्देश्यहीन कुरामा प्रवर्तित हुँदैन भने साहित्य त विशिष्ट साधना मानिन्छ । साहित्यको उद्देश्य र प्रयोजनले एउटै कुरालाई बुझाउँछ । यसको अपेक्षित परिणाम तथा वैयक्तिक प्रयोजनका लागि हुने सहभागिता समेतलाई बुझाउँछ । हरेक विधाका साहित्यिक कृतिको सिर्जनाका पछाडि प्रत्यक्ष वा परोक्ष रूपमा कुनै न कुनै प्रकारको उद्देश्य अन्तर्निहित हुन्छ । विना उद्देश्य कुनै पनि साहित्यिक कृतिको रचना गरिँदैन र हरेक कृति कुनै न कुनै प्रयोजनपूर्तिका लागि रचिन्छ । निरूद्देश्य वा निष्प्रयोजन साहित्यको रचना हुँदैन यसमा कुनै न कुनै उद्देश्य अवश्य हुन्छ ।[३९]

यसैको आधारमा हरिबहादुर श्रेष्ठका कथाहरू सामाजिक यथार्थको धरातलमा उभिएर सामाजिक विसङ्गति, विकृति, विभेद,राजनैतिक कुकृत्यको भण्डाफोर गर्न, भष्ट्राचारविरूद्ध सशक्त आवाज उठाउन सक्षम छन् । उनका कथाहरू समाजलाई

३९. ऐजन पृ. ५१ ।

वर्गीय चेतना प्रदान गर्न समतामूलक समाज निर्माणको स्वर गुञ्जाउन सक्षम छन् । उनका कथाहरूले बोकेका उद्देश्यहरूलाई यहाँ देखाइएको छ ।

हरिबहादुर श्रेष्ठका कथाहरूको उद्देश्य समाजका विभिन्न चरित्रका पात्रहरूको प्रतिनिधित्व कथामा गराई सामाजिक कुरीति, कुसंस्कार, अन्धविश्वास, राजनैतिक कुकृत्य, आर्थिक विसंगति, वर्गीय विभेद जस्ता विषयवस्तु सर्वसाधारणमा बोध गराउनु रहेको पाइन्छ ।

पञ्चायतकालीन प्रहरी, प्रशासन र मण्डलेहरूले सोझासिधा किसान, शिक्षक, विद्यार्थी र समग्रमा नेपाली जनतामाथि बर्बर दमन गरेको, शोषक सामन्तको विरोधमा आवाज उठाउने र जायज माग राख्नेहरू भूमिगत जीवन र जेलजीवन बिताउन बाध्य बनाइएकाले कम्युनिस्ट बनेका हुन् भन्ने भाव 'उनी कसरी कम्युनिस्ट बने ?'कथामा व्यक्त गरिएको छ । सरकारको खोटो नीतिले नै कम्युनिस्टहरू बढाएको हो भन्ने यथार्थलाई देखाउनु नै कथाको मूल उद्देश्य हो । 'गाउँको चिठी' छात्रवृति पाएर अध्ययन पूरा गरेर पनि जनताप्रति अनुत्तरदायी हुने डाक्टरहरूलाई सचेत बनाउने उदेश्यले लेखिएको कथा हो । आफ्नो फाइदाको लागि र पैसाको लागि र्‍याल चुहाउने र हुनेखाने वर्गको मात्र सेवा गर्ने डाक्टरको भन्दा गरिब निमुखा जनताको सेवा गर्ने डाक्टरको खाँचो छ भनि दर्शाउनु कथाको उद्देश्य रहेको देखिन्छ । मूलुकी ऐन लागु भइसकेपछि पनि जातीय भेदभाव, छुवाछुट कायमै रहेको तथ्यलाई प्रस्तुत गरी आदर्श समाजको स्थापना हुनुपर्ने, राजनीतिक र वर्गीय चेतनाको सम्प्रेषण गर्नू 'बुबा ! म स्कुल जान्न'कथाको मूल उद्देश्य रहेको देखिन्छ । सही विचार,दर्शन जुनसुकै किसिमले बङ्ग्याउन र दबाउन खोजे पनि अन्ततः त्यो सही सावित हुन्छ भन्ने सत्यको बोध गराई नेता कार्यकर्तामा उच्च मनोबल बढाउनु नै 'उसको विचार मर्दैन' कथाको मूल उद्देश्य रहेको देखिन्छ । वास्तवमा वर्ग भन्ने कुरा जात, पेशा वा जन्मको आधारमा हुँदैन, अर्थव्यवस्था र वैचारिक चरित्रले नै वर्गको निर्धारण गर्छ भन्ने कुरा प्रस्ट्याउनु पनि यस कथाको उद्देश्य रहेको देखिन्छ । 'पेसेवर कार्यकर्ता जनताका आँखाका नानीनेता,कार्यकर्ताले कुनै पनि नाम, काम वा बहानामा जनतालाई पिरोल्नुहुँदैन ।

जनतलाई दुःखमाथि दुःख थोपने काम कुनै पनि जिम्मेवार राजनीतिक दल, नेता र कार्यकर्ताले गर्दैनन् । पार्टीप्रति बफादार, जनताप्रति जिम्मेवार पेसेवर कार्यकर्ता सही आचरण, व्यवहार र प्रेरक चरित्रले जनताको आँखाको नानी बन्नुपर्छ भन्ने उद्देश्य लिएका छन् । सरकार र प्रशासनमा पहुँच पुगेकाहरूले पद र पैसाको दुरूपयोग गी विपन्न वर्गका जेहेन्दार विद्यार्थीको कोटामा पर्ने छात्रवृतिलाई पनि हडप्ने कुप्रवृत्तिलाई नङ्ग्याउनु 'म जनताको डाक्टर बन्नेछु' उद्देश्य रहेको देखिन्छ । राष्ट्र र राष्ट्रियतालाई रतीभर महत्त्व नदिनु अत्यन्त लापरवाही र गैरजिम्मेवारी हो अत : देश र जनताप्रति अनुत्तरदायी डाक्टर इन्जिनियरलाई पनि सेवाभावले समर्पित गर्नुपर्छ भन्ने सन्देश दिनु पनि कथाको उद्देश्य रहेको देखिन्छ । थुनिएका  र जेलमा कैद भएका सबै अपराधी हुँदैनन् भन्ने सन्देश दिनु 'नथुनि किन थुनिए ?' कथाको उद्देश्य रहेको देखिन्छ । शोषक सामन्तहरूले धर्म र जातका आधारमा जनतालाई भिडाएर आफ्नो वर्गीय स्वार्थपूर्ति गरिरहेका धार्मिक, भाषिक, जातीय आन्दोलन जनतालाई एकापसमा लडाउने, फुट ल्याउने र आफूले राज गर्ने शोषक सामन्तको उद्देश्यलाई सबै सचेत नागरिकले बुझ्नुपर्ने तथ्यको बोध गराउनु नै प्रस्तुत कथाको विशिष्ट उद्देश्य हो । प्रेम र विवाह भनेको वैचारिक र भावनात्मक सम्बन्ध हो, शारीरिक आकर्षणबाट हुने प्रेमले दुर्घटना निम्त्याउँछ भन्ने तथ्यालाई उजागर गर्ने उद्देश्यले 'एक कविको प्रेमकथा' रचिएको हो । कवि, लेखक, कलाकार, राजनीतिज्ञ, समाजसेवीहरू पनि मान्छे नै हुन्, उनीहरू अर्कै लोकका विशेष प्राणी होइनन्, उनीहरूमा पनि मानवीय संवेदना हुन्छ भन्ने विचारको सम्प्रेषण गर्नु नै कथाकारको मूल उद्देश्य देखिन्छ । भारतीय प्रशासनको दोहोरो चरित्र र नेपाली गुप्तचरको गतिविधिबारे तात्कालीन परिवेशको वास्तविक अवस्थाको जीवन्त चित्रण गर्नु 'रात त्यसै छर्लङ्ग बित्यो' कथाको मूल उद्देश्य रहेको देखिन्छ । 'बेड नं एघारको घाइते' कथा कथाकारले निर्वासन कालमा भोग्नुपरेको कथाव्यथालाई पाठक, कार्यकर्तालाई जानकारी गराउने र सुसूचित तुल्याउने उद्देश्यले रचित कथा हो । भारतीय सहरका छुरा हानाहान, मोटर दुर्घटना, कुटपिट, गोली प्रहार, लुटपाट, मारकाट, जाँडरक्सी, जुवातास, वेश्यावृतिजस्ता आपराधिक क्रियाकलाप भारतीय सहर पूँजीवादी सरकारका आम कुकृत्य हुन् भन्ने कुरालाई छर्लङ्ग्याउने उद्देश्यले कथाको रचना गरिएको हो ।

यसरी कथाकार हरिबहादुर श्रेष्ठले समाजभित्रका सानाठूला विषयलाई लिएर सामाजिक विसङ्गतिबाट सजग हुन, राजनैतिक कुकृत्यको भण्डाफोर गर्न र माटोको मायालाई कसिलो रूपमा कथामार्फत प्रस्तुत गर्न खोजेको पाइन्छ ।

## ५. दृष्टिबिन्दु

दृष्टिविन्दु कथाको अर्को मुख्य तत्त्व हो । कृतिकारको स्थितिलाई बुझाउने दृष्टिविन्दुले कृतिका सहभागी, कार्यव्यापार, परिवेश, उद्देश्य आदिलाई पाठक समक्ष पुऱ्याउने तरिकालाई पनि बुझाउँछ । दृष्टिविन्दुलाई पहिलेपहिले आख्यानात्मक कृतिको मात्र उपकरण वा संरचक घटक मानेको पाइएतापनि अहिले यसलाई जुनसुकै प्रकारको कृतिको संरचक घटक मानिन्छ । यसले कृतिलाई ठोस आकृति वा संरचनागत पूर्णता प्रदान गर्न कृतिको विषयवस्तुलाई सम्प्रषणीय र संवेदनशील तुल्याउन मदत पुऱ्याउँछ ।[४०]

यहाँ **हरिबहादुर श्रेष्ठका कथाहरू** कथासङ्ग्रहमा समावेश कथाहरूमा प्रयुक्त दृष्टिविन्दुलाई केलाइएको छ ।

यस कथासङ्ग्रहमा समावेश कथाहरूमध्ये 'उनी कसरी कम्युनिस्ट बने ?' कथामा तृतीय पुरूषीय दृष्टिविन्दुको प्रयोग भएको छ । यस कथामा केही मात्रामा प्रथम पुरूष दृष्टिविन्दुको पनि प्रयोग भएको देखिन्छ । 'गाउँको चिठी' कथामा प्रथम पुरूषीय दृष्टिविन्दुको प्रयोग भएको छ ।साथै गाउँको घटनाक्रमलाई तृतीय पुरूषीय दृष्टिविन्दुमा प्रस्तुत गरेका छन् । 'बुबा! म स्कुल जान्न' कथामा तृतीय पुरूषीय दृष्टिविन्दुको प्रयोग भएको छ । 'उसको विचार मर्दैन ', 'पेसेवर कार्यकर्ता जनताका आँखाको नानी' 'म जनताको डाक्टर बन्नेछु', 'नथुनि किन थुनिए?', 'रात त्यसै छर्लङ्ग बित्यो' र 'बेड नम्बर एघारको घाइते' कथामा तृतीय पुरूषीय बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ । केही संवादहरूमा प्रथम पुरूषीय र दृष्टिविन्दुको पनि

४०. ऐजन,पृ. ५१ ।

प्रयोग भएको देखिन्छ । 'एक कविको प्रेमकथा' कथामा 'म' पात्रलाई उभ्याएर प्रथम पुरूषीय दृष्टिविन्दुको प्रयोग गरिएको छ । यी कथाहरूमा कथाकार आफू उपस्थित नभइ ऊ पात्रको रूपमा पात्र उभ्याएका छन् भने कुनै कथामा पात्रको नाम प्रस्तुत गरेका छन् ।

**६. भाषाशैलीय विन्यास**

भाषाशैली कथाको महत्त्वपूर्ण तत्त्व हो । भाषा भनेको कृतिलाई प्रस्तुत गर्ने माध्यम हो । भावाभिव्यक्तिको सर्वप्रमुख र सशक्त साधन भाषाका माध्यमबाटै साहित्यिक कृतिको रचना गरिन्छ । यस दृष्टिबाट भाषालाई साहित्यको माध्यम घटक मानिन्छ । हरेक कृतिको साहित्यिक संरचना भएजस्तै भाषा संरचना पनि हुन्छ । कुनै पनि भाव वा विचारलाई अभिव्यक्त गर्ने माध्यम भाषा हो र भाषालाई अभिव्यक्त गर्ने विभिन्न ढंग वा तरिका शैली हो । अत : साहित्यका सबै विधाजस्तै आख्यानमा पनि भाषाशैलीको महत्त्वपूर्ण स्थान हुन्छ । कथामा भाषाको सम्बन्ध बाह्य संरचनासँग मात्र नभएर अर्न्तवस्तुसँग पनि गाँसिएको हुन्छ । कथामा प्रतिबिम्बित हुने विचार तथा कथाकारले चयन गरेको अर्न्तवस्तु अनुरूपको भाषिक प्रयोग कथामा हुने गर्दछ ।[४१]

हरिबहादुर श्रेष्ठका कथाहरूमा समावेश कथाहरूमा प्रयुक्त भाषशैलीको यहाँ अध्ययान गरिएको छ ।

कथाकार हरिबहादुर श्रेष्ठको **हरिबहादुर श्रेष्ठका कथाहरू** कथासङ्ग्रहका कथाको भाषाशैली सरल, सुबोध्य, साधारण व्यक्तिले पनि बुझ्न सकिने छ । कथाहरूमा पात्रअनुसारको भाषाशैली सुहाउँदो पाइन्छ । 'उनी कसरी कम्युनिस्ट बने?'कथामा पात्रको सामाजिक, बौद्धिक चेतनास्तर अनुरूप विचार, सोचाइ र भाषामा पनि पृथकता देखिन्छ । वर्णनात्मक, व्याख्यात्मक शैलीका अतिरिक्त संस्मरणात्मक शैलीमा पनि कथावस्तु उनिएको छ । कथाको भाषाशैली र संवाद कारूणिक,द्वन्द्वात्मक एवम् कौतुहलपूर्ण देखिन्छ । सम्भवत नेवारी मातृभाषी भएकोले र प्रारम्भिक चरणमै

४१. ऐजन,पृ. ५५ ।

लेखिएको कथा भएकाले वा भाषा सम्पादनमा त्रुटि र मुद्रणमा प्राविधिक त्रुटिका कारणले पदसङ्गति र वर्णविन्यासमा त्रुटिहरू पनि ठाउँठाउँमा देखिन्छन् । 'गाउँको चिठी कथामा पात्र अनुकूल स्वाभाविक र जीवन्त भाषाशैलीको प्रयोग गर्ने क्रममा अशिक्षित गाउँलेले डाक्टरलाई पनि 'तँ', 'तिमी' सम्बोधन गरेको समेत देखाएका छन् । तेलको धारा हेर्नु, सोह्रै आना सही लगायतका उखान, सुँगुरले सुँघेजस्तै सुँघ्ने जस्ता टुक्का, सापट, ऋण, पैंचो लगायतका तत्सम र मौलिक शब्दावलीको प्रयोगले भाषालाई अझ कसिलो,रसिलो र प्रभावकारी बनाएको छ । 'बुबा! म स्कुल जान्न' कथामा प्रकृतिको शब्दचित्रण, घटनाको विस्तार, पात्रको मनोगत अवस्थाको चित्रण, संवादको प्रस्तुतिमा सरल, सहज र सुबोध्य भाषाशैलीको प्रयोग गरिएको छ । 'उसको विचार मर्दैन' कथामा ' यो न्यारलाई गोद्,जिब्रो काट् ' जस्ता घटिया शब्दावलीहरूको पैयोग गरी आफूलाई जनताको सेवक नभई देवता सम्झने, रक्षक नभई भक्षक बनेका, राष्ट्र र राष्ट्रियतामा सङ्कट पर्दा पद,प्रमोसन र पैसाको लागि पछि लागिरहेका,जनताप्रति अनुत्तरदायी सरकारी कर्मचारीहरूको बोली र व्यवहारको जीवन्त चित्रण यस कथामा गरिएको छ । 'पेसेवर कार्यकर्ता जनताका आँखाको नानी' कथा ग्रामीण परिवेशको कथा भएकाले थाप्लो, नाम्लो, दाहिने, देब्रे, दुब्लो, पातलो, गुनगुनाउनु, गोठ, घाँस, खुर्पेठ्याक, खोरिया, पिँढी, टुक्रुक्क, माना, कोदो, पैंचो जस्ता झर्रा नेपाली शब्दहरूको अधिक प्रयोग गरिएको छ । उकालो चढ्नु, मायाको मूर्ति ,सिरेटो चल्नु, थकाइ मार्नु, चुक घोप्टिएजस्तै अँध्यारो हुनु, हाल पसार्नु, ठट्टा गर्नु, चारैतिर आँखा दौडाउनु, हात उठाउनु,, मुड्की कस्नु, मुख हेर्नु लगायतका टुक्का र पदावलीले कथाको भाषालाई अझ कसिलो,रसिलो र भरिलो तुल्याएको छ । 'म जनताको डाक्टर बन्नेछु' कथा बौद्धिक पात्रहरू भएको सरल कथा हो । शिक्षित र प्रबुद्ध वर्गका पात्रहरू भएकाले डायनिङ्ग हल, टेबुल, नम्बर, बोस, सिनियर, बि.एस.सी., एम.बि.बि.एस., कोलम्बो प्लान, स्कलरसिप, म्याच्योर, फोर्थ इयरजस्ता अङ्ग्रेजी शब्दावलीलाई स्वाभाविक रूपमा प्रस्तुत गरिएको छ । 'नथुनि किन थुनिए ?' कथा तराईको रौतहट जिल्लाको घटनामा आधारित कथा भए पनि भाषाशैलीमा आञ्चलिकता झल्किँदैन । तराइको जनजीवन र नथुनिजस्ता मधेसी पात्रमा आधारित कथामा शुद्ध र मानक नेपाली भाषाको प्रयोग हुनु भाषिक रूपमा राम्रो मानिए पनि

स्वाभाविक र सुपाच्य भने छैन । 'एक कविको प्रेमकथा' कथामा कवि, साहित्यकार र साहित्यानुरागी बौद्धिक पाठकहरूका संवाद र अभिव्यक्तिमा पनि सरलता पाइनु कथाको मूल विशेषता हो । कथामा फूल, काँडा, कपडा, पुस्तक आदिलाई बिम्ब र प्रतीकका रूपमा प्रस्तुत गरिएको छ। कथामा चीभा, दबु, नाटीकुटीजस्ता अप्रचलित र अव्यवहारिक नेवारी शब्दहरूको प्रयोगले कथाको भाषिक स्तर खस्किएको छ । तिनी थिई, तिनीले भनिन्, तिनी चाहन्छे, टाढिन्दै तिनी भन्दै थिई, गर्दै थिई, आम्दानी भएको केटी आदि पद,पदावलीमा सम्पादकीय त्रुटिले हो वा लेखकीय कमजोरीले हो, भाषिक त्रुटि पनि यस कथामा देखिन्छ । टङ्कन वा मुद्रणको क्रममा चन्द्रविन्दु राखिनुपर्ने अधिकांश पदमा शिरविन्दुको मात्र प्रयोग गरिएको छ । 'रात त्यसै छर्लङ्ग बित्यो' कथाको प्रारम्भमा मिथिला क्षेत्र,संस्कृति र भाषासाहित्यको चर्चा गरेर तिनलाई प्रतीकात्मक बनाइएको छ । कथामा प्रयुक्त छर्लङ्ग, फनक्क, थरथर, मुसुमुसु आदि अनुकरणात्मक शब्द र गुइँठा, कुन्दा, गन्थन आदि झर्रा नेपाली शब्द, अफिसर, पेस्तोल, पुलिस, सि.आई.डी. इन्स्पेक्टर, बम आदि अङ्ग्रेजी शब्दले कथालाई सन्दर्भअनुसार अझ रसिलो, कसिलो बनाएको छ । 'बेड नम्बर एघारको घाइते ' कथामा सरल तर मिठासपूर्ण गद्यभाषाको प्रयोग गरिएको छ । कथामा घटनाको विस्तार,पात्रके मनोगत अवस्थाको चित्रण, संवादको प्रस्तुतिमा सरल, सहज र सुबोध भाषाशैलीको प्रयोग गरिएको छ। कथाकारले कथाको घटना र पात्रअनुसार सरल एवम् स्वाभाविक भाषाशैलीको प्रयोग गरेका छन् । तथापि कथाकारको असावधानी र सम्पादकीय अपूर्णताले भाषिक त्रुटि असरल्ल देखिन्छन् । विशेषतः मूल पात्र रामुको चित्रण गर्ने क्रममै उनी पल्टेको थियो, रामुले इशारा गऱ्यो, रामुले अह्रायो, रामु निदायो जस्ता पदसङ्गति नमिलेका वाक्यांशको प्रयोगले भाषिक स्तर खस्किएको छ। खासगरी आदरसङ्गति नमिलेका केही पदावली र वाक्यांशले भाषा खल्लो र विरसिलो लाग्छ।

यसरी कथाकार हरिबहादुर श्रेष्ठका कथामा पात्रको प्रयोग, भाषाशैली हाम्रै समाजका व्यथा, विसङ्गति, बिडम्बना, पीडा भोगेर व्यवहारिक जीवन बिताइरहेका , आर्थिक संकट भोगिरहेका, वर्गीय विभेदको शिकार बनेका, देश र जनताप्रति समर्पित राजनीति गरेका पात्रहरूले प्रयोग गर्ने भाषा कथामा पाइन्छ। कथाकारले प्रयोग गरेको

भाषा सरल, सहज र सुबोध्य छ । कथामा उच्च बौद्धिक एवम् क्लिष्ट भाषाको प्रयोग गरिएको छैन ।

### ४.२.१.३. निष्कर्ष

हरिबहादुर श्रेष्ठको यस कथामा संग्रहित कथाको शीर्षक, पात्र, विषयवस्तु, स्थान आदिका आधारमा चयन गरिएको पाइन्छ । यस हरिबहादुर श्रेष्ठका कथाहरू कथा संग्रहका कथाहरूको शीर्षक चयन अधि रूपमा विषयवस्तुका आधारमा गरिएको छ । 'उनी कसरी कम्युनिस्ट बने?' कथाले नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका 'व्यक्तिहत्या', आतंकवादी झुकाव र उत्ताउलो दुष्टिकोणसँगको सैद्धान्तिक मतभिन्नतालाई सुक्ष्म रूपमा देखाउन खोजेको छ । 'गाउँको चिठी' कथा मकवानपुर जिल्लाको एक गाउँमा र 'बुबा ! म स्कुल जान्न ' नारायणी अंचलको तराइको एक स्कूलमा भएको घटनामा आधारित छ र समाजलाई शब्दचित्रमा उतारिएको छ । 'उसको विचार मर्दैन' कथा सुस्तामाथि भारतीय थिचोमिचोको विरोधमा पंचायती सरकारसँग भएको संघर्ष र 'वर्ग परिचय' नामका नाटक देखाउँदा शोषक वर्ग, उत्तेजना फैलाउने पुलिसका दलालहरू, किसान विरोधी प्रहरी-प्रशासनको अत्याचार तथा राजनीतिक कार्यकर्ताहरूको संघर्षशील भावनाको चित्रण गरिएको छ । 'पेशेवर कार्यकर्ता जनताको आँखाको नानी' कथाले निस्वार्थ भावले देश र जनताप्रति समर्पित राजनीतिक कार्यकर्ताले नै जनताको मन जित्ने र समाज परिवर्तन गर्ने सन्देश बोकेको छ । 'म जनताको डाक्टर बन्नेछु' कथाले डाक्टरले गाउँगाउँमा गएर धनाढ्य, जमिन्दार र शोषक वर्गको नभइ निस्वार्थ रूपले गरिब,विपन्न र निम्न वर्गीय जनताको सेवा गर्नुपर्ने भाव पोखेको छ । त्यस्तै 'नथुनि किन थुनिए?' कथामा हिन्दू-मुसलमानबीच साम्प्रदायिक दंगा अर्थात जाति,भाषा,धर्मको आडमा देशी र विदेशी प्रतिक्रियावादीहरू कामदार जनतामा फुट ल्याएर आफ्नो हैकम कायम गर्न चाहन्थे भन्ने यथार्थको प्रस्तुतिकरण रहेको छ । 'एक कविको प्रेमकथा' कथाले प्रेम र विवाह शारीरिकभन्दा भावनात्मक सम्बन्धमा हुनुपर्ने कुरालाई जोड दिइएको छ । 'रात त्यसै छर्लङ्ग बित्यो' कथामा भारत प्रवासमा रहँदा नेपाली राजनीतिक कार्यकर्ताले भारतीय प्रशासनबाट भोग्नु परेका दुःख, कष्ट र यातनालाई प्रतिबिम्बित गरिएको छ । भारतीय प्रहरी

प्रशासनको ज्यादतीको कारण सुत्नै नपाई रात छर्लङ्ग बितेको यथार्थलाई देखाइएकोले शीर्षक सार्थक बनेको छ। त्यस्नै 'बेड नम्बर एघारको घाइते' भारतमा कम्युनिस्ट नेता गोली लागेर घाइते भएको र उपचारको क्रममा भोगेका समस्या, भारतीय अस्पताल र त्यहाँका स्वास्थ्यकमीहरूको व्यवहार र स्थिति, प्रहरी र गुप्तचरहरूको क्रियाकलापसमेतलाई समेटेको छ । घाइते भइ बेड नम्बर एघारमा भर्ना भएका रामुको अवस्था चित्रण गरिएकोले शीर्षक सार्थक देखिन्छ ।

### ४.२.२. एकादेशको कथासङ्ग्रहको कथाहरूको विश्लेषण

### ४.२.२.१. परिचय

कथाकार हरिबहादुर श्रेष्ठद्वारा लिखित तथा वर्कस पब्लिकेसन्स नेपालबाट २०६७ सालमा पहिलो संस्करणको रूपमा प्रकाशित **एकादेशको कथा**कथासंग्रह आवरण पृष्ठबाहेक जम्मा पृष्ठ १ देखि ८० पृष्ठमा बद्ध छ । यसमा जम्मा १३ वटा कथाहरू संग्रहित छन् । यस संग्रहमा संग्रहित कथाहरू *(१) एक 'वाम' मन्त्रीसँगको अन्तरवार्ता, (२) आफ्नो जहानलाई पारपाचुकेको प्रस्ताव, (३) चित्त दुखाएर घर छाड्ने लोग्नेलाई जहानको आग्रह, (४) कागजमा आँसुको थापा, (५) साँझ पऱ्यो, घर पुग्नुछ, (६) गहुँबालीमा असिना पर्दा, (७) नागरिक भावना, (८) एकादेशको कथा, (९) सार्वजनिक सम्पति, (१०) डायरी, (११) नेवारी भोजका परिकारहरू, (१२) क्रमबद्ध परिवर्तन, (१३) अवसर र योग्यता* रहेका छन् । यिनै कथाहरूलाई कथातत्त्वका आधारमा यहाँ अध्ययन गरिएको छ ।

### ४.२.२.२ एकादेशको कथासङ्ग्रहको कथाहरूको विश्लेषण

हरिबहादुर श्रेष्ठद्वारा लिखित उपर्युक्त कथाहरूलाई अध्ययन तथा विश्लेषण गर्न कथाका तत्त्वहरूलाई आधार मानिएको छ । यहाँ उनले लेखेका कथाहरूलाई कथानक, सहभागी/सहभागिता, परिवेश, उद्देश्य, दृष्टिविन्दु र भाषाशैलीय विन्यासका आधारमा अध्ययन गरिएको छ ।

## १. कथानक

**एकादेशको कथा** कथासङ्ग्रहमा सङ्गृहीत १३ वटा कथाहरूको कथानकको आधारमा तल विश्लेषण गरिएको छ -

'एक वाम मन्त्रीसँगको अर्न्तवार्ता' कथामा सर्वहारा अधिनायकत्वको वकालत गर्ने र समाजवादी व्यवस्थाको वकालत गर्ने वामपन्थीहरू जब सत्तामा पुगे त्यसपछि वैयक्तिक सार्थ लिप्सामा निर्लिप्त बनी चरम भ्रष्टाचारको उदाहरण बन्न पुगेको चित्रण छ । जनतालाई झुक्याई वैयक्तिक स्वार्थलिप्सामा लीन भई कम्युनिस्ट आन्दोलनको छविलाई धमिल्याउन पल्केका तथाकथित कम्युनिस्ट नेताहरूको भ्रष्ट चरित्रलाई मन्त्रीसँगको संवादात्मक शैलीमा कथानक अघि बढेको देखिन्छ । सुनको वाइन भएको हिराजडित घडी, हातमा सुनको औंठी, घरको संरचना, तडकभडक आदिको चित्रणले वामपन्थी नेताको चरित्र उदंग्याएको छ । भ्रष्टाचारीले कहिल्यै आफू भ्रष्टाचारी भएको स्वीकार्दैन, यस कथामा पनि मन्त्रीले आफूलाई भ्रष्टाचारी होइन भने पत्रकारसँगको अर्न्तवार्ताको क्रममा एक एक गरी विगतका भ्रष्टाचारी चरित्रहरूको उटघाटन गरेको देखिन्छ ।

'आफ्नो जहानलाई पारपाचुकेको प्रस्ताव' कथा एक पीडित श्रीमानले आफ्नी श्रीमतीलाई आफ्ना मनका सम्पूर्ण भावना तथा संवेदनाहरू प्रस्तुत गर्दै लेखिएको पत्रका रूपमा प्रस्तुत छ । एक छोरी र श्रीमान् श्रीमतीको सुखी र राम्रो परिवार हुनुपर्नेमा श्रीमतीको कारण दुखी र आफू पीडित हुनुपरेको, उसको झर्कने र खराब बानीका कारण विद्यालयका अन्य शिक्षकहरूले पनि टिप्पणी गरेको तथा सधैं गम्भीर किसिमको समस्या निम्त्याउने गरी तनाव दिइरहेकी हुनाले उसलाई एकपटक मनोचिकित्सककहाँ उपचार गर्न समेत सुझाव दिएको छ । श्रीमानले विवाह भएदेखि नै उसँग राम्रोसँग व्यवहार नगर्ने र खुलेर समेत नबोल्ने, ८० प्रतिशत कुरा गोप्य राखेको भन्ने गुनासो समेत पोखेका छन् । त्यसैले श्रीमानले श्रीमतीलाई अत्यन्त कडाइका साथ दुइवटा विकल्प दिन्छ कि त गलत स्वभाव छाडी सामान्य व्यवहारमा फर्कनु पऱ्यो, कि भने उसले चाहेजस्तै पारपाचुके गर्ने । यी दुइ मध्ये जे इच्छा छ सो कुरा चिठी, फोन वा साथी मध्ये कुनै पनि माध्यमबाट जाहेर गरेमा मात्र आफू घर

फर्कने अन्यथा घर त्यागेर हिँडनेछु भन्ने कुरा एउटा चिठीमार्फत व्यक्त गरिएको छ । अतीतावलोकन पद्धतीमा यस कथामा घटिट ससाना घटनाहरूलाई बीचमा परस्पर कार्यकारण शृङ्खलामा आबद्ध गरेर उनिएको छ ।

'चित्त दुखाएर घर छोड्ने लोग्नेलाई जहानको आग्रह' कथा यस संग्रहको दोस्रो कथामा जुन श्रीमानले श्रीमतीलाई गुनासाहरू लेखेको छ त्यसैको प्रत्युत्तर भएकोले घतलाग्दो सृजना हुन पुगेको छ ।यो कथा पनि पत्रात्मक शैलीमा नै आएको छ । श्रीमान्ले आरोपित गरेका सबै विषयहरूलाई सकार्दै आफूले गलत गरेको विषयलाई उसले प्रष्टसँग पत्रमा पोखेकी छे । धेरै किसिमका खराबी र उकुसमुकुसले गर्दा र त्यसलाई श्रीमान्समक्ष राम्ररी प्रस्तुत गर्न नसकेका कारण मन धेरै गुम्सिँदै गएको र हिनताबोधले आफूलाई थिचेको अनि आफ्ना कमजोरीहरूलाई लुकाउन श्रीमान्सँग रिसाउने, समस्यादेखि भाग्ने अनि ठुस्स पर्ने बानीको विकास भएको जानकारी दिएकी छे । एउटा असल श्रीमान्का तर्फबाट आफूलाई सद्व्यवहार गर्दागर्दै पनि श्रीमतीका कमजोरीका कारणले आजित भई श्रीमान्ले घर छोडी चिठी लेख्नु परेको स्वीकार गर्दै ऊ श्रीमानसँग माफी माग्छे र अब उप्रान्त त्यस्ता समस्या ननिम्तिने कुरामा श्रीमान्लाई विश्वस्त हुन आग्रह गर्छे । अतीतावलोकन पद्धतीमा आएको प्रस्तुत कथामा विगतमा कथा प्रस्तोताले आफूले विगतमा गरेका कर्मकुकर्महरूको स्मरण यहाँ भएको छ ।

'कागजका आँसुको थोपा' कथामा सामाजिक तथा सामुदायिक भावनालाई सामान्य अभिव्यक्तिभित्र गम्भीरताका साथ प्रस्तुत गरिएको छ । प्रस्तुत कथाकी मूल पात्र मञ्जु त्रिचन्द्र कलेमा विज्ञान विषयमा स्नातक तेस्रो वर्षमा अध्ययनरत छात्रा र पुल्पुल्याएर पालिएकी एक्ली छोरीको रूपमा चित्रित छ । उनको कलेज पढ्ने साथी रमेश भक्तपुर घुम्न गएको त्यसकै सेरोफेरोमा रही पत्र मञ्जुलाई पठाएको छ । पत्रमा रमेशले भक्तपुर सफा, सुग्घर तथा राम्रो सहर हो भन्ने सुनेको तर यथार्थमा त्यस्तो नपाएको कुरा लेखेको छ । त्यस्तै ऐतिहासिक स्थलको कम्पाउन्ड धनीहरूको गाडी पार्किङस्थल बनेको अनि गरिब गुरूवा सरसफाइ गर्ने तर धनीमानीहरू फोहोर गर्दै हिँड्ने संस्कृतिको विरोध पनि गरेको छ । मञ्जुका बुबाले प्रतिगमनकारीसँग साँठगाँठ

गरी सार्वजनिक जग्गा मिचेर घर बनाएकोले सबैले हेयके दृष्टिले हर्ने कुरापनि रमेशले पत्रमा उल्लेख गरेको छ । यस कथामा कथात्मक ढाँचा कलात्मक बन्न सकेको छैन ।

'साँझ पऱ्यो घर पुग्नुछ ' कथामा राजा ज्ञानेन्द्रले गरेको दमनकारी कार्यलाई प्रस्तुत गरिएको छ । काठमाडौंको चोकको एउटा चिया पसलभित्रको परिदृश्य सृजना गरी केही पात्रहरूको जमघट गराएर देशको तात्कालीन राजनीतिक तथा सामाजिक सन्दर्भमाथि टीकाटिप्पणी तथा चर्चा परिचर्चा प्रस्तुत गर्ने कार्य यस कथामा गरिएको छ । कथामा विशेष तथा मुख्य पात्रलाई स्पष्ट नबुझाई केही व्यक्तिहरूको बीचको छलफलबाट राज्यमा भइरहेको हत्या, हिंसा, बलात्कार र तस्करी, घुसखोरी, मानव बेचविखन लगायतका गतिविधिमाथि टीकाटिप्पणी गर्न लगाएर कथाको ढाँचा तयार पारिएको छ । प्रस्तुत कथाको कथानक संरचनालाई हेर्दा यो कथा अकथा जस्तो बनेको छ । यहाँ अनेक पात्रहरूको उपस्थिति छ तर यी पात्रहरू कुनै निश्चित क्रमविना नै संवादमा सरिक हुन्छन् । यस कथाले पनि परम्परित ढाँचालाई परित्याग गरेर प्रयोगधर्मी दिशातर्फ उन्मुख भएको छ ।

'गहुँबालीमा असिना पर्दा' कथामा वर्गीय पात्रहरूलाई उभ्याई उनीहरूका बीचमा वर्गीय चिन्तनको पृथकता र द्वन्द्वको प्रस्तुतीकरण गरिएको छ । कथामा गर्मी मौसम नजिँकिँदै गर्दा फागुनको अन्त्य वा चैत्रको सुरूका दिनमा सफा आकाशमा अचानक बादल लागी बिजुली चम्किँदै असिना परेको र असिनाबाट जोगिन रामु, किसान र एउटा सुकिलो लुगा लगाउने मानिस बजारबीचको पाटीमा ओत लाग्छन् । समूहभित्रबाट एउटा किसान असिनाले सारा गहुँ झार्ने भो केटाकेटीलाई के खुवाउने होला भनेर आतिन्छ तर सुकिलो लुगा लगाउनेले जग्गा धनीलाई गहुँ तिर्न छोड्यौ त्यसैले इश्वरले ठीक पारेको हो भन्दै दिनभर असिना बर्सोस भन्ने कामना गर्छ । ती दुइ थरी व्यक्तिहरूका बीचमा विवाद हुन्छ र विवाद बढ्दै जान्छ । रामु नाम गरेको अर्को पात्रले किसानहरूको बाली नोक्सानी भएमा त्यसले केही व्यक्तिहरूलाई मात्र असर नगरी पूरा राज्यलाई असर पार्ने कुरा प्रस्ट्याउँदछ । उसले राष्ट्रिय अर्थतन्त्र र उत्पादनको चक्रबाट मानवजीवनको आर्थिक पक्षबीच हनु जाने सम्बन्ध तथा असरका बारेमा घतलाग्ने गरी अभिव्यक्ति दिन्छ । यस कथामा घटनाको बाहुल्य देखिँदैन । मात्र

केही पात्रको केही बेरको दोहोरो कुरा वा संवादबाट कथाको आरम्भ हुन्छ र संवादात्मक सुक्ष्म क्रियाप्रतिक्रियाबाट कथानक निर्माण भएको छ ।

'नागरिक भावना' कथा एउटा विद्यार्थीलाई मोटरसाइकलले ठक्कर दिएपछि मानिसहरू जम्मा भई मोटर साइकल चालकलाई पिट्न थालेको घटनाबाट आरम्भ हुन्छ । मोटरसाइकल चालकले पसल अगाडिको चिप्लो र भिरालो बनाइएको ठाउँबाट विद्यार्थी चिप्लेर लडेकाले दोष आफ्नो नभई त्यस्तो भिरालो बनाउने घरधनीको हो भन्छ । घरधनीले आफूले त्यस्तो बनाएकामा नगरपालिकाको इन्सपेक्टरले केही नभनेको हुनाले दोष उसैको हो भन्छ । इन्स्पेक्टरले भिडसँग माफी माग्दै आफूले त्यसप्रकारको जनसेवाको काम गर्नुभन्दा बढी आफ्नो घर तथा पसलको काममा व्यस्त रहेर उक्त कुरामा ध्यान दिन नसकेको हुनाले आफलाई सचेत बनाई समयमै काममा लगाउन आनाकानी गर्ने आफ्ना हाकिमहरूको दोष भएको बताउँछ । जम्मा भएको भिडबीचकै एक युवकले चौबाटोमा बसेर होहल्ला र हातपात गर्दैमा समस्याको समाधान नहुने र यसको समाधानका लागि समस्यको कारक तत्त्वको पहिचान गर्नुपर्नेतर्फ सचेत गराउँछ । प्रत्येक सामाजिक समस्या निम्तिनु र सार्वजनिक सम्पतिको दुरूपयोग तथा भ्रष्टाचार हुनुमा राष्ट्रियस्तरका नेता तथा तिनका चाकडीबाज भ्रष्ट कर्मचारीको हात रहेको बताउँछ । प्रस्तुत कथामा पनि पात्रका क्रियाकलापको सुव्यवस्थित योजना र विन्यास देखिँदैन । यहाँ पनि विश्लेषणमा परेका पूर्ववर्ती कथाहरूमा जस्तै पात्रकाससाना अनुक्रियाकै प्रधानता छ । जसले गर्दा कथाको कलात्मक विन्यासको पक्ष ज्यादै दुर्वल बन्न पुगेको छ ।

'एकादेशको कथा' यस संग्रहका कथाहरूमध्ये सबैभन्दा लामो कथा हो । सिङगो संग्रहकै समेत नामाकरण गएिको यस कथाको सन्दर्भ पुस्तकालय र त्यसाम काम गर्ने अध्ययनशील पात्र सुशीलाले खण्ड खण्डमा अध्ययन गर्दै गएको एउटा कृतिसँग सम्बन्धित छ । ज्योति नामक उक्त पुस्तकालयमा ठूलो सङ्ख्यामा पुस्तकका साथै निका पूराना भोजपत्र, ताम्रपत्र, शिलापत्र, ठयासफु र विभिन्न बेलाका पाण्डुलिपिहरू समेत सङ्ग्रहित रहेका हुन्छन् । भारतका गुप्तचरहरूको बैठकमा नेपालको तराई भेगका युवाहरूलाई भारतको विश्वविद्यालयमा शिक्षा दिने व्यवस्था

मिलाई प्रवासमा ल्याउने र नेपालमा बिखण्डन गर्ने नेतृत्व तयार गर्ने, नेपालका विद्रोहीलाई विविध किसिमले सहयोग गर्ने, विभिन्न प्रान्तमा शरण र सुरक्षाको प्रबन्ध गर्ने, राजनीतिक दललाई आफ्नो हित अनूकुल सत्तामा लैजाने र सत्ताच्युत गर्ने जस्ता कुरा राखिएको हुन्छ । बैठकमा भएका सबै मानिस निकै गम्भीर भएका हुन्छन् । यस कथाले युवा पुस्ताका पाठकले इतिहास, दर्शन र कुटनीतिसम्बन्धी विषयका पुस्तक नपढी केवल मनोरञ्जनमूलक पत्रिका, खबर र तस्वीरहरू मात्र हेर्ने गरेको तीतो सत्यलाई प्रस्तुत गरिएको छ । यस कथाको आरम्भ दृश्यबन्धको वर्णनबाट हुन्छ र इतिहासको वृतान्त सुनाउनमा विस्तारित हुन्छ र इतिहासको वृतान्त र विवरण सकिएपछि कथा पनि सकिन्छ । कथानकको ढाँचा र कलात्मक विन्यासका दृष्टिले कथा दुर्वल देखिन्छ ।

'सार्वजनिक सम्पति' कथाले सार्वजनिक सम्पतिको सदुपयोग हुनुपर्छ, अनावश्यक दुरूपयोग गर्नुहुँदैन भन्ने सन्देश दिएको छ । टोलको सार्वजनिक पोखरीको पानी ओसारेर बारीमा हाल्न आमाले छोरी सीतालाई अह्राउँछिन् । छोरी सीताले पोखरीको पानी थोरै भएकोले टोलछिमेकमा आगलागी भयो भने पानीको आवश्यकता पर्दछ भन्दै पानी नलिन भन्छिन् । सीताका बुबा आसबहादुरले पनि पोखरीको विगतको भव्यता, त्यसमा भएका माछा, मानिसहरूको त्यस पोखरीप्रतिको आकर्षण र त्यहाँको ठूलो चहलपहलबारे कुराकानी गर्दछन् । पोखरीको सरसफाई र संरक्षणको कार्यक्रमसहित पोखरीको पानी नओसार्नेबारे जनचेतनाको योजनाबारे बताउँछन् । प्रस्तुतकथा पनि बाबु, आमा र छोरीबीचको संवादमा केन्द्रित छ । संवादमूलका ससाना अनुक्रियाहरूको विन्यासबाट प्रस्तुत कथाको कथानक निर्मित भएको छ ।

'डायरी' कथा एउटा सच्चा समाजसेवीले सामाजिक विसङ्गतिबाट दिक्क भई आफू समाजसेवामा लागेका कारण देख्नु परेको विकृतिबारे प्रकट गरिएको विचारलाई व्यङ्ग्यात्मक शैलीबाट यस कथामा प्रस्तुत गरिएको छ । समाजसेवी शम्भुप्रसादले डायरीमा आफूले विद्यालय स्थापना गरेको ५/७ वर्षपछि प्रधानाध्यापक बन्न एकआपसमा झैझगडा गर्ने, अयोग्य भए पनि आफ्ना मान्छे मात्र शिक्षकको रूपमा भर्ना गर्ने, सहायकहरूले स्कुलका सम्पूर्ण सामानहरू घरमा लैजाने, घुस ख्वाएर र

खाएर अनेकौं गैरकानुनी काम गर्ने कुराले आफूलाई विरक्त लागेको कुरा लेखिएको हुन्छ । यस कथामा संवादमूलक ससाना अनुक्रियाहरू र केही गयात्मक घटनाहरूको विन्यासबाट प्रस्तुत कथाको कथानक योजना निर्मित भएको छ ।

'नेवारी भोजका परिकारहरू' कथा नेवारी संस्कृतिका विभिन्न पाटाहरूमध्येको नेवारी भोज र यसभित्रका परिकारलाई जानकारी गराउने उद्देश्यसहित अन्य किसिमका विषय प्राध्यापक तथा विद्वान्हरूका बीचमा कुराकानी पनि चलाइएको कथा हो । बहुलपात्रहरूको उपस्थितिमा कथाको सुरू भागमा खानुअघिको पृष्ठभूमि र मानिसको परिचय, बीच भागमा क्रमशः भोजका परिकारहरूको विस्तारपूर्वक वर्णन तथा खाने टोलीको प्रस्तुति र खाइसकेपछि भोजका बीचमा हुने घतलाग्दो बहसको संयोजनले कथा रैखिक ढाँचामा अगाडि बढेको देखिन्छ । यस कथामा पनि संवादात्मक ससाना अनुक्रियाहरू नै कथानक निर्माण गर्ने सामग्री हुन् ।

'क्रमबद्ध परिवर्तन' कथा एकजना शिक्षक र उनीसँग अध्ययन गर्नेचार जना विद्यार्थी पात्रहरूलाई उपस्थित गराई अध्ययन वा सिकाइको ढाँचामा समाजवादी राजनीतिक दर्शनको प्रवचन दिइएको कथा हो । राजनीतिक दर्शनको व्याख्या र त्यसबारेका विद्यार्थीहरूका जिज्ञासाहरूको समन गर्ने क्रममा समसामयिक नेपाली राजनीतिक , सामाजिक परिवेशका साथै त्यसभित्रका अनेकौं छुद्रता, समस्या, मानिसमा हराउँदै गएको सत्संस्कार र बढ्दै गरेको बैइमानीहरूलाई विभिन्न घटनाहरूको उदाहरणभित्र तुलना र विश्लेषण कथामा गरिएको छ । एकजना भूमिगत शिक्षकसँग सात-आठ कक्षाका सुरेश, अर्जुन, भीम र कान्छा नामक चार जना विद्यार्थी दुइ-तीन वटा चोकपछिको पूरानो घरमा अध्ययन र छलफल गरिरहेका छन् । यस क्रममा शिक्षकले सरकार, समाज तथा देशका विभिन्न निकायका महत्त्वपूर्ण पदाधिकारीहरूको जिम्मेवारी र दायित्वबारे प्रस्ट पार्दछन् । देशको अर्थतन्त्रको अवस्था, भुमण्डलीकरण र खुला बजारले नेपाललाई पार्ने समस्या, नालायक प्रधानमन्त्री र नेताहरू, ध्वस्त भएका उद्योग व्यवसाय, कलकारखाना, ट्रलीबस सेवालगायतका विषयहरूको कारक तत्त्वसमेतको छलफल कथामा गरिएको छ । यस कथामा पनि शिक्षक र विद्यार्थीका बीचमा दोहोरो संवादको विधान गरिएको छ । यहाँ पनि

पात्रपात्राका कार्यव्यापारका माध्यमबाट कथाकारले भन्न खोजेको कुरा व्यक्त गर्नुभन्दा पात्रका भाषण जस्ता लाग्ने कुराबाट कथानक निर्माण गरिएको हुनाले प्रस्तुत कथा पनि त्यति स्वाभाविक बन्न पुगेको देखिँदैन ।

'अवसर र योग्यता' नगरक्षेत्रको समाज, त्यसको सुधार तथा विकास निर्माणको प्रसंग र नगरका कतिपय अगुवा व्यक्तित्वहरूका बारेमा चिन्तनमनन गरिएको कथा हो । शैक्षिकभ्रमणका लागि तयार साजशास्त्रका विद्यार्थीहरूमध्ये मीना, लुनी, रमेश, राजेन्द्र, रमा आदिको उल्लखे गरी उनीहरूले एउटा साप्ताहिक पत्रिकाको समाचारलाई लिएर गरेका छलफल र कुराकानीमा कथा केन्द्रित छ । एकजना मेयरको आत्मसमीक्षामा आफूले गर्न नसकेको खानेपानीको योजना, नदीहरूमा मिसाइएका ढलको व्यवस्थापन, नगरको सही व्यवस्थापन, भ्रष्टाचार रोक्ने काम, योग्यतालाई भएकालाई भन्दा नातागोतालाई अवसर दिने काम लगायत नगरको व्यवस्थापन गर्न अपनाइनुपर्ने अन्य धेरै महत्त्वपूर्ण कार्यबारे उनले पछुताएका देखिन्छन् । भारतबाट ल्याइने नक्कली प्रमाणपत्रबाट घुस खाई नेपालका अन्य कतिपय संस्थामा जस्तै शैक्षिक क्षेत्रमा समेत त्यस्ता व्यक्ति जाने गरेकाले शैक्षिक गुणस्तर खस्किएर बेकम्मा विद्यार्थी उत्पादन हुने र उनीहरूको भविष्य बिग्रनेप्रति कथामा संकेत गरिएको छ । अवसरका नाउँमा योग्यता नभएकाहरूलाई पदमा राख्दा देशको विकास कदापी हुँदैन भन्ने सन्देश कथाले बोकेको छ । यो कथा पनि संवादात्मक कुराकानीबाट आरम्भ भई सोही स्थितिमा टुङ्गिएको छ । कुनै घटनाका परिणाम स्वरूप घटनाहरू जन्मँदै जाने स्थिति यहाँ छैन ।

## २. सहभागी/सहभागिता

**एकादेशको कथा** सङ्ग्रहका कथाहरूको सहभागीहरूको अवस्थाको अध्ययन तल गरिएको छ ।

| कथा क्रम | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन-चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्र | पु. | स्त्री | प्र. | स. | गौ. | अनु | प्रति | ग. | स्थि | व | व्य. | ने. | म. | ब. | मुक्त |
| १ | एन. बी. | + | | + | | | | + | | + | + | | | + | + | |
| | पत्रकार रामु | + | | | + | | + | | | + | | + | | + | + | |
| | पत्रकार श्याम | + | | | + | | + | | | + | | + | | + | + | |
| | मन्त्राणी | | + | | | + | | + | | + | + | | + | | | + |
| | नोकर | + | | | | + | + | | | + | + | | + | | | + |
| | नोकर्नी | | + | | | + | + | | | + | + | | + | | | + |
| | दुइ केटाहरू | + | | | | + | + | | | + | + | | + | | | + |
| २ | श्रीमान् | + | | + | | | + | | | + | + | | | + | + | |
| | श्रीमती | | + | | + | | | + | | + | + | | + | | | + |
| | छोरी | | + | | | + | + | | | + | | + | + | | | + |
| | श्रीमान्का साथीहरू | + | | | | + | + | | | + | | + | + | | | + |
| | विद्यालयका शिक्षकहरू | | | | | + | + | | | + | | + | + | | | + |
| ३. | श्रीमती | | + | + | | | + | | + | | + | | | + | + | |
| | श्रीमान् | + | | | + | | + | | | + | + | | + | | | + |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छोरी | | + | | | + | + | | | + | | + | + | | | + |
| ४ | मन्जु | | + | + | | | + | | + | | | + | | + | + | |
| | बुबा | + | | | + | | | + | + | | | + | | + | + | |
| | आमा | | + | | + | | + | | | + | | + | | + | + | |
| | रमेश | + | | | | + | + | | + | | | + | + | | | + |
| | टोलका व्यक्तिहरू | | | | | + | + | | + | | | + | + | | | + |
| ५ | मदन कार्की( सादा पोशाकका प्रहरी) | + | | + | | | + | | | + | + | | | + | + | |
| | धर्के कोट लगाउने प्राध्यापक | + | | | + | | + | | | + | + | | | + | + | |
| | मकैको बुटा भएको टोपी लगाउने प्राध्यापक | + | | | + | | + | | | + | + | | | + | + | |
| | प्रहरी | + | | | | + | | + | | + | + | | | + | | + |
| | नेता | + | | | | + | + | | | + | + | | | + | | + |
| | समाजसेवी | + | | | | + | + | | | + | + | | | + | | + |
| | विद्यार्थी | + | | | | + | + | | | + | + | + | + | | | + |
| ६ | रामु | + | | + | | | + | | + | | + | | | + | + | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुकिलो लुगा लगाएको अधबैंसे व्यक्ति | + | | | + | | | + | | + | + | | | + | + | |
| | किसानहरू | + | | | + | | + | | + | | + | | | + | + | |
| ७ | रातो स्वेटर लगाउने विद्यार्थी | + | | + | | | + | | + | | + | | | + | + | |
| | युवा | + | | | + | | + | | + | | + | | | + | + | |
| | इन्स्पेक्टर | + | | | + | | | + | + | | + | | | + | + | |
| | घरपति | + | | | + | | + | | + | | + | | | + | + | |
| | मोटरसाइकल चालक | + | | | + | | + | | + | | | + | | + | + | |
| | विद्यार्थी | + | | | + | | + | | + | | + | | | + | + | |
| | ठक्कर खाने विद्यार्थी | + | | | | + | + | | + | | | + | | + | + | |
| ८ | सुशीला | | + | + | | | + | | + | | + | | | + | + | |
| | रीता | | + | | + | | + | | + | | | + | | + | | + |
| | सुमीत्रा | | + | | + | | + | | + | | | + | | + | | + |
| | मञ्जु | | + | | + | | + | | + | | | + | | + | | + |
| | चन्दा | | + | | + | | + | | + | | | + | | + | | + |
| | विश्वामित्र | + | | | | + | | + | | + | + | | | + | + | |
| | नरबहादुर नेपाली | + | | | | + | | + | | + | + | | | + | + | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रा. डा. झा. | + | | | | + | | + | | + | + | | | + | + | |
| | प्रा. डा. मित्र | + | | | | + | | + | | + | + | | | + | + | |
| | प्रा.डा. सिंह | + | | | | + | | + | | + | + | | | + | + | |
| | अन्य गुप्तचरहरू | + | | | | + | | + | | + | + | | + | | | + |
| ९ | सीता( छोरी) | | + | + | | | + | | + | | + | | | + | + | |
| | आसबहादुर (बुबा) | + | | | + | | + | | + | | + | | | + | + | |
| | मंगली (आमा) | | + | | + | | + | | + | | + | | | + | + | |
| १० | शम्भुप्रसाद तिवारी | + | | + | | | + | | + | | + | | | + | + | |
| | सुरेन्द्रप्रसाद | + | | | + | | + | | | + | + | | | + | + | |
| | रामबहादुर श्रेष्ठ | + | | | + | | + | | | + | + | | | + | + | |
| | कृष्ण थापा | + | | | + | | + | | | + | + | | | + | + | |
| | संगीता कुसी | | + | | + | | + | | | + | + | | | + | + | |
| | सुरेन्दप्रसादकी श्रीमती | | + | | | + | + | | | + | | + | + | | | + |
| ११ | प्रा. वैद्य | + | | + | | | + | | | + | + | | | + | + | |
| | प्रा. हिराबहादुर मूल | + | | + | | | + | | | + | + | | | + | + | |
| | घरपति | + | | | + | | + | | | + | | + | | + | + | |
| | घरपति बहिनी | | + | | + | | + | | | + | | + | | + | + | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ठूलो मान्छे | + | | | | + | | + | | + | | + | + | | | + |
| | विदेशी | + | | | | + | + | | | + | | + | + | | | + |
| १२ | प्रा.डा. मल्ल | + | | + | | | + | | + | | + | | | + | + | |
| | सुरेश | + | | | + | | + | | + | | + | | | + | + | |
| | अर्जुन | + | | | + | | + | | + | | + | | | + | + | |
| | भीम | + | | | + | | + | | + | | + | | | + | + | |
| | कान्छा | + | | | + | | + | | + | | + | | | + | + | |
| | रेस्टुरेन्टको केटो | + | | | | + | | | | + | + | | | + | | + |
| | खेलिरहेका बालबालिकाहरू | + | + | | | + | | | | + | | + | | + | | + |
| १३ | मीना | | + | + | | | + | | + | | + | | | + | + | |
| | लुनी | | + | + | | | + | | + | | + | | | + | + | |
| | रमेश | + | | + | | | + | | + | | + | | | + | + | |
| | राजेन्द्र | + | | + | | | + | | + | | + | | | + | + | |
| | रमा | | + | + | | | + | | + | | + | | | + | + | |
| | वास्तुकला विद् | | + | | + | | | + | | + | + | | | + | + | |
| | पत्रिका बेच्ने केटो | + | | | | + | + | | | + | + | | | + | + | |
| | क्यान्टिन साहु | + | | | | + | | + | | + | + | | + | | | + |

यसरी हरिबहादुर श्रेष्ठको कथामा पाइने पात्र विधान विविधतामय हुनाका साथै हाम्रो समाजका विभिन्न वर्ग, क्षेत्र कार्यमा संलग्न विभिन्न मानिसहरूको प्रतिनिधित्वले गर्दा समाजको यथार्थताको चित्रण गर्न कथामा प्रयुक्त पात्रहरू सफल र सक्षम रहेका छन् ।

## ३. परिवेश

यहाँ **एकादेशको कथा** कथासङ्ग्रहमा समावेश कथाहरूको परिवेशको अध्ययन गरिएको छ ।

'एक 'वाम' मन्त्रीसँगको अर्न्तवार्ता कथा नेपालको सहरी परिवेश र विशेषतः राजधानी काठमाडौंको स्थानगत सन्दर्भलाई आधार बनाइएको छ । विषयवस्तुगत आधारमा हेर्ने हो भने तमाम धोकेबाज राष्ट्र तथा जनशोषक राजनीतिज्ञलाई प्रतिनिधित्व गर्ने पात्र एन.बी. मार्फत कार्यव्यापारको फल प्राप्ति भएको सन्दर्भमा राजनीतिका परिवेशलाई कथामा उनिएको छ । कथामा पात्रहरूबीचको वार्तालापका आधारमा एन.बी. ले आफ्नो संस्मरणमा भारत लगायत अन्य युरोप तथा एसियाका कतिपय देशलाई पनि प्रसङ्गवश सम्झना गरेको राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेश कथाको सरोकारको विषय बनेको छ । 'आफ्नो जहानलाई पारपाचुकेको प्रस्ताव कथा सहरी परिवेशमा उनिएको कथा हो । बोर्डिङ स्कुलमा पढाउन जाने श्रीमती र उसको साथीप्रतिको व्यवहारसमेत उल्लेख भएकोमा उक्त श्रीमती चाहिँ गाउँकी ठूलाठालुकी छोरी भएको प्रसङ्गले कथाले ग्रामीण परिवेशलाई पनि चर्चामा ल्याएको छ । 'चित दुखाएर घर छोड्ने लोग्नेलाई जहानको आग्रह' सहरी परिवेशमा रचिएको कथा हो । दिनभरी परिश्रम गरेर बेलुका उक्त कमाइले जीविका चलाउनुपर्ने र डेरा गरी बसेका मानिसहरूलाई पात्रका रूपमा राखिएको हुनाले यो नेपालको राजधानी जस्ता सहरी परिवेशको चित्रण भएको कथा हो । 'कागजमा आँसुको थोपा' कथाको स्थानगत परिवेश काठमाडौं र भक्तपुर रहेको छ । मूलरूपमा कथाको घटना र सन्दर्भ भक्तपुरमै केन्द्रीत छ । कालगत परिवेशका आधारमा कथालाई विश्लेषण गर्दा २०५९ सालमा राजाले संसद विघटन गरी आफूले प्रत्यक्ष शासन चलाएको समयलाई कथामा किटान गरी त्यसपश्चातको घटना बुनेको देखाइएको छ । 'साँझ पऱ्यो घर पुग्नुछ' कथाको

परिवेश राजधानीको कुनै एउटा व्यस्त चोकको चियापसल रहेको छ । 'गहुँबालीमा असिना पर्दा' कथाले काठमाडौं उपत्यकाको परिवेशलाई समेटेको छ । कथाले किसान ज्यापुहरूको प्रसङ्ग ल्याएको हुनाले हालका दिनमा काठमाडौंभित्र अलि बढी खेती भइरहेको स्थान भक्तपुर रहेकाले कथाको परिवेश भक्तपुरको कुनै गल्ली र त्यहाँस्थित सामाजिक थलो पाटीलाई परिवेश बनाइएको छ । 'एकादेशको कथा' कथामा दुइ किसिमको आख्यान पाइन्छ । मूलकथामा ज्योति नामको पुस्तकालयको परिवेश चित्रण छ । अर्को आख्यानमा कथाकी मुख्य पात्र सुशीलाले अध्ययन गरेको 'एकादेशको कथा' शीर्षक कृतिमा मूलतः दक्षिण एसिया केन्द्रित हुँदै पूरा एसिया, युरोप तथा अमेरिका अर्थात विश्वको राष्ट्रगत प्रसङ्ग आएको हुनाले एक प्रकारले विश्व परिवेश कथामा अटाएको छ । 'सार्वजनिक सम्पति' कथामा टोलको बीचमा पोखरी भएको उल्लेख भएको हुँदा उपत्यकाभित्रको परिवेशलाई कथाले समेटेको देखिन्छ । उपत्यकाभित्रका त्यसमा पनि विशेष रूपमा भक्तपुरमा विभिन्न पोखरीहरू रहेको र त्यहाँको सिद्धपोखरीमा माछा पनि रहेको आधारमा यस कथामा भक्तपुर नगरको परिवेश चित्रण गरिएको मान्न सकिन्छ । बुइँगलमा भान्छा हुनु, त्यहाँ खाना खाएर कौसीमा भाँडा माझ्नु जस्ता कुराहरू प्राय नेवार समुदायहरूको हो । 'डायरी' कथा सहरी भेग अर्थात नगरभित्रको बस्तीको परिवेश चर्चा भएको कथा हो । 'नेवारी भोजका परिकारहरू' कथा नेवारी शैलीको घरको बुइगल तथा नेवारी समुदायका प्रौढ मानिसहरूको सामूहिक उपस्थिति, भोज खाने स्थान र परिकार लगायतका कुरा कथाका मञ्चिय र प्रत्यक्ष परिवेश हुन् । 'क्रमबद्ध परिवर्तन कथा' पञ्चायतकालीन राजनीतिक तथा तत्कालीन सामाजिक परिवेशबाट सुरू भई गणतान्त्रिक नेपाल हुने बेलासम्मको लामो समयलाई कथाले बोकेको छ । पञ्चायतकालीन तानाशाही परिवेश, प्रजातन्त्रको पुर्नप्राप्तिको सामाजिक तथा राष्ट्रिय स्थिति र गणतन्त्रको स्थापनापछिको सामयिक समय र यसभित्रको समाजका विभिन्न निकायहरूमा मानिसले गरेका गलत व्यवहारहरूको परिवेशगत चित्रण कथाले गरेको छ । 'अवसर र योग्यता' कलेज परिसरभित्रको परिवेश चित्रित छ । कलेज कम्पाउण्ड,कलेजको चमेनागृह र कलेजको चौरको परिवेशमा आधारित रही कथा रचिएको छ । शिक्षण संस्था, शिक्षित वातावरण, सहरी क्षेत्र( विशेषतः काठमाडौं उपत्यका) कथाका मूल परिवेशगत तत्त्व हुन् ।

## ४. उद्देश्य

एकादेशको कथा कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूले बोकेका उद्देश्यहरूलाई यहाँ चर्चा गरिएको छ ।

हरिबहादुर श्रेष्ठको **एकादेशका कथा** कथासङ्ग्रहका कथाहरूको माध्यमबाट सामाजिक विसङ्गति, नेपालको राजनीतिक वृतमा देखिएको भ्रष्टाचार, अर्कमण्य, धोकेबाज, र जनहितविपरीतको कार्यहरू गर्ने नेतागणको वास्तविकता, वर्गीय असमानताले गर्दा पारिवारिक रूपमा पनि बेमेल हुनसक्ने स्थिति, शोषक तथा सामन्त र प्रतिगमनकारी दरबारिया चाकडियाहरूले सामाजिक सम्पतिमाथि गर्ने हस्तक्षेप, भारतको विस्तारवादी नीति जस्ता कुरालाई प्रस्तुत गरी वर्गभेदको अन्त्य गरी समतामूलक समाज निर्माणमा जोड दिनु कथाको उद्देश्य रहेको देखिन्छ ।

'एक वाम मन्त्रीसँगको अर्न्तवार्ता' नेपालको राजनीतिमा जनताको दुहाइ दिएर राज्यलाई सर्वोपरी मान्यता दिएको ढ्वाङ रच्दै थुप्रै व्यक्तिहरू सक्रिय रहेको र त्यसमा पनि आफूलाई वामपन्थी भन्नेहरू सामाजिक तथा वर्गीय उत्थानका फोस्रा नारा अघि लगाई वर्गीय उन्मुक्ति, गरिबीको समाप्ति, श्रमको मूल्य खोजी लगायतका ठुला ठूला आशा जनतालाई देखाई यथार्थमा जनताको आँखामा छारो हाली आफ्नो भुँडी भर्ने नेताहरूको यथार्थको प्रतिबिम्ब नै प्रस्तुत गर्ने उद्देश्य लिइएको कथा हो । 'आफ्नो जहानलाई पारपाचुकेको प्रस्ताव' कथाले हिंसा केवल महिलालाई मात्र होइन, कतिपय अवस्थामा महिलाबाट पुरूषहरू पनि गम्भीर किसिमले पीडित छन् भन्ने भाव व्यक्त गर्नु यस कथाको उद्देश्य रहेको देखिन्छ । साथै मानिसको स्वभाव र आचरण उसको अभिभावक, परिवार र बाँचेको समाजले निर्धारण गर्दछ भन्ने कुरालाई पनि कथाले प्रस्ट्याएको छ । 'चित्त दुखाइ घर छाड्ने लोग्नेलाई जहानको आग्रह' कथाको मूल उद्देश्य दाम्पत्य जीवनको सञ्चालनम दम्पतीहरूको भूमिका कस्तो हुनुपर्छ भन्ने कुरा औंल्याउनु र त्यसमा उत्पन्न हुन सक्ने  समस्याहरू पनि जानकारी दिनु रहेको छ । नेपाली समाजमा बढ्दै गएको दाम्पत्य असमझदारी र सम्बन्ध-विच्छेद जस्तो सामाजिक समस्यालाई समझदारीमा मात्रै समस्याको समाधन गर्न सकिन्छ भन्ने

सन्देश दिनु पनि कथाको उद्देश्य रहेको देखिन्छ । 'कागजमा आँसुको थोपा' कथाले जसले समाजमा सामाजिक मर्यादा र सामूहिक हितमा अगाडि बढ्न सक्छ वा तद्अनुकूल कार्य गर्दछ, उ, प्रतिष्ठित बन्दछ । तर जसले सामाजिक मर्यादा र नैतिक मूल्यलाई छोडेर व्यक्तिगत हित प्राप्तिको विषयलाई बढी महत्त्व दिन्छ, उ, समाजको तिरस्कारको तथा टिप्पणीको पात्र बन्न भन्ने देखाउनु कथाको मूल उद्देश्य रहेको देखिन्छ । 'साँझ पऱ्यो घर पुग्नुछ' कथाले देशका भ्रष्टाचारी, जनतालाई झुक्याउने, चेलीबेटी निर्यात गरी अकुत सम्पति कमाउने, बाहिर सद्दे देखाई भित्रभित्रै असामाजिक व्यवहार गर्ने घृणित चरित्रका नेताहरूको असली रूपलाई उदाङ्गो बनाउने उद्देश्य लिएको देखिन्छ । 'गहुँबालीमा असिना पर्दा' कथाले सामन्तहरू गरिबप्रति कतिसम्म कठोर हुन्छन्, उनीहरूप्रति केकस्तो मनसाय रहेको हुन्छ र आफ्नो स्वार्थ पूर्तिका लागि कतिसम्म मरिमेट्छन् भन्ने कुरा प्रस्तुत गर्नु कथाको उद्देश्य रहेको देखिन्छ । साथै एकजुट भई शोषणको विरूद्ध प्रतिवाद र विद्रोह गर्नुपर्ने तबमात्र समाज परिवर्तन र अग्रगतिमा जान सक्छ अन्यथा यथास्थितिमै रहन्छ भन्ने सारलाई प्रस्तुत गर्नु पनि कथाको उद्देश्य रहेको देखिन्छ । 'नागरिक भावना' कथाले सहरका चोकचोकमा दुर्घटना, जाम र समस्याहरू निम्तिनुमा त्यहाँ वरिपरिका घरपतिहरूले सार्वजनिक जग्गामा अतिक्रमण गरी घर, पेटी आदि निर्माण गर्नाले र मानिस हिँड्ने बाटोमा नुन, ड्रम र सामान थुपार्ने कायले गर्दा नै हो र त्यस्तो कार्यको नियन्त्रण नगरपालिका लगायतका निकाय तथा पदाधिकारीहरूको हो भन्ने दर्शाएको छ । 'एकादेशको कथा' कथाले आफ्नो छिमेकी मूलुकप्रति शक्तिशाली साम्राज्यहरूले कसरी दुष्चक्रको जालो फ्याँकेका हुन्छन् र भारतले आफ्नो स्वार्थको लागि गरिराखेको कुकृत्यहरू, गोप्य सन्धि सम्झौताहरू र विभिन्न विस्तारवादी नीति तथा चालबाजी कसरी गरिरहेको छ भन्ने देखाउनु नै कथाको उद्देश्य रहेको देखिन्छ । 'सार्वजनिक सम्पति' कथाले मानिस सामाजिक प्राणी भएकोले सामाजिक मर्यादामा हिँड्नु र त्यसका आदर्शलाई पालना गर्नु पनि मानिसको कर्तव्य हो भनि बोध गराएको छ । सार्वजनिक सम्पति व्यक्तिले आफ्नो मात्र हित वा फाइदा हुने काममा प्रयोग गरिनुहुन्न, सामाजिक सम्पतिको संरक्षण गर्नु सबै असल नागरिकको कर्तव्य हो भन्ने सन्देश कथाले व्यक्त गरेको छ । 'डायरी' कथाले पूँजीवादी समाजमा हुर्केका युवाहरू, शिक्षक , लेक्चरर, बुद्धिजीवीहरू

आफ्नो इज्जत र प्रतिष्ठाभन्दा पैसामा विकेको नराम्रो प्रवृत्तिलाई प्रस्तुत गरी समाज सुधार गर्न निस्वार्थी सुधारक जन्मिनुपर्दछ भन्ने सन्देश व्यक्त गर्नु कथाको उद्देश्य रहेको देखिन्छ । पूँजीवादी समाजभित्र मौलाएको धन कमाउने होड र अस्वस्थ प्रतिस्पर्धाका साथै व्यक्तिवादी प्रवृत्तिले गर्दा सामाजिक उन्नती प्रगतिमा बाधा पुग्ने कुरा कथामा प्रस्तुत गरिएको छ । ‘क्रमबद्ध परिवर्तन ’ कथाले समाजका अग्रगामी र परिवर्तनकारी सोच भएका मानिसहरूले पञ्चायतबाट प्रजातन्त्र र त्यसबाट गणतन्त्रसम्मको परिवर्तनमा पुऱ्याएको प्रसङ्गलाई पस्कन खोजेको छ । ‘अवसर र योग्यता’ कथाले अयोग्य र असक्षमहरूको हातमा शासन, सत्ता, कुर्सी वा पद पुग्यो भने तिनीहरूले देशको नास गर्छन् भन्ने देखाउन खोजेको छ । योग्यताको कदर नगरी घुस खाई वा खुवाई आफ्नालाई अवसर दिनाले  अयोग्य व्यक्तिहरू पदमा पुग्नाले सिंगो देशलाई असर पारिरहेको यथार्थ पस्कनु कथाको मूल उद्देश्य रहेको देखिन्छ ।

## ५. दृष्टिविन्दु

यहाँ हरिबहादुर श्रेष्ठको **एकादेशको कथा** कथासङ्ग्रहमा समावेश कथाहरूमा प्रयुक्त दृष्टिविन्दुलाई केलाइएको छ ।

यस कथासङ्ग्रहित ‘एक वाम मन्त्रीसँगको अर्न्तवार्ता’ कथामा बहुलपात्रको प्रयोग गरी उनीहरूका एकआपसका वार्तालापलाई क्रियाशील बनाई कथाको घटनाको बुनोट गरिएकोले कथा तृतीयपुरूष कथनपद्धतीमा संरचित छ । पत्रात्मक शैलीमा लेखिएको ‘आफ्नो जहानलाई पारपाचुकेको प्रस्ताव’ र ‘चित्त दुखाएर घर छाड्ने लोग्नेलाई जहानको आग्रह’कथामा प्रथम पुरूषीय दृष्टिविन्दुको प्रयोग भएको छ । ‘कागजमा आँसुको थोपा’, ‘साँझ पऱ्यो घर पुग्नुछ’, ‘गहुँबालीमा असिना पर्दा’, ‘नागरिक भावना’, ‘सार्वजनिक सम्पति’, ‘डायरी’‘नेवारी भोजका परिकारहरू’, ‘क्रमबद्ध परिवर्तन’, ‘अवसर र योग्यता’ कथामा विभिन्न पात्रहरूमार्फत आफ्ना भनाइहरू राख्न लगाइएको हुनाले तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग भएको छ । ‘एकादेशको कथा’ कथामा विषयवस्तुको गहनतालाई बोक्न र प्रस्तुत गर्न आवश्यक पात्रहरूको अभिव्यक्तिको रूपमा कथामा प्रस्तुत गरिएको हुनाले तृतीय पुरूषीय दृष्टिविन्दुका कथा रचिएको छ ।

## ६. भाषाशैलीय विन्यास

हरिबहादुर श्रेष्ठको कथासङ्ग्रह **'एकादेशको कथा'** मा समावेश कथाहरूमा प्रयुक्त भाषाशैलीको अध्ययन गरिएको छ ।

कथाकार हरिबहादुर श्रेष्ठको उल्लेख्य प्रवृत्ति उनका कथाको भाषा सरल, सहज र सुबोध्य हुनु हो । 'एक वाम मन्त्रीसँगको अर्न्तवार्ता' कथामा सभ्रान्तवर्गीय परिवारले प्रयोग गर्ने खालको भाषा 'हजुर', 'गरिस्योस', 'खाइस्योस' जस्ता अति उच्च आदरार्थी शाब्दिक प्रयोग भएको छ । राजनैतिक क्षेत्रमा प्रयोग हुने भाषिक शब्दावली , जस्तै : नेता, राजनीतिज्ञ, विदेश भ्रमण, मन्त्री, पार्टी, जनता जस्दा शब्दहरूको यथेष्ट प्रयोग भएको छ । 'आफ्नो जहानलाई पारपाचुकेको प्रस्ताव' र 'चित्त दुखाएर घर छाड्ने लोग्नेलाई जहानको आग्रह' कथामा पत्रात्मक शैलीको प्रयोग भएको छ । घरायसी व्यवहार, दाम्पत्य जीवन र सामान्य दैनिक जीवनमा हुने लोकप्रचलित शब्दको बहुलताले गर्दा कथाको भाषा शैली सामान्य र सरल बनेको देखिन्छ । 'कागजमा आँसुको थोपा' कथामा वर्णनात्मक शैली र त्यसभित्र मूल आशयलाई पत्रमार्फत अभिव्यक्त गरिएको हुनाले पत्रात्मक ढाँचाको समेत मिश्रित शैलीमा कथा सिर्जित छ । पात्रहरूका बीचमा यथेष्ट संवाद तथा कुराकानी भएकाले संवादात्मक शैली कथामा छ । 'नानु', 'बाबा', 'हजुर', 'प्रिय मञ्जु' आदि जस्ता शब्दावलीको प्रयोग भएको छ । 'साँझ पऱ्यो घर पुग्नुछ' कथा रैखिक ढाँचामा अगाडि बढेको हुनाले वर्णनात्मक शैलीमा कथा लेखिएको छ । कथामा समाजसेवा, नारा जुलुस, पर्चा र प्रहरीको लाठी र बुट, शााही घोषणा, पुँजीवाद, पञ्चायत, बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र, भाषण, अर्थमन्त्री, गृहमन्त्री, अत्याचार, संविधान जस्ता प्रचलित राजनैतिक शब्दहरूको यथेष्ट प्रयोग भएको छ । त्यस्तै 'ग्राहक', 'पैसा तिनु', ' मगाउनु' जस्ता व्यवासायिक शब्दावलीका साथै 'खसी काट्नु', 'ब्रिफकेस जोगाउनु', 'कौसीमा हेलिकप्टर बिसाउनु र उडाउनु', 'ठूलो मान्छ', 'टाउको चारैतिर घुमाउनु' जस्ता प्रतीकात्मक तथा विशेष सन्दर्भ जनाउने शब्दावलीको प्रयोगले कथाको भाषिक पक्ष सबल देखिन्छ । 'गहुँबालीमा असिना पर्दा' कथामा स्वाभाविक किसिमका अनौपचारिक/औपचारिक शैली र शाब्दिक प्रयोग भएको देखिन्छ । कथामा बादलले

छोप्नु, बिजुली चम्किनु, मेघ गर्जनु, असिना वर्षनु, सुस्केरा हाल्नु, चिन्ताको रेखा देखिनु, दायाँबाँया ढल्कनु, पाइला अगाडि बढ्नु, हाहाकार फैलनु, भोकमरी हुनु, पल्यापुलुक हेर्नु, गल्तीतिर हिँड्नु, बादल फाट्नु, उज्यालो देखिनु जस्ता पदावलीले कथामा व्यक्त गर्न खोजेका भावलाई मीठो र सरल ढङ्गबाट प्रस्तुत गरेको छ । त्यस्तै चिन्ताको रेखा देखिनु, ऋण लाग्नु, असिना बर्षनु, छाला काढ्नु, निमोठेर लिनु जस्ता टुक्का विशेष सन्दर्भका लागि र 'सार्कीले गाई सराप्दैमा गाई मर्दैन' भन्ने प्रचलित उखानको प्रयोगले भाषा मीठा बनेको छ । 'नागरिक भावना' कथामा 'समात् समात्', 'तल खसाल् खसाल्'जस्ता आवेगात्मक अभिव्यक्ति दिने भाषाको प्रयोग भएको छ । सार्थ टी.टी., ट्वायँ ट्वायँ, स्वाँस्वाँ जस्ता अनुकरणात्मक शब्दको पनि प्रयोग भएको छ । कथामा विशिष्ट आलङ्कारिक तथा घुमाउरो भनाइ कहीँ कतै पनि प्रयोग गरिएको छैन । 'एकादेशको कथा' मा विवरणात्मक र वर्णनात्मक शैली अंगाली अभिव्यक्ति तहमा सरल शब्द तथा सरल किसिमको भाषिक प्रयोग गरेका छन् । कथामा एकातिर पुस्तकालय, पुस्तक र अध्ययनसँग सम्बन्धित शैक्षिक क्षेत्रको भाषिक प्रयोग भएको छ भने अर्कोतिर विभिन्न गुप्तचर पात्रका भाषाहरूमा राजनैतिक, प्रशासनिक तथा कुटनैतिक विषयहरूका शब्द तथा त्यस किसिमका भाषाको प्रयोग भएको देखिन्छ । 'सार्वजनिक सम्पति' कथा अत्यन्त सरल किसिमको भाषा र वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोग भएको छ । कथामा पोखरी, बारी, टोल, छिमेकी जस्ता परिवेश सन्दर्भ जनाउने शब्दको प्रयोग भएको छ । 'डायरी' कथामा सामाजिक क्षेत्रभित्रका विभिन्न उपक्षेत्रहरू जहाँ शिक्षा, स्वास्थ्य आदिको विषय प्रसङ्ग कथाले उठाए अनुसार झर्रा नेपाली शब्दहरूको समेत प्रयोग भएको छ । कथाको अन्यतिरनेपाली समाजको आलोचनात्मक समीक्षा गरेको हुनाले तार्किक तथा विश्लेषणात्मक शैली पनि प्रयोग भएको छ । 'नेवारी भोजका परिकारहरू' कथामा शीर्षक अनुकूल नेवारी भोज, त्यससँग सम्बन्धित परिकार बनाउने मान्छे र चीजबीजको सम्बोधन जनाउने भाषाको प्रयोग भएको छ । वर्णनात्मक, विश्लेषणात्मक, टिप्पणीमूलक भाषिक प्रस्तुति कथामा छ भने संस्मरणात्मक साथै संवादात्मक शैलीको पनि प्रयोग कथामा गरिएको छ । 'बुइँगल', 'भारी', 'चिच्याकला', 'भेग', 'सलिचा' जस्ता नेवारी भाषामा प्रयुक्त हुने शब्दहरूको पनि कथामा प्रयोग

भएको छ । 'क्रमबद्ध परिवर्तन' कथामा  कलात्मक भाषाशैलीको प्रयोग भएको छ । ' जसरी घाम लाग्दा सबै ठाउँबाट एकै बाजी अँध्यारो भाग्छ , त्यस्तै समाजमा ठूलो परिवर्तन या क्रान्ति नभएसम्म दरबार, सरकार, राजनीतिक दलहरू, मन्त्रालय, विभाग, विश्वविद्यालय, महाविद्यालय, सरकारी कार्यालयहरू र विद्यालयहरूमा पनि त्यस्ता चाकडी-चुकुली र बेइमानी प्रवृत्ति हट्ने छैनन् ।' जस्ता तार्किक भाषाको प्रयोग भएको छ । कथामा हड्ताल, हुल्याहा, झगडा, जालसाझी, मजदुर किसान, कम्युनिस्ट, पूँजीवादी, उदारवाद, सङकीर्ण सङ्गठन, स्वार्थी, सिद्धान्त, सामन्ती समाज, क्रान्ति लगायतका राजनीतिक क्षेत्रका शब्द, भुमण्डलीकरण, खुलाबजार अर्थनीति, विश्व व्यापार सङ्गठन जस्ता अर्थशास्त्र क्षेत्रका प्रशासनिक शब्दहरूको प्रयोगले कथा गहकिलो बनेको छ । 'अवसर र योग्यता' कथामा कलेजको तहमा अध्ययन गरिरहेका विद्यार्थीले सामयिक राजनीति, वर्गीय, सामाजिक आदि प्रसङ्गले चर्चा गरेका हुनाले भाषा स्तरीय र औपचारिक छ । वार्तालाप तथा संवादमा घटित भएकाले संवादात्मक अर्थात नाटकीय शैली कथामा छ किनभने कथाकारले प्रत्येक पटकको दृश्य चित्रण तथा वक्ताको हाउभाउ, लवाइ, आन्तरिक तथा वाह्य चारित्रिक स्वरूपको समेत चर्चा गरेका छन् । कथामा न्यून मात्रमा मिश्र वाक्य र अधिक सरल तथा संयुक्त वाक्यको प्रयोग भएको देखिन्छ ।

### ४.२.२.३ निष्कर्ष

हरिबहादुर श्रेष्ठको **एकादेशको कथा** कथासङ्ग्रहका कथाहरूको शीर्षक सार्थक छन् । 'एक 'वाम' मन्त्रीसँगको अन्तरवार्ता' कथामा आफूलाई वामपन्थी र जनताको सेवक भनि फोस्रो धाक लाउने तर भित्रभित्रै व्यक्तिगत स्वार्थमा लिप्त भई विलासी जीवन विताउने नेतासँगको अन्तरवार्ता प्रस्तुत भएको छ । देश र जनताको हितभन्दा आफ्नो भुँडी भर्न तल्लीन स्वार्थी मन्त्रीको चित्रण गर्न कथा सफल भएकोले शीर्षक सार्थक देखिन्छ । 'आफ्नो जहानलाई पारपाचुकेको प्रस्ताव' कथामा भ्रष्टाचारी, शोषक र घुसखोर तथा आफ्नो दुनो सोझ्याउने जे पनि गर्ने बाबुको संस्कारमा हुर्केकी छोरी सोही अनुरूप जिद्दी, आफ्ना मात्र कुरा ठूला र महत्त्वपूर्ण मान्ने, अरूलाई मान्छे नगन्ने, कमजोरीहरूलाई सच्याई आत्मलोचना गर्नुको साटो त्यसलाई ढाकछोप गर्ने तथा अट्टेरी

गर्ने जस्ता स्वभावको चित्रण गरिएको छ । श्रीमतीको स्वभावले विरक्त भएर श्रीमान्ले श्रीमतीलाई लेखेको पत्रात्मक शैलीमा कथा संरचित हुनाले कथाको शीर्षक सार्थक देखिन्छ । ' चित्त दुखाएर घर छोड्ने लोग्नेलाई जहानको आग्रह' कथा सङ्ग्रहको दोस्रो कथाको परिपूरकको रूपमा आएको छ । आफूले गल्तीहरूको प्रायश्चित गर्दै श्रीमानसँग माफी मागेको र अब ऊप्रान्त त्यस्ता समस्या  ननिम्तिने कुरामा श्रीमान्लाई विश्वस्त हुन आग्रह गरेको हुनाले कथाको शीर्षक सार्थक देखिन्छ ।

'कागजमा आँसुको थोपा'  कथामा कथाकी मूल पात्र मञ्जुका साथी रमेशले पठाएको पत्र पढेर पत्रमा मञ्जुको आँसु झरेको यथार्थलाई प्रतिकात्मक रूपमा देखाउन खोजिएको छ । 'साँझ पऱ्यो घर पुग्नुछ' कथा चियापसलमा देशको समसामयिक राजनैतिक गतिविधिबारे र भ्रष्टाचार, नेताहरूको व्यक्तिगत स्वार्थपूर्ति, बहुदलिय प्रजातन्त्रको लागि गरिएको संघर्षको चर्चा परिचर्चा एवम् छलफल गर्दा गर्दै साँझ परेको र घर पुग्नुपर्ने यथार्थलाई चित्रण गरेको हुनाले शीर्षक सार्थक छ । 'गहुँबालीमा असिना पर्दा' कथामा असिनाले बाली बिगार्ने चिन्ताले किसानलाई परेको चिन्ता र छोराछोरीलाई पाल्नुपर्ने,खुवाउनुपर्ने अन्न बाली बिग्रिएमा भोग्नुपर्ने दुःख कष्टको बारेमा कल्पना व्यक्त गरिएको छ । साथै जग्गाधनीलाई असिनाले बाली बिगार्दैमा केही असर नगर्ने भाव व्यक्त गरेको र एक सजक युवकले गहुँबाली असिनाले बिग्रँदा किसानलाई मात्र सिङ्गो देशलाई आर्थिक सङ्कट पर्ने यथार्थलाई प्रस्ट्याइए अनुरूप कथाको शीर्षक सार्थक मान्न सकिन्छ  ।

देशका सबै असल नागरिकले आफ्ना कर्तव्य निभाएको खण्डमा देशमा समस्या नै उत्पन्न हुने थिएन, सुन्दर समाज निर्माण हुने थियो भन्ने भाव अनुसारको कथानक रहेको नागरिक भावना कथाको शीर्षक कथावस्तु अनूकुल नै रहेको देखिन्छ । सन् १९७० देखि सन् १९८० सम्मको भारतीय गुप्तचरहरूको नेपाल माथिको दृष्टिकोण र विस्तारवादी नीति देखाउन खोजिएको पूरानो घटनालाई संस्मरण गराउन एकादेशको कथा शीर्षक छनौट कथावस्तु अनूकूल नै छ । सार्वजनिक सम्पति व्यक्तिगत स्वार्थका लागि होइन सामूहिक हितका लागि प्रयोग गरिनुपर्दछ , सार्वजनिक सम्पतिको संरक्षण नगरिएकामा विस्तारै नास हुने स्थितिमा पुग्ने सन्देशसहित रचिएको कथा भएकोले

शीर्षक सार्थक देखिन्छ । एक निस्वार्थ समाजसेवीले आफ्नो जीवनकालमा गरेका राम्रा कार्यहरू, समाजप्रतिको निस्वार्थ सेवा, विद्यालयको स्थापना आदिको वर्णन तथा भ्रष्टाचार तथा कुरीति हटाउन आफूले नसकको कुराहरू समेत उल्लेख गरिएको डायरीमा आधारित रहेको हुनाले  कथाको शीर्षक छनौट भएको देखिन्छ । नेवारी संस्कृति र भोजका परिकारहहरूका बारेमा विश्लेषणात्मक शैलीमा लेखिएको हुनाले कथाको शीर्षक 'नेवारी भोजका परिकारहरू' छनौट भएको देखिन्छ । निस्थार्थ भावले समाज परिवर्तनमा सक्रियताका साथ लागिपर्ने व्यक्तिहरूको पहलले नै पञ्चायतबाट बहुदलीय प्रजातन्त्र र त्यसबाट पनि गणतन्त्र आएको सन्देश पस्कन कथाको शीर्षक क्रमबद्ध परितर्नन शीर्षक कथावस्तुमै केन्द्रित छ । अवसरका नाममा योग्यता नपुगेका व्यक्तिहरू देशको विभिन्न पद,निकाय तथा तहमा पुगेको यथार्थलाई प्रस्तुत गर्दै त्यसले सिङ्गो देशको भविष्य नै अन्योलमा पर्ने तर्फ संकेत गरेको हुनाले कथावस्तु अनुसार नै अवसर र योग्यता शीर्षक अनुकूल छ ।

## पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

### ५.१ सारांश

प्रस्तुत शोधपत्र नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने हरिबहादुर श्रेष्ठका कथाकारिताको अध्ययनमा केन्द्रित रहेको छ । पाँच परिच्छेदमा विभाजित यस शोधपत्रका हरेका परिच्छेदको सार संक्षेपलाई क्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

यस शाोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय मुख्य शीर्षक रहेको छ । प्रस्तुत परिच्छेदमा विषय परिचय, समस्या कथन, शोधपत्रको उद्देश्य, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, पूर्वकार्यको समीक्षा, शोधपत्रको सीमाङ्कन, सामग्री सङ्कलन र शोधविधि तथा शोधपत्रको रूपरेखा जस्ता उपशीर्षकहरू रहेका छन् । उल्लिखित शीर्षकहरूमा शोधपत्र निर्माणका लागि आवश्यक समस्या, विधि एवम् हरिबहादुर श्रेष्ठका बारेमा यसभन्दा अघि भएगरेका टीकाटिप्पणी आदि प्रस्तुत गरिएको छ । जसको उद्देश्य यस शोधपत्रलाई व्यवस्थित ढङ्गले पूरा गर्नु रहेको छ ।

दोस्रो परिच्छेदमा हरिबहादुर श्रेष्ठको सङ्क्षिप्त परिचय मुख्य शीर्षक रहको छ । प्रस्तुत परिच्छेदमा विशेष गरी दुई उपशीर्षक रहेका छन् । जसमा उनको जीवनीका बारेमा हरिबहादुर श्रेष्ठको जीवनी उपशीर्षकमा रहेर अध्ययन गरिएको छ भने हरिबहादुर श्रेष्ठको व्यक्तित्व उपशीर्षकमा रहेर उनको व्यक्तित्वका विविध पाटाहरूको अध्ययन गरिएको छ ।

तेस्रो परिच्छेदमा हरिबहादुर श्रेष्ठका कथा यात्रा र प्रवृत्ति मुख्य शीर्षक रहेको छ । यस परिच्छेदमा उनको कथागत प्रवृत्ति एवम् विशेषताहरूको अध्ययन गरिएको छ ।

चौथो परिच्छेदमा हरिबहादुर श्रेष्ठका कथाहरूको विश्लेषण मुख्य शीर्षक रहेको छ । हरिबहादुर श्रेष्ठका दुई कथा सङ्ग्रहहरू हरिबहादुर श्रेष्ठका कथाहरू र एकादेशको कथा कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूको कथानक, सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु तथा भाषाशैलीय विन्यासमा केन्द्रित भई अध्ययन गरिएको छ ।

## ५.२ निष्कर्ष

१९९६ फागुन २६ गते भक्तपुर नगरपालिका वडा नं ८ सुकलुढोका टोलमा पिता गणेशमान बिजुक्छें र माता सूर्यमाया बिजुक्छेंका ज्येष्ठ सुपुत्रका रूपमा हरिबहादुर श्रेष्ठको जन्म भएको हो । औपचारिक रूपमा बी.ए. सम्मको मात्र अध्ययन गरे तापनि स्वाअध्ययनले ज्ञानलाई विस्तारित गरेको देखिन्छ । वि.स. २०११ सालमा गौरमा आएको बाढीले पीडित भएकाहरूको उद्धारमा कम्युनिस्ट पार्टीको सक्रियता देखेर प्रभावित भएपछि उनी वि.सं २०१४ सालमा नेपाल विद्यार्थी फेडेरेशनको सदस्य भई वामपन्थी राजनीतिमा प्रत्यक्ष रूपमा संलग्न हुन पुगेका हुन् । समाज र राष्ट्रहितसम्बन्धी आफ्नो उद्देश्य अनुरूप समाजवादी समाज स्थापनार्थ संघर्ष गर्दै आजपनि उहीँ जोश र जाँगरका साथ राजनीतिमा सक्रिय छन् ।

लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, हृदयचन्द्रसिंह प्रधान, सिद्धिचरण श्रेष्ठ, ईश्वर बरालका साहित्यिक एवम् समालोचनात्मक कृतिहरूको अध्ययनबाट साहित्यमा लागपनि मूलतः मार्क्सवादी साहित्यबाट उनी बढी प्रभावित देखिन्छन् । त्यसैले मार्क्सवादी सौन्दर्य शास्त्रका प्रतिबद्धताबाट हरिबहादुर श्रेष्ठका कथाहरू रचिएका देखिन्छन् । लामो समय प्रवासी जीवन विताएका उनको जीवनयात्राका क्रममा सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक आदि परिवेशबाट उनको मानसिकता र साहित्यिक व्यक्तित्व निर्माण भएको देखिन्छ । वि.स. २०१७ सालमा 'म भियतनाम जान्छु' कथाबाट साहित्य क्षेत्रमा प्रवेश गरेका उनका हालसम्म एक वटा कविता सङ्ग्रह, दुइ वटा कथासङ्ग्रह, तीन वटा पत्र साहित्य, तीन वटा नियात्रा साहित्य, एक वटा समालोचना साहित्य , एक वटा प्रबन्ध साहित्य र थुप्रै गैरसाहित्यिक पुस्तकहरू प्रकाशित छन् । नेपाली साहित्यका विविध विधामा कलम चलाएपनि विशेषत : कथाक्षेत्रमा उनको योगदान महत्त्वपूर्ण छ । हरिबहादुर श्रेष्ठका कथाहरूमा दश वटा र एकादेशको कथा सङ्ग्रहमा २३ वटा गरी जम्मा तेहिस वटा कथाहरूको कथातत्त्वका आधारमा विश्लेषण गरी उनको कथाकारिताको अध्ययन गर्ने कार्य यस शोधपत्रमा गरिएको छ ।

साहित्य समाजको ऐना हो भन्ने मान्यताअनुरूप सामाजिक यथार्थवादी कथामा  रूचि राख्ने हरिबहादुर श्रेष्ठले आफ्ना कथाहरूमा समाजमा विद्यमान रहेको असमानता, छुवाछुत, गरिबी, भेदभाव, शोषण, अन्याय, अत्याचार, राजनैतिक विकृति, प्रवासी नेपालीले भोग्नुपरेको पीडा, भ्रष्टाचार आदि पक्षहरूलाई सरल र सुबाध्य भाषाशैलीमा देखाउन सफल भएका छन् । नेपाली ग्रामीण, सहरी तथा विदेशी परिवेशमा लेखिएका उनका कथाहरूमा भ्रष्टाचार, वर्गीय विभेद, धोकेबाज र जनहितविपरीत काम गर्ने नेताहरूको वास्तविकता, वर्गीय असमानताले गर्दा परिवारमा बेमेल हुनसक्ने स्थिति, शोषक तथा सामन्त र दरबारिया चाकरीबाजहरूले सामाजिक सम्पति हडप्ने, घुस खाई वा खुवाई योग्यता नपुगेका व्यक्तिहरूलाई विभिन्न पद, क्षेत्र र ओहोदाहरूमा अवसर दिँदा देशको भविष्य नै संकटमा परेको आदि अवस्था देखाइएको  छ ।

प्रथम पुरुषीय तथा तृतीय पुरुषीय शैलीमा प्रस्तुत गरिएको उनका कथाहरूमा सरल,सहज र सुबोध्य भाषाको प्रयोग गरिएको छ । उनका कथाहरूमा क्रियाप्रतिक्रिया वा अनुक्रियाहरूको कलात्मक विन्यासबाट कथानकको निर्माण भएको पाइँदैन । कतै पात्रहरू सिर्जना गर्ने र तिनलाई अतीतको स्मरण गराएर तिनै स्मृतिपटलमा अङ्कित हुन आउने घटनालाई वर्तमानमा पस्कने प्रक्रिया अपनाइएको छ भने कतै पत्रात्मक शैलीमा मनका गन्थन भन्ने शैली अपनाइएको छ । कुनै कथामा एउटाले प्रश्न गर्ने र अर्कोले प्रत्युत्तरमा लामो व्याख्यान दिई राजनैतिक दृष्टिकोणलाई बलात् अभिव्यक्ति दिने प्रक्रिया अपनाइएको छ । कथामा कतै संवादको प्रवाहलाई फलानाले यसो भने र फलानाले उसो भने भनी बीचबीचमा रचनालाई नाटक हुनबाट जोगाउन वाक्यांशहरू प्रयोग गरिएको छ जसले गर्दा कथाको मौलिक स्वरूपलाई अङ्गीकार गर्न सकेको देखिँदैन । विषयवस्तुमा एकरूपमा हुनु र बारम्बार राजनीतिकै प्रसङ्ग जोडिरहनुले कथामा नित्य नवीनताका आभाष हुने स्थिति पनि देखिँदैन । कथामा उठाइएका धेरै जसो विषय भावनात्मक दृष्टिले होस् या बोद्धिक दृष्टिले होस् अत्यन्त झिना मसिना खालका पनि देखिन्छन् । कथामा परिवेश विद्यान दुर्वल रहेको देखिन्छ । परिवेशका माध्यमबाट कथ्य अभिव्यक्त हुन सकेको देखिँदैन ।

हरिबहादुर श्रेष्ठको भाषा सरल, सहज र सुबोध्य छ र पात्रको स्तर अनुसारको भाषाको प्रयोग पनि छ । तर कथाको भाषामा व्यञ्जनात्मक सामर्थ्यको दृष्टिले कथाको भाषा कमजोर छ । कथामा आलङ्कारिकता तथा व्यङ्ग्य लगायतका पक्षको कमीले भाषिक रोचकता सामान्य भएकाले कथाको भाषिक शिल्प निरस र पट्यारिलो हुने स्थिति छ । साथै घटनाको संयोजन पनि कतिपय ठाउँमा असान्दर्भिक र अपत्यारिलो रहेको देखिन्छ ।

निष्कर्षमा हरिबहादुर श्रेष्ठले काठमाडौ उपत्यका, मध्यपश्चिमाञ्चल र कर्णाली क्षेत्र, तराई क्षेत्रका ग्रामीण तथा सहरी परिवेशलाई सबल रूपमा प्रस्तुत गरेका छन् । भारतका दरभङ्गा, गोरखपुर, अमलेखगञ्ज लगायत सहरी क्षेत्रका आपराधिक घटनाहरू, भारतीय सरकारको दोहोरो चरित्र तथा सुराकी र स्थानीय प्रशासकहरूको नेपालीहरूमाथि गर्ने दुर्व्यवहार, मुलुकमा विद्यमान राजनैतिक अस्थिरता, अराजकता, जनतामा देखिएको उदासीनता, पूँजीवादी व्यवस्थाले निम्त्याएका विकृति, विसङ्गतिलाई आफ्ना कथाका विषयवस्तु बनाई सामाजिक परिवतर्नको स्वरलाई गुञ्जाएका छन् । पूँजीवादी प्रजातन्त्र र समाजवादी प्रजातन्त्रबीचको मौलिक भेदलाई प्रस्ट्याएर पूँजीवादी बन्दोबस्तले जतिसुकै सिँगारपटार गरेपनि त्यसभित्र जनताले अमनचयन, शान्ति सुव्यवस्था नपाउने, समाज पतोन्मुख हुन्छ भन्ने तीतो सत्यलाई साधारण पाठकले पनि बुझ्न सकिने गरी सरल, सरस र बोधगम्य भाषामा प्रस्तुत गर्न सफल छन् । समाज परिवर्तनका लागि जनमुखी साहित्यको अपरिहार्यलाई महत्त्व दिने उनले कला, कलाका लागि मात्र नभई जीवनका लागि हुनुपर्छ भन्ने सन्देश पनि पोखेका छन् । समाज परिवर्तनका स्वर बोकेका उनका कथाहरूका आधारमा उनको कथाकारिता सफल, सबल र शिक्षाप्रद रहेको छ ।

# सन्दर्भग्रन्थ सूची


गौतम दीपक, "हरिबहादुर श्रेष्ठको कथामा यथार्थको अनावरण", (**रातो थुंगा** १३/८, २०६०) पृ. ३०-३९ ।

जोशी, डिल्लीराज, **का.रोहितको साहित्यिक व्यक्तित्व**, भक्तपुर : युवा साहित्य गोष्ठी, २०६५ ।

ढकाल हरिप्रसाद, "हरिबहादुर श्रेष्ठका कथाहरु कथासङ्ग्रह एक : दृष्टिकोण अनेक", ( **श्रमिक २०५९** ) पृ.२ ।

तिमिल्सिना हरिहर, "एकादेशको कथामा दृष्टि दिँदा",(**मजदुर** १३/५५, २०६७ ,५ चैत) पृ.२ ।

दुवाल, मोहन 'नारायणमान बिजुक्छैं= रोहित + हरिबहादुर श्रेष्ठका उच्छ्वासहरू', **समष्टि** द्वैमासिक, २४/२, २०६०) पृ.१७-२० ।

न्हेम्हाफुकी, रवीन्द्र, **हरिबहादुर श्रेष्ठका कथाहरूको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय,वि.स. २०६७ ।

प्रसाईं, नरेन्द्र, **रोहितको आकृति** ,काठमाडौं : एकता प्रकाशन, २०६९ ।

...................., **'रोहितको साहित्यिक व्यक्तित्व', समष्टि** द्वैमासिक, २२/६, २०५९, पृ.४-११ ।

बास्तोला, हरिप्रसाद, **हरिबहादुर श्रेष्ठका कथाहरुमा पात्रविधान,** भक्तपुर : नेपाल क्रान्तिकारी सांस्कृतिक संघ, २०७३ ।

भण्डारी, जगदीशचन्द्र  'नारायणमान बिजुक्छेँ अर्थात् हरिबहादुर श्रेष्ठका कथाहरूको पर्यवेक्षण', **हाम्रो सिर्जना**, मासिक, १३/८, २०६०) पृ. २५-२८ ।

लुइटेल, खगेन्द्रप्रसाद, **नेपाली उपन्यासको इतिहास,** काठमाठौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६९।

.........................., **शोधविधि**, चौसं, ललितपुर : साझा प्रकाशन, २०६६ ।

श्रेष्ठ, हरिबहादुर, **एकादेशको कथा**, भक्तपुर : वर्कर्स पब्लिकेसन, २०६७।

................, **हरिबहादुर श्रेष्ठका कथाहरू,** भक्तपुर : नेपाल मजदुर किसान पार्टी,केन्द्रीय प्रकाशन समिति, २०५९ ।

......................., **जनताको साहित्य र साहित्यकार**, ते.सं, भक्तपुर : नेपाल क्रान्तिकारी महिला सङ्घ, २०५८ ।